● वर्ष १५ ● अंक ११ ● काठमाडौं, शुक्रबार, साउन ९, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, July 24 , 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



# सुन्दरीहरूको मोह

पृष्ठ ६ मा






## • ग्यालरी •

### सामूहिक चित्रकला प्रदर्शनी

छ जना नेपाली तथा सात जना बंगलादेशी चित्रकारले तयार पारेका चित्रकलाको प्रदर्शनी आगामी सोमबार प्रारम्भ हुँदैछ। केही समयअघि सम्पन्न नेपाल रेन्डेजभोज वर्कसपका क्रममा तयार पारिएका चित्रकलाहरू यो प्रदर्शनीमा समावेश गरिँदैछ। प्रदर्शनीमा नेपालका शशिविक्रम शाह, वत्सगोपाल वैद्य, इरिना ताम्राकार, प्रमिला बज्राचार्य, सुनिता राणा तथा आशा डंगोलले तयार पारेका चित्रकला राखिनेछ भने बंगलादेशका कनक चक्मा, रेबेका सुल्तान मोली, नसरिन बेगम, फरिदा जमन, फरिहा जेबा, नैमा नाक तथा खालिद मोहम्मद मिथुका चित्रकला प्रदर्शनीमा सहभागी छन्। प्रदर्शनी उद्घाटनपछि सोमबार नै बंगलादेशी सांगीतिक समूह प्रच्यानतले लाइभ कन्सर्ट प्रस्तुत गर्नेछ।

### ए वान आर्ट मेला

ललितपुरको कुपण्डोलस्थित सुपर ए-वान ग्यालरीले भोलि शनिबारदेखि राजधानीमा चित्रकला प्रदर्शनी तथा आर्ट मेला सञ्चालन गर्दैछ। आगामी भदौ ८ गतेसम्म चल्ने आर्ट मेलामा काठमाडौं, ललितपुर तथा भक्तपुरका विद्यालयस्तरका छात्र-छात्रालाई सहभागी गराएर चित्र प्रतियोगिता सञ्चालन गरिनेछ। प्रतियोगिताका लागि विद्यार्थीहरूले नेपाली कला तथा संस्कृति झल्कने चित्रकला बनाउनुपर्नेछ। यसबाहेक नेपालको राष्ट्रिय झन्डा, नेपालको नक्सा, विभिन्न मन्दिर, दरबार स्क्वायर, नेपालको प्राकृतिक सौन्दर्य तथा राष्ट्रिय विभूतिका आकृतिहरू बनाउनुपर्ने आयोजकहरूले बताएका छन्। मेलाकै क्रममा व्यावसायिक कलाकारहरूले तयार पारेका चित्रकला तथा मूर्तिकलाको प्रदर्शनीसमेत गरिनेछ। मेलाकै क्रममा सांगीतिक कार्यक्रम, मेहन्दी उत्सव, फुड फेस्टिवल, बेंगल्स स्टल तथा राखी स्टल पनि सञ्चालन गरिनेछ।

## • रंगमञ्च •

### नाटकमा अपांग कथा

एउटा मात्र खुट्टा भएकी युवतीको नाच्ने तथा पढ्ने इच्छा परिवारबाटै कुण्ठित हुने मात्र होइन, दृष्टिविहीनलाई सार्वजनिक सवारीचालकले समेत दुर्व्यवहार गर्छन्। उनीहरूलाई सरकारले प्रदान गर्ने अपांग भत्तामा समेत विभेद गरिन्छ। यिनै समस्याहरूलाई समावेश गर्दै तयार पारिएको सडक नाटक अघिल्लो साता राजधानीमा प्रदर्शन गरियो। नयाँ संविधानमा अपांगताको समस्या पहिचान तथा हक-अधिकार सुनिश्चितताका लागि सुझाव संकलन गर्ने उद्देश्यले उक्त नाटक मञ्चन गरिएको थियो। नाटक मञ्चन भैरहेकै बेला एउटा समस्यामा पुगेर रोकिएपछि दर्शकबाट सुझाव संकलन गर्ने व्यवस्था मिलाइएको थियो। यो पद्धतिको थालनी ब्राजिलका अगस्ट गोलले गरेका थिए। सभासदहरूको समेत उपस्थितिमा नाटक मञ्चन भैरहँदा त्यहींबाट उब्जिएका प्रश्नलाई आधार बनाएर लिखित सुझाव संकलन गरिएको थियो। नाटकले अपांगलाई दया होइन, अवसर चाहिन्छ जस्ता आवाज पनि उठाएको थियो। यूएनडीपी तथा नेपालस्थित फिनल्यान्डका राजदूतको सहयोगमा नेपाल अपांग मानवअधिकार केन्द्रद्वारा आयोजित उक्त नाटक विभिन्न जिल्लाका ३५ ठाउँमा मञ्चन भैरहेको छ।

### सांगीतिक नाटक डेग

केही समयअघि बजारमा आएको मैथिली गीतिको संग्रह 'डेग' का गीतमा आधारित सांगीतिक नाटक 'डेढ' धनुषा जिल्लाका विभिन्न गाउँमा मञ्चन भैरहेको छ। रंगकर्मी रमेश रञ्जनको निर्देशनमा मञ्चन भैरहेको यो नाटकमा मदन ठाकुर, प्रियंक झा, इन्द्रेश मिश्र, अनिता मण्डल, दिलीप घिसिङ आदि कलाकारले अभिनय गरेका छन्। यो नाटक धनुषाको महेन्द्रनगर, बटेश्वर, धनुषाधाम आदि स्थानमा मञ्चन भैसकेको छ। आगामी दिनमा महोत्तरी, सिरहा तथा सप्तरीमा पनि यो नाटक मञ्चन हुने आयोजक संस्कार मिथिलाका तिलक सुनार बताउँछन्। युवाहरूमा बढ्दै गएको अन्यौललाई सांगीतिक माध्यमले चिर्दै चेतना फैलाउने अभियानको थालनी गर्न यो नाटक मञ्चन गरिएको निर्देशक रञ्जनले बताएका छन्। नाटकमा धीरेन्द्र प्रेमर्षिद्वारा संगीतबद्ध तथा मिथिलाक्षेत्रका विभिन्न गीतकारका गीत प्रस्तुत गरिएको छ।

## • पुस्तक •

### अनुभूतिका छालहरु

दूबो प्रकाशनद्वारा प्रकाशित कृष्ण प्रसाईंको कृति 'अनुभूतिका छालहरू' यात्रा-संस्मरण हो। कोरिया, चीन र जापान-यात्राका क्रममा लेखकले देखेका, भोगेका र अनुभव गरेका विवरणहरू नै यो पुस्तकको विशेषता हो। १ सय ५१ रुपैयाँ मूल्यको यो पुस्तक यात्रा विवरण पढ्न रुचाउन पाठकहरूप्रति लक्षित छ।


### मैले देखेको अमेरिका र केही अन्य देशहरु

सुस्मिता प्रकाशनद्वारा प्रकाशित भगवतीदास श्रेष्ठको कृति मैले देखेको अमेरिका र केही अन्य देशहरू नियात्रा-सँगालो हो। अमेरिका र अमेरिका जाने क्रममा छोटो समय यात्रा गरिएका जर्मनी, फ्रान्स, बेलायत, जापान आदि मुलुकको दैनिकी प्रस्तुत गरिएको यो पुस्तकको मूल्य १ सय रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

गलत विचार बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। घरेलु समस्याले सताउला। मन चिन्तित बन्नेछ। आइतबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता हात लाग्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूको विश्वास जित्न सकिनेछ।

### मिथुन

साता राम्रो छ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट सहयोग मिल्नेछ। पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता पाउनुहोला। व्यवसाय लाभप्रद रहनेछ। रमाइलो यात्रा हुनसक्छ। विवादबाट टाढै रहनुपर्ने बेला छ। खर्च गर्दा संयम अपनाउनुहोला।

### सिंह

मान-सम्मान मिल्नेछ। काममा सफलता पाउनुहोला। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। मानसम्मान एवं आफन्तहरूबाट सहयोग प्राप्त हुनेछ। विवादतिर अघि बढ्नु उचित देखिँदैन।

### तुला

धन आर्जन गर्ने अवसर जुट्नेछ। जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। मान-सम्मान पाइने योग छ। आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने देखिन्छ।

### धनु

नैराश्यता एवं उदासिनता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। कुरा काट्नेहरू सक्रिय देखिन्छन्। घरेलु समस्याले पनि सताउनेछ। गलत विचार बढ्न सक्छ। अध्ययनमा अवरोध आउनेछ। आइतबारदेखि मानसम्मान मिल्ने, काममा सफलता हात लाग्ने तथा धन आर्जन हुने योग छ।

### कुम्भ

यात्रा गर्ने अवसर प्राप्त होला। भेटघाटमा मन रमाउनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ। आइतबार, सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहने, घरेलु समस्याले सताउने एवं चिन्ता बढ्ने योग छ।

### वृष

घरेलु समस्याले सताउनुका साथै गलत विचार एवं शत्रु बढ्नेछन्। कुरा काट्नेहरू सक्रिय देखिन्छन्। मन चिन्तित रहन सक्छ। स्वास्थ्य पनि गडबड हुनेछ। झूटा आरोप लगाउने प्रयत्न होला। अपजसको भागी हुनुपर्नेछ। पराक्रमको आडमा केही सफलता प्राप्त होला। धैर्यता कायम राख्नुहोला।

### कर्कट

गलत विचार एवं विवाद बढ्नेछ। धनमाल हराउनुका साथै झूटा आरोप पनि लाग्न सक्छ। घरेलु समस्याले सताउनेछ। अरूको काम धेरै गर्नुपर्ला। जस पाउने सम्भावना कमै देखिन्छ। आइतबारदेखि पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन पनि हुनसक्छ।

### कन्या

खर्च एवं विवाद बढ्नेछ। मन चिन्तित रहन सक्छ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। आइतबारदेखि मान-सम्मानका साथै काममा सफलता मिल्ने, धन आर्जन हुने तथा मन प्रसन्न रहने योग छ। अरूको मन जित्न सकिनेछ। भाग्यले पनि साथ दिनेछ। सफलताका लागि संयमित रहनुहोला।

### वृश्चिक

काममा सफलता प्राप्त होला। धन आर्जन अवसर जुट्नेछ। आफन्तहरूको सहयोग, मान-सम्मान एवं अध्ययनमा सफलता मिल्नेछ। भाग्य बलियो छ। धार्मिक कार्यमा रुचि बढ्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। खर्च एवं विवादले सताउन सक्छ।

### मकर

स्वास्थ्य कमजोर रहला। कुरा काट्नेहरू सक्रिय देखिन्छन्। नैराश्यता एवं उदासीनता बढ्नेछ। सानो काममा पनि सफलता पाउन मुस्किल पर्नेछ। शरीरमा चोटपटक लाग्नसक्छ। मंगलबारदेखि मानसम्मानका साथै काममा सफलता मिल्ने योग छ। व्यवसाय बढ्नेछ भने यात्रा पनि हुनसक्छ।

### मीन

धन आर्जन गर्ने अवसर मिल्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पनि पाइनेछ। व्यवसायमा सफलता हात लाग्नेछ। यात्रा हुनसक्छ। अरूको मन सजिलै जित्न सकिनेछ। बुधबार र बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

## यो साताको पञ्चाङ्ग

साउन ९ गते : बराह जयन्ती, ११ गते : नागपञ्चमी, टौदह कर्कोटक नागमेला, धापाखेल नागदह मेला, १२ गते : कल्की जयन्ती, १४ गते : यल पञ्चदान ।



# कुरासँगै काम थालौं

● भिषा काफ्ले

काठमाडौं- 'कुरासँगै काम थालौं' हाम्रो नेपालमा कुरा गर्ने धेरै र कुरैमा सीमित राख्ने परम्परालाई तोड्न कुरासँगै काम पनि सुरु गर्नुपर्छ भन्ने उद्घोषका साथ देशका ७२ जिल्लाका ३ सयभन्दा बढी सामाजिक कार्यकर्ताले राष्ट्रिय युवा सम्मेलनमार्फत वाचा गरेका छन्। काम कति हुने हो त्यो त हेर्न बाँकी नै छ तर पनि आशा गरौं, यो कुरा मात्र हुनेछैन। राष्ट्रिय युवा संस्था सञ्जालका अध्यक्ष कवीन्द्र बुलाकोटी भन्छन्- 'यो सम्मेलनको आशय भनेकै हामीले कुरा धेरै गर्‍यौं अब कुरासँगै काममा पनि अघि बढ्नुपर्छ। नत्र देश अझ संकटमा पर्दै जान्छ भन्ने हो।'

सम्मेलनले देशमा बढ्दै गएको अराजकताको प्रमुख कारण बेरोजगारी समस्या रहेको हुँदा त्यसलाई सरकारले गम्भीर रूपमा लिनुपर्ने सुझाव दिएको छ। मानिस बेरोजगार भएपछि गैरकानुनी क्रियाकलापमा संलग्न हुने र पछि अराजकतामा फस्ने हुँदा अहिले देशमा देखिएको अराजक, उद्दण्ड प्रवृत्ति त्यसैको नमुना भएको अनेरास्ववियुकी केन्द्रीय अध्यक्ष रामकुमारी झाँक्री बताउँछिन्। उनी भन्छिन्- 'मानिस फुर्सदिलो भएपछि अनेक नकारात्मक कुरा सोच्न थाल्छ र त्यसले खतरनाक दुर्घटना निम्त्याउँछ।' अहिले युवाहरूलाई राजनैतिक दलहरूले बढी प्रयोग गर्नुको कारण पनि बेरोजगारी समस्या रहेको झाँक्रीको दाबी छ। यदि सबैले काम पाए भने उनीहरूलाई अरू कुरा सोच्ने फुर्सद हुँदैन। अपराध र अराजकता त्यसै नियन्त्रण भएर जान्छ। व्यावहारिक शिक्षामा जोड दिएर बेरोजगारी समस्या समाधान गर्न सकिने उनको तर्क छ।

त्यसो त अहिलेको शिक्षा व्यावहारिक नभएको कुरा आज मात्र उठेको होइन। जब विद्यार्थी नेताहरू चुनावमा भोट माग्न क्याम्पस पुग्छन् त्यसबेला अहिलेको शिक्षालाई बुर्जुवा भन्न पछि पर्दैनन् तर पनि त्यसलाई कसरी व्यावहारिक शिक्षामा परिणत गर्ने भन्ने प्रश्नमा नेपाली कांग्रेसका युवा नेता तथा सभासद गगन थापा भन्छन्- 'नेपाल कृषि प्रमुख पेसा भएको देश भएकाले कृषिमा आधारित शिक्षानीति बनाइनु उपयुक्त हुन्छ। वैज्ञानिक किसिमको कृषि शिक्षा लागू गर्नुपर्छ।'

रोजगारीको समस्या मात्र नभएर देश अहिले विखण्डनको स्थितिमा पुगिसकेको अवस्थामा युवाहरूले यसप्रति सचेत हुन आवश्यक रहेको उपप्रधानमन्त्री विजयकुमार गच्छदार बताउँछन्। तराई, पहाड, हिमाल सबै नेपाल भएकाले पहिले हामीले नेपाली पहिचानलाई स्थापित गर्नुपर्ने उनको धारणा छ। मुलुक अहिले संवेदनशील अवस्थामा रहेको हुँदा यो घडीबाट पार लगाउने शक्तिका रूपमा उनले युवाहरूलाई देखेका छन्। मन्त्री गच्छदार भन्छन्- 'युवाशक्ति यस्तो शक्ति हो जसको अगाडि प्रकृतिको परिवर्तनबाहेक सबै परिवर्तन सम्भव छ।' संसारमा सबै कुरा बदलिने तर भूगोल कहिल्यै बदलिन नसक्ने हुँदा हिमाल, तराई र पहाडमा बस्ने सबै नेपाली युवाहरूकै पहलमा मात्र नेपाललाई विश्वका विकसित देशजत्तिकै मजबुत बनाउन सकिने गच्छदार बताउँछन्। त्यसो त एक मधेस एक प्रदेशको माग गरिरहेको तराई-मधेश लोकतान्त्रिक पार्टीका युवा नेता तथा सभासद जितेन्द्र देव पनि यो कुरालाई स्वीकार गर्छन्, उनी भन्छन्- 'यो देशलाई नयाँ नेपाल बनाउन सक्ने शक्ति भनेका युवाहरू मात्र हुन्।'

नेताहरूले जति नै युवा हक-अधिकारका बारेमा कुरा गरे पनि कार्यान्वयन नगर्ने हो भने त्यो निरर्थक रहने संविधानविद् डा. भीमार्जुन आचार्य बताउँछन्। आचार्य भन्छन्- संविधान र कागजमा अधिकार कोरेर मात्र त्यसले केही दिँदैन, प्रमुख कुरा भनेको नेताको मस्तिष्कमा युवाहरू पनि नेपाली हुन् र उनीहरूलाई सही परिचालन गरेर देश अघि बढाउन सकिन्छ भन्ने कुरा घुस्नुपर्छ।

सम्मेलनले मुद्दा मात्र उठाएको छैन युवाहरूले ती मुद्दालाई कसरी समाधान गर्ने र देशले खोजेको बाटोमा कसरी अघि बढ्ने भन्ने सम्भाव्यता र बाटो पनि निर्देशन गरेका छन्। युवाहरूले अहिले राजनीतिका नाममा देखिएको अराजकता तथा दण्डहीनतालाई कम गर्ने उपायका रूपमा व्यावहारिक शिक्षालाई जोड दिई बेरोजगारी घटाउन सहयोग पुग्ने बाटो देखाएका छन् भने विश्वमा देखिएको जलवायु परिवर्तनलाई अवसरका रूपमा लिएर कार्बन व्यापारबाट देशले राम्रो आम्दानी गर्न सक्ने तर्क अघि सारेका छन्। युवाहरूको प्रजनन स्वास्थ्यको अधिकारलाई सुनिश्चित गर्न पनि सरकारसँग आग्रह गरिएको छ।

आठवटा समूहमा विभाजित भै प्रत्येक समूहले तीन-तीनवटा विषयमा समूहगत छलफल गरी अब बन्ने नयाँ नेपालको कार्यदिशालाई सहज बनाउन उक्त सम्मेलनले महत्त्वपूर्ण भूमिका खेलेको छ तर त्यसको कति कार्यान्वयन हुने हो हेर्न बाँकी नै छ।

युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा संस्था सञ्जालको आयोजनामा असार ३१ देखि साउन २ सम्म चलेको राष्ट्रिय युवा सम्मेलनमा सबैले कुरासँगै काममा लाग्ने प्रतिज्ञा गरेका थिए। करिब दुई वर्षपछि भएको सो राष्ट्रिय सम्मेलनले युवाहरूको भावी संविधानमा हक-अधिकारको ग्यारेन्टी र आगामी कार्यदिशाका बारेमा तीन दिनसम्म बहस गरी कार्ययोजना प्रस्तुत गरेको छ। उनीहरूले आफैंले गर्ने कार्ययोजना र सरकारले गर्नुपर्ने कामहरूको बाँडफाँड गरेर सरकारलाई आफ्नो प्रतिवेदन बुझाइसकेका छन्।




● सम्पादकीय ●

# हाई ! हाई ! महँगी

अर्थमन्त्री सुरेन्द्र पाण्डेले पद ग्रहण गरेकै दिन काठमाडौँ उपत्यकालगायत मुलुकका प्रमुख बजारमा दालको औसत मूल्य ९५ रुपैयाँ थियो, यो साता दालको औसत मूल्य १ सय ३५ रुपैयाँ पुगेको छ। दाल उदाहरण मात्र हो, बजारमा सबै उपभोग्य वस्तुको मूल्य यसरी नै बढेको छ। यस अवधिमा मन्त्री पाण्डेले बढ्दो महँगीलाई नियन्त्रणमा ल्याउने र जनतालाई राहत दिने वाचाका साथ मुलुकको बजेटसमेत प्रस्तुत गरे। बजेटको आकार, अवधारणा, खर्च–आम्दानी जे–जस्तो भए पनि त्यसलाई बुझ्न र विश्लेषण गर्न अर्थवेत्ता वा राजनैतिककर्मी नै हुनुपर्छ। त्यसमा मुलुकको अर्थतन्त्रलाई जे–जसरी व्याख्या गरिए पनि आमजनताले सरकारको मूल्यांकन गर्ने भनेको बजार मूल्य, गुणस्तर र वस्तुको उपलब्धताका आधारमा नै हो। यो पाटोलाई केलाउने हो भने सरकार जनताको दैनिक जीवनमा प्रत्यक्ष राहत पुऱ्याउन असफल देखिएको छ। बजेटमार्फत छरिएका कनिकाहरू र सामाजिक क्षेत्रको विकासको भाषणका भरमा महँगी नियन्त्रण हुन सक्दैन भन्ने कुरा विद्वान् अर्थमन्त्रीलाई अवगत हुनुपर्ने हो।

अझ रमाइलो कुरा त के छ भने बजारमा मूल्यवृद्धि वायुवेगले बढिरहेका बेला नेपाल राष्ट्र बैंकले मुद्रास्फीति (महँगीको वृद्धिदर) १३ दशमलव ८ प्रतिशतको हाराहारीमा रहेको तथ्यांक सार्वजनिक गरेको छ। राष्ट्र बैंकका विद्वान् अर्थशास्त्रीहरू नेपाली बजारमा सामान किन्छन् कि किन्दैनन् ? उनीहरू दैनिक उपभोगका दाल–चामललगायत मरमसला र तरकारीहरू किन्छन् कि किन्दैनन् ? किन्छन् भने उनीहरूले बुझ्नुपर्ने हो, असार महिनाको प्रारम्भमा दैनिक उपभोग्य वस्तु जुन मूल्यमा उपलब्ध थियो त्यही वस्तु साउन महिनाको प्रारम्भमा किन्दा डेढ गुणा पैसा तिर्नुपर्ने अवस्थाको नेपाली बजारको मुद्रास्फीति दर १३ दशमलव ८ प्रतिशत मात्र हुन्छ ? जबसम्म मुद्रास्फीतिको मूल्यांकन गर्ने राष्ट्र बैंकका अर्थशास्त्रीहरू, महँगी नियन्त्रण गर्न बसेका अर्थमन्त्रालय, आपूर्ति मन्त्रालयलगायतका सरकारी कर्मचारीहरूले यो प्रश्नको जवाफ दिन सक्दैनन्, तबसम्म उनीहरूको योग्यता र निष्ठामा जनताले प्रश्नचिह्न लगाइरहनेछन्।

सरकारले प्रत्यक्ष हस्तक्षेप नगरेसम्म बजार नियन्त्रण हुँदैन भन्ने कुराको उदाहरण छिमेकी भारतको बजार मूल्यले पनि देखाउँछ। ६ महिनाअघि १८ प्रतिशतसम्म पुगेको भारतको मुद्रास्फीतिदर त्यहाँको सरकारले बजारमा हस्तक्षेप गरेपछि अहिले २ प्रतिशतको हाराहारीमा झरेको छ। हरेक कुरामा भारतको सिको गर्ने नेपालका नीति–निर्माताहरूले महँगीका सन्दर्भमा किन भारतको अनुसरण गर्दैनन् ? कतै सरकारमा रहेका वा नहरेका राजनैतिक दलहरू सिन्डीकेट व्यापारमा रमाउने नेपाली व्यापारीहरूको मायाजालमा त परेका छैनन् ?

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

## शिक्षाको उज्यालो



नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक प्रदान गरेको छ भने प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षाको प्रत्याभूतिसमेत दिएको छ। कुनै पनि राष्ट्रको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक विकासमा शिक्षाले महत्त्वपूर्ण एवं निर्णायक भूमिका खेलेको हुन्छ। आज जति पनि राष्ट्र विकसित र सम्पन्नशाली भएका छन्, त्यसको कारण उनीहरूले प्राप्त गरेको शैक्षिक सफलता नै हो, तर एक्काइसौँ शताब्दीसम्म आइसक्दा पनि नेपालजस्ता विकासोन्मुख राष्ट्रका धेरै बालबालिका शिक्षाको उज्यालो घामबाट वञ्चित छन्।

अन्धविश्वास, कुरीति, कुसंस्कारजस्ता कुराले हालसम्म पनि नेपाली समाजमा स्थान पाइरहेको देखिन्छ। अहिले पनि बोक्सीको आरोपमा कैयन् महिलाहरूले मानिसकै मलमूत्र खानुपरिरहेको मात्र होइन कि ज्यानैसमेत गुमाउनुपरेका घटना दिनानुदिन दोहोरिरहेका छन्। यी सब घटनाका पछाडि धेरै कारण हुन सक्छन्, तर सबैभन्दा महत्त्वपूर्ण कुरा शिक्षाको अभाव नै हो। त्यसैले समाज र राष्ट्रलाई यस्ता कुराबाट अलग्याउन देशका सबै जनतामा चेतनाको दियो जगाउनुपर्छ। जसका लागि जनतालाई शिक्षित तुल्याउनु नै एक मात्र विकल्प हो। त्यसैले हाल विद्यमान शैक्षिक अपूर्णताको वातावरणलाई माथि उठाउँदै देशबाट गरिबी एवं अशिक्षा हटाउन सबैका लागि शिक्षा कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी रूपमा अघि बढाउनुपर्ने देखिन्छ।

आफैँ पनि अशिक्षित रहेका अभिभावकहरू आफ्ना सन्ततिलाई काममा पठाउँदा पाइने पैसाको मोहका कारण उनीहरूलाई विद्यालय पठाउन चाहँदैनन्। अझ पिछडिएको समुदायमा बालबालिकाहरूको विद्यालय जाने संख्या अत्यन्त न्यून छ। यस्ता वर्गका अभिभावकहरू छोराछोरीलाई विद्यालय पठाउनुभन्दा काममा लगाउनु वा काम सिकाउनु राम्रो मान्छन्। त्यसैगरी नेपालमा विशेष शिक्षा दिनुपर्ने २० लाखभन्दा बढी भए पनि यीमध्ये धेरै कमले मात्र शिक्षाको अवसर पाएको अवस्था छ। नेपालमा साक्षरता दर कम हुनुमा शिक्षणमा माध्यम भाषाको समस्या पनि देखिएको छ। आधारभूत शिक्षा मातृभाषामा दिन पाइने व्यवस्था भए पनि पाठ्यक्रम, पाठ्यपुस्तकको अभावमा सही कार्यान्वयन हुन सकेको छैन। जबकि छिमेकी राष्ट्र चीन मातृभाषाको माध्यमबाट आफ्ना जनतालाई शिक्षा प्रदान गरेर विश्वकै एक शक्तिशाली र छिटो विकास गर्ने राष्ट्रका रूपमा अगाडि आएको कुरा बुझ्ने र त्यसलाई लागु गर्ने सद्बुद्धि हामीमा अझै आउन सकेको छैन।

कुरीति एवं अन्धविश्वासबाट बचाउन मात्र होइन कि देशलाई विकास–निर्माणको बाटोमा अघि बढाउन समेत राष्ट्रले सही, सर्वसुलभ, व्यावहारिक एवं वैज्ञानिक शिक्षानीति तर्जुमा गर्नुपर्छ। यसो भए मात्र देशका सम्पूर्ण जनता शिक्षित हुन्छन् र देशले कोल्टो फेर्न सक्छ। त्यसैले देशलाई शैक्षिक अपूर्णताको वर्तमान स्थितिबाट पार लगाउन र नेपाललाई विकसित एवं समृद्धशाली बनाउन सबै जनतालाई शिक्षित बनाउनु नै समयको माग हो। त्यसैले कम महत्त्वपूर्ण विषयमा अल्मलिएर राज्यको समय खेर फाल्नुभन्दा शिक्षाजस्तो दूरगामी असर पार्ने विषयमा हाम्रा नीति–निर्माताहरूले बढी समय खर्चिऊन्।

**–विश्वमणि अधिकारी**

● चिठीपत्र ●

## मुक्त हुन सक्छौँ कि ?

विगतमा गणतन्त्र र अग्रगमनका निम्ति गरिएका संघर्षहरूमा नेपाल आमाका सोझा–साझा निमुखा छोराहरूले रगतको खोलो बगाए। लोकतान्त्रिक गणतन्त्रका निमित्त कैयौँ हाँसी–हाँसी मरे त कतिलाई बेपत्ता पारियो वा वीभत्सतापूर्वक हत्या गरियो।

आज हामी हर्षविभोर भएका छौँ। विभिन्न ध्रुवको मिलनसँगै विभिन्नताका बावजुद राष्ट्रियताको वेग देखिएको छ, अनि दिगो सहमतिको सम्भावना पनि छ। यसले घिस्रिएर भए पनि सगरमाथाको शिखर चुम्ने संकेत देखिएको छ। अब समयले नै बताउला, हाम्रो भविष्य कस्तो होला ? अग्रगमनका निम्ति माओवादी सत्तामा पुग्नु नै गौरवको कुरा हो। तरबार फ्याँकेर विचार र चिन्तनको बाटोमा आउनु पनि महान् त्याग हो। शान्तिका खातिर यो अविस्मरणीय योगदान पनि हो।

नयाँ सरकारको गठनसँगै देशमा शान्ति छाओस्। मुलुकमा आशाका किरणसँगै संघीय लोकतान्त्रिक गणतन्त्रले नेपालको नयाँ रूप बदल्न सकोस्। अब तमाम पीडित एवं निमुखा जनता चुहेको झुपडी, चिसो चुलो, भत्किएको बाटो अनि अन्धकार रातबाट छिटै मुक्त हुन सक्छौँ कि ?

**–वासुदेव देवकोटा, गोरखा**

● तीतो सत्य ●

-म यो देश र जनताका लागि लड्नेछु, यो एउटा किम्वदन्ति मात्र हो।

**सुधांशु दाहाल, चितवन**

-सफलता कार्यक्षमता एवं कार्यदक्षतामा निहित हुन्छ।

-अरूको गल्तीबाट पाठ सिक, तिमीसँग ती गल्ती गर्ने समय नहुन सक्छ।

-धेरै मानिस आफ्नो श्रम र शक्ति समस्या समाधान गर्नेतर्फ भन्दा पनि ती समस्याका वरिपरि अलमलिन्छन्।

-किताबबाटै आमूल परिवर्तन सम्भव छ भन्ने कुरा सबैलाई चेतना हुनु आवश्यक छ।

-किताबी ज्ञानलाई व्यवहारमा उतार्नु सफल मानिसको गुण हो।

**नारायण कुँवर, गुल्मी**

-संघर्षबाट नै सफलताको शिखर चुम्न सकिन्छ।

-दोस्रो सफल प्रेमभन्दा पहिलो असफल प्रेम नै अविस्मरणीय हुन्छ।

-माया दिने र लिनेभन्दा पनि दुई आत्माबाट गरिने भावनात्मक अभिव्यक्ति हो।

-त्यो व्यक्ति सफल हुन्छ जो निडर र परिश्रमी छ।

**दीपक गोतामे , स्याङ्जा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*



● सहर चर्चा ●

## प्रशंसनीय प्रारम्भ

राजभाइ सुवाल, नाम कहलिएका फोटोग्राफर हुन्। कुनै बेला ग्ल्यामर फोटोग्राफरका रूपमा स्थापित सुवाल अचेल कमर्सियल फोटोग्राफरका रूपमा चिनिन्छन्। फोटोग्राफी आरम्भ गरेको २५ वर्ष पुगेको अवसरमा उनले मुलुकका सबै फोटोग्राफरका लागि एउटा प्रशंसनीय प्रारम्भ गरेका छन्। चित्रकला तथा फोटोग्राफी प्रदर्शनका लागि राजधानीमा दर्जनौँ ग्यालरी छन्। फोटोग्राफी प्रदर्शनीका लागि मात्र भने एउटा पनि ग्यालरी छैन, जसको शुभारम्भ सुवालले गरेका छन्। सुवालको योजना आगामी एक वर्षभित्रमा काठमाडौँ उपत्यकामा दसवटा फोटो ग्यालरी सञ्चालनमा ल्याउने छ र सबैको नाम एउटै रहनेछ– १८२७ ग्यालरी। सन् १८२७ मा संसारकै पहिलो तस्विर जोसेफ निप्सेले खिचेका थिए। त्यही इस्वी संवत्लाई उनले आफ्नो ग्यालरीको नाम दिएका छन्। सुवालको योजनामुताबिक काठमाडौँको न्युरोड गेट र मैतीदेवीमा एक–एकवटा ग्यालरी खुलिसकेका छन्। राजभाइ भन्दै थिए– 'हाम्रो ग्यालरी वर्षको ३ सय ६५ दिन नै खुला रहनेछ। यहाँ आफ्ना तस्विर प्रदर्शन गर्न सबै फोटोग्राफरलाई निम्तो छ।'

# निक्कीको दौड



केही गीतको म्युजिक भिडियोमा मोडलिङ गरेपछि निक्की मल्लको दौड सुरु भएको हो। उनलाई सानैदेखि मोडलिङ र फेसनको क्षेत्र औधी मन पर्थ्यो। १९ वर्षीया निक्की भन्छिन्– 'मोफसलमा बसेर मोडलिङलाई नै करियर बनाउन मुस्किल हुँदो रहेछ।'

उनले मोडलिङलाई नै करियर बनाउने उद्देश्य लिएकी छिन्। क्षमता भए यो क्षेत्रमा सजिलै स्थापित हुन सकिने उनको मान्यता छ। घरपरिवारबाट समेत उनलाई कुनै रोकतोक छैन। उनले मोडलिङ यात्रा थालेको पनि एक वर्ष पुगेको छ।

फुर्सद पाउनेबित्तिकै साथीहरूसँग रमाइला

● मोडल वाच ●

ठाउँहरू घुम्न मन पराउने निक्कीलाई एकान्त मनपर्छ। उनलाई अगाडि ठिक्क पार्ने र पछाडि रिस गर्ने व्यक्ति बिल्कुलै मन पर्दैनन्। सबैसँग मिलसार व्यवहार गर्ने मीतव्ययी मानिसहरूलाई मनपराउने हँसिलो स्वभावकी निक्की चाहिएको कुरा मात्र बोल्छिन्। त्यही भएर धेरैले उनलाई कम बोल्ने भन्छन्।

छिनेडाँडा, कास्की घर भएकी निक्कीलाई जीवनमा केही नयाँ काम गर्नुपर्छ भन्ने लाग्छ। त्यही भएर उनी आफ्नो जीवन कसरी सफल पार्ने भनेर सोचमग्न हुन्छिन्। हाले मात्र उनले फोटोग्राफर सुरज श्रेष्ठ र राम गुरुङसँग फोटोसेसन गराएकी हुन्। उनका आकर्षक तस्विर ठिकठाक डटकममा हेर्न सकिन्छ।

● मुखाले ●

हामीबिना संविधान बनाउन सक्ने अवस्था छैन।

**गिरिराजमणी पोखरेल**

पार्टीअध्यक्ष र प्रधानमन्त्री होइन, राष्ट्रपति बन्न चाहन्छु।

**मोहम्मद रिजवान अन्सारी**

अरू मानिस एकपटक मर्छ, दलित पटक–पटक मर्छ।

**रामप्रित पासवान**

देशलाई संकटको घडीबाट मुक्त गराउने जिम्मेवारी युवाहरूकै हो।

**राष्ट्रपति डा. रामवरण यादव**

नेतृत्व हस्तान्तरण गर्न आतुर छु।

**गिरिजाप्रसाद कोइराला**

माओवादी बन्दुकको सर्वोच्चता चाहन्छ।

**केपी शर्मा ओली**

शासकीय स्वरूपमा पहिल्यै सहमति हुनुपर्थ्यो।

**डा.प्रकाशचन्द्र लोहनी**

चाँडै नै कोइरालाले सरकार ढालेको समाचार लेख्न पाउनुहुनेछ।

**उपेन्द्र यादव**

सरकार परिवर्तनैपिच्छे समिति हेरफेर गर्न मिल्दैन। यस्तो गरियो भने शान्ति–प्रक्रिया नै धरापमा पर्छ।

**वर्षमान पुन**

म सुटुक्क पोइल जान सक्छु।

**कोमल वली**

विडम्वना ! राजनीतिज्ञहरूले लोकतन्त्रको अर्थ बुझेकै छैनन्।

**श्वेता खड्का, नव नायिका**

# आफ्नो देशको पैसा विदेश जान दिनुहुन्न



सिर्जना राणा, निर्देशक, अन्नपूर्ण होटल

नेपालका सबैजसो पाँचतारे होटल विश्वका चर्चित स्टार होटलसँगको सम्बन्धनमा छन्। पर्यटक भित्र्याउन तथा क्वालिटी सर्भिस दिन वार्षिक लाखौं रुपैयाँ विदेशी होटललाई बुझाएर सम्बन्धन लिनु बाध्यता भएको उनीहरूको जिकिर छ। यद्यपि दरबारमार्गस्थित अन्नपूर्ण होटलले यस्तो सम्बन्धन नलिई पाँचतारे स्ट्यान्डर्ड दिन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ। यो सोचलाई व्यावहारिक रूप दिने व्यक्ति हुन्, सिर्जना राणा। अन्नपूर्ण होटलकी निर्देशक राणा महिला स्वावलम्बन उद्यमी मञ्चकी उपाध्यक्ष हुन्। ललितकला सिर्जनामा रुचि भएकी राणाले कला र व्यापारलाई सँगै लिएर हिँड्न सकिन्छ भन्ने उदाहरण प्रस्तुतसमेत गरेकी छन्।

**विदेशी होटलसँग सम्बन्धन नलिँदा होटलमा पर्यटक नआउलान् भन्ने डर लागेन ?**

सात वर्षअघि जुन बेला विश्वप्रशिद्ध ताज होटलसँग सम्बन्धन तोडियो, त्यसबेला केही डर लागेको थियो। बिस्तारै त्यो डर कम हुँदै गयो। नेपाल पर्यटकीय मुलुक हो। पर्यटकहरू नेपालको सांग्रिला छविका कारण यहाँ आउँछन्, न कि कुनै होटलको ब्रान्चमा बस्न। अरूको नाम प्रयोग गर्दा वार्षिक लाखौं रुपैयाँ बुझाउनुपर्ने बाध्यताको अन्त्य हुनुपर्छ भन्ने हाम्रो सोच थियो। त्यसमा हामीले सफलता प्राप्त गर्‍यौं।

**पर्यटकलाई सेवा विश्वस्तरको छ भनेर कसरी विश्वास दिलाउनुभयो ?**

विशेष गरी नेपाली ट्राभल एजेन्सीहरूले हामीलाई सहयोग गरे। यो क्षेत्रमा काम गर्नेहरूको सोच मिल्यो। एकपटक सेवा लिएपछि सबैजसो पर्यटकले हाम्रो सेवाको प्रशंसा गरेका छन्।

**चर्चित होटलसँग नजोडिनुका बेफाइदा के-के रहेछन् ?**

संसारभरि पाँचतारे होटलको स्टान्डर्ड एउटै हुन्छ। यो बेला-बेलामा परिवर्तन हुन्छ। कहिलेकाहीँ अरू होटलले आफ्नो शैली परिवर्तन गरिसक्दा हामीलाई थाहा हुँदैन। कतिपय अवस्थामा कर्मचारीलाई उपयुक्त तालिमको अभाव महसुस हुन्छ। सम्बन्धन भएको अवस्थामा तालिम तथा नयाँ ज्ञान विश्वभरि एकैपटक देखा पर्छ।

**म एक्लै कमाउँछु अरूलाई दिन्न भन्ने सोच अलि एकलकाँटे भएन र ?**

अन्नपूर्ण होटलले ४ सय ५ जनालाई रोजगारी दिएको छ। पोखराको फिस्टेल लजमा १ सय २९ जना काम गर्छन्। यदि एक जनाको परिवारमा ५ जना मात्र सदस्यको गणना गर्ने हो भने पनि २ हजार जनाको सबै समस्या टरेको छ। कैयौं ट्राभल एजेन्सी चलेका छन्। त्यसैले एक्लै कमाउने कुरा छैन। हाम्रो सोच यति मात्र हो कि विदेशी पर्यटकबाट आएको पैसा अर्को कुनै निहुँमा फेरि विदेश नजाओस्।

**विदेशी होटललाई म्यानेजमेन्टको जिम्मा दिएर बसी–बसी खाने बाटो हुँदाहुँदै किन दुःख गर्नुभएको ?**

अनुभव, क्षमता, पुँजी अनि नेपालजस्तो सुन्दर देशको नागरिक हुँदाहुँदै किन चुप लागेर बस्नु ? काम गर्दा अनुभव बढ्छ, आम्दानी बढ्छ, सम्बन्ध बढ्छ। चुप लागेर बस्नुपर्ने कारण नै छैन। फेरि महिलाले घर-परिवार मात्र चलाउन सक्छन्, बिजनेस गर्न सक्दैनन् भन्ने मान्यता पनि तोडिएको छ, त्यो राम्रो कुरा होइन र ?

**होटल चलाउनु आफैंमा चुनौतीपूर्ण कार्य हो, कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

हामी सबैले क्षमताअनुसारको जिम्मेवारी लिएका छौं। श्रीमान् कपिलशमशेरले मार्केटिङ तथा फाइनान्सको जिम्मा लिनुभएको छ। म आन्तरिक व्यवस्थापन हेर्छु। हामीसँग क्षमतावान् कर्मचारी छन्, ती सबैलाई क्षमताअनुसार जिम्मेवारी दिइएको छ। त्यसैले व्यवस्थापन गर्न गाह्रो छैन। मैले १८ वर्षको उमेरदेखि लगातार आठ वर्ष भारतको चर्चित होटल ग्रुप वेलकमसँग काम गर्ने अवसर पाएकी थिएँ। त्यो अनुभव आफ्नो होटलमा काम लागेको छ।

**तपाईंका समकालीन साथीहरू अध्ययन र मनोरञ्जनमा व्यस्त हुँदा तपाईं वेलकम ग्रुपसँग काम गर्नुहुन्थ्यो, किशोर उमेर तथा आर्थिक अवस्था सुदृढ भएको अवस्थामा किन काम गर्नुपर्‍यो ?**

मेरी आमा केन्द्रराज्यलक्ष्मी २१ वर्षको उमेरमा विधवा हुनुभयो। म र मेरो भाइलाई हुर्काउन उहाँले जुन किसिमको संघर्ष गर्नुभयो, त्यसले ममा मनोरञ्जन एवं अध्ययनभन्दा कामलाई महत्व दिनुपर्छ भन्ने मान्यता विकास भयो। पकेट मनीका लागि उहाँसँग हात फैलाउन मन लागेन। आमाको संघर्षशील जीवनको छाप परेको हुनसक्छ।

**देशमा ठूलो राजनैतिक परिवर्तन भएको छ, पूर्व राजपरिवार सदस्यका नाताले के सोच्नुहुन्छ ?**

पृष्ठ २३ मा जारी

**अर्जेन्ट आवश्यकता**
NGO बाट विगत ५ वर्षदेखि संचालित संस्थालाई कर्मचारीहरुको आवश्यकता। (फुलटाइम, पार्टटाइम जबको ब्यबस्था), तलब-९५०० ग्यारेन्टी
योग्यता: साधरण लेखपढ, Test, SLC, +2, + Computer जानेका
सम्पर्क:
२०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल
नेपाल आर्ट ओसियन
शनिबारपनि अफिस खुल्ला हुनेछ।






# सुन्दरीहरूको मोह

● जितेन्द्र साह

काठमाडौं- हत्यासँगै कीर्तेको समेत अभियोग खेप्दै प्रहरी थुनामा रहेका ३९ वर्षीय राजेन्द्र (राजु) गोर्खालीको पछि लाग्ने सुन्दरीहरू थुप्रै भएको उल्लेख गर्दा धेरैलाई पत्यार नलाग्ला, तर महानगरीय प्रहरी परिसर काठमाडौंमा शोध गर्नेलगायतका विभिन्न बहानामा आउने नवयौवनाहरूले त्यहाँका प्रहरीलाई गोर्खालीका बारेमा एकपटक त अवश्य सोध्छन्। महँगा र आकर्षक स्कुटर एवं आधुनिक पहिरनमा आउनेहरूले आफूलाई गोर्खालीको 'फ्यान' भन्दै भेटाइदिन आग्रह गर्छन्।

उनीहरूले प्रहरीसँग गोर्खालीको अटोग्राफ लिइदिन पनि आग्रह गर्छन्। 'अनेक बहानामा कार्यालयभित्र छिर्छन्, प्रेमिकाले प्रेमीको चासो राखेझैं उनीहरू गोर्खालीका बारेमा सोधखोज गर्छन्,' ड्युटीमा रहेका एक प्रहरीले भने। यतिका चासो त उनका आफन्तले पनि राखेका छैनन्।

प्रहरीका अनुसार कति त गुलाफको फूल, प्रेम र सेक्सलाई अभिव्यक्त गर्ने कार्डहरूसमेत लिएर आउँछन्। गम्भीर प्रकृतिको अपराधका अभियुक्त भएकाले विनाउद्देश्य भेटाउन नमिल्ने भएकाले कार्यालय प्रमुखको आदेश लिएर आऊ भनेपछि उनीहरू फर्केर जान्छन्।

अदालतलाई समेत छलेर साधारण तारेखमा रिहा भएका गोर्खालीप्रति आधुनिक युवतीहरूको आकर्षण देखेर प्रहरीहरूसमेत छक्क परेका छन्। यी स्मार्ट युवतीहरूले चर्चामा आउन जे पनि गर्न सक्ने हुनाले प्रहरीले उनीहरूलाई गोर्खालीसँग भेट्न नदिएको हो।

गोर्खालीलाई म्याद थप गर्न सरकारी वकिलको कार्यालय लाने र ल्याउने बेलामा समेत प्रहरी कार्यालयको वरिपरि यस्ता सुन्दरीहरूको चलखेल देख्न सकिन्छ। वरिपरि किन भीड गरेको भन्दा उनीहरूको सीधा जवाफ हुन्छ, 'गोर्खालीलाई हेर्न आएको।'

प्रहरीहरूका अनुसार सोझा र सरल युवाभन्दा यस्तै नचाहिँदा गतिविधि गरेर चर्चामा आउनेहरूप्रति आधुनिक पिँढीको झुकावकै कारण समाजमा गलत प्रवृत्तिले बढावा पाएको छ। 'बाटो र सपिंग सेन्टरहरूतिर सर्वसाधारणलाई धकेल्दै हिंड्ने र हेपेर बोल्ने यी युवतीहरूले प्रहरीको कालो सूचीमा पर्नेहरूलाई मन पराउने कारण के हो ?' अनुसन्धान अधिकृतहरू भन्छन्, 'बल, रकम र पहुँचको प्रभाव, उनीहरूको नाम आफूसँग जोडेर सस्तो लोकप्रियता बटुल्ने र धमास दिँदै हिंड्ने।'

कतिपय युवती त चर्चित अपराधीसँग परिचय गराइदिन आग्रह गर्दै आइपुग्ने गरेको एक प्रहरीले बताए। उनीहरू सबैको चाहना यस्ता प्रवृतिका व्यक्तिसँग सामीप्यता देखाएर समाजका सर्वसाधारणलाई हेपेर-तर्साएर आफूले गरिरहेको गलत कामका सम्बन्धमा अरूले नबोलुन् भन्ने भएको प्रहरीहरूको निर्क्यौल छ।

विभिन्न आपराधिक समूहका नाइकेप्रति युवतीहरूले मरिहत्ते गर्नु नौलो कुरा होइन। उनीहरूको निकट रहेर काम गर्नेहरूका अनुसार बल, पहुँच र त्रासको भरमा लाखौं रुपैयाँ कुम्ल्याउने यी दादा, नाइके वा डनलाई आफ्नो केटा साथी बनाएर चमक-दमकको जीवन बिताउन कतिपय सुन्दरी लालायित देखिन्छन्।

केही लगानी गरेर म्युजिक भिडियो, धारावाहिक वा चलचित्रमा अभिनेत्री एवं मोडल बनाइदिने आशामा तन-मन अर्पण गर्ने सुन्दरीहरूको कमी छैन। केहिले त आत्मरक्षा र निर्माता-निर्देशकसँग डुबेको रकम असुल्नसमेत गुन्डाहरूसँग प्रेम जाल रच्छन्।

जानकारहरू यस्तै सहयोगमा अभिनेत्री र मोडल बन्न सफल भएका युवतीहरूको फेहरिस्त नै देखाउँछन्।

उनीहरूका अनुसार यस्तै स्वार्थका कारण घरमा श्रीमती र छोराछोरी भए पनि संरक्षणका लागि यी डनहरूको रखौटी बस्न उनीहरू तयार हुन्छन्। थुना, कारागार, बार र डिस्कोमा समेत उनीहरूको खोजी गर्दै पुग्छन्।

ज्यान मार्ने उद्योगमा पक्राउ परेका महाराजगन्जका मिलन गुरुङ चक्रे र मुद्दाको पुपर्क्षका क्रममा उपत्यकाका विभिन्न कारागारमा रहेका दीपक मनांगे, काभ्रेली समूहका युवा गणेश लामा, शुक्रराज तामाङ शुक्रे र कुमार श्रेष्ठ घैंटेलाई भेट्न आउने सुन्दरीहरूको पनि कमी छैन। कुनै पनि किसिमले खुसी पारे महंगा कार, मोबाइल र फ्ल्याट उपहारमा पाइने लोभमा उनीहरू जे पनि गर्न तयार हुन्छन्।

'यिनीहरूको डनहरूप्रति यति बढी मोह हुन्छ कि भेट्नुअगावै प्रेम र केही भेटमा डेटिङ र सेक्स त सामान्य हो,' ठमेलमा एक गुन्डा समूहका सदस्यले भने, 'डनहरूले नभए यी सुन्दरीहरूले नै नाम र फाइदाका लागि सम्बन्ध बनाउन मरिहत्ते गर्छन्, व्यस्त छु भन्दा पनि मान्दैनन्।' उनीहरूको एक बोलाहटमा खोर र कारागारभित्रै आएर हेड र बडी मसाज गर्नेहरू पनि कम छैनन्। बालुवा, निर्माण सामग्री र ठूला-ठूला सरकारी ठेक्का पट्टा लिएर करोडौं रूपैयाँसँग खेल्ने यी डनहरूको गोप्य रखौटी भएर बस्ने सुन्दरीहरूको सूची लामै भएको जानकारहरू बताउँछन्।

ज्यानको बाजी लगाएर लाखौं रुपैयाँसँग खेल्ने आपराधिक समूहका नाइके र सुन्दरीहरूबीचको सम्बन्ध छिमेकी मुलुक भारतमा समेत सामान्य मानिन्छ। पछिल्लो क्रममा हाल हिरासतमा रहेका भारतका अन्डरवर्ल्ड डन अब्बु सलेम र मोनिका बेदीको प्रसंगलाई लिन सकिन्छ। सलेमले निर्माता निर्देशकहरूलाई धम्की दिएर केहीलाई चलचित्र नायिका मात्र बनाएनन्, दुई वर्षजति आफैंसँग राखेर विवाहसमेत गरे। त्यसैगरी छोटा राजनसँग नजिक मानिएकी भारतीय अभिनेत्री मन्दाकिनीको कथा पनि त्यस्तै छ। उनी अहिले कहाँ र कुन स्थितिमा छिन् कसैलाई थाहा छैन।

भारतीय चलचित्र उद्योगलाई आफ्नो औंलामा नचाउने यी अन्डरवर्ल्ड डनहरूको इसारामा नचल्ने र उनीहरूका दुबई एवं कराँची दरबारमा हाजिर नदिने अभिनेत्री कमै छन्। भारतका ठूला बजेटका थुप्रै चलचित्र र धारावाहिकहरूमा यिनै डनको ब्ल्याक मनि (कालो धन) लगानी हुन्छ। उनीहरूकै चाहनाबमोजिम चलचित्रमा अभिनेत्री र मोडलहरू राखिने हुनाले यस्ता सम्बन्धमा प्रेमभन्दा स्वार्थ बढी लुकेको पाइन्छ।

महानगरीय प्रहरी काठमाडौंका प्रमुख एसपी नवराज सिलवालका अनुसार शक्ति, पहुँच र ठूलो धनराशिसँग खेल्ने चाहनामा यस्ता अपराधीप्रति झुकाव देखिन्छ। उनले भने, 'यस्ता सम्बन्ध दीर्घकालीन हुँदैनन्, पछि यस्ता सम्बन्धबाट निराशा, ग्लानि, बदनामी र पछुतो मात्र हुन्छ।' एसपी सिलवाल भन्छन्- 'अनुशासन, मेहनत र क्षमताको भरमा लक्ष्य प्राप्त गर्ने चाहना राख्नुपर्छ। सुन्दरीहरूले बुझ्नुपर्छ पजेरो, बुलेरो र प्राडोमा चढे पनि गुन्डाहरू महान् व्यक्ति हुन सक्दैनन, सामान्य जीवन बिताउनेहरू नै असल नागरिक र सबैको प्रेरणाका पात्र हुन्छन्।'

# १९ वर्षकी युवतीको तौल १ सय २१ किलोग्राम

● सुरेन्द्र सुवेदी



संखुवासभा- यी युवती भर्खर १९ वर्ष पुग्दैछिन्। संखुवासभा बाला गाविस २ को सिसुवाटारकी कल्पना राईको तौल १ सय २१ किलोग्राम छ र तौल बढ्ने क्रम जारी छ।

सदरमुकाम खाँदबारीबाट दुई दिनको पैदलयात्रामा पुगिने विकट बालाकी कल्पना विजयकुमार र नैनकुमारीकी दोस्रो सन्तान हुन्। यी युवतीको हालसम्म मासिक श्राव भएको छैन। संखुवासभा स्वास्थ्य कार्यालयका सिनियर अहेव दिलीपकुमार श्रेष्ठका अनुसार उनको मासिक श्राव नहुनुमा मोटोपन कारक हुनसक्छ। तौलकै कारण श्राव भए-नभएको परीक्षण गर्नुपर्ने चिकित्सक अजित थापा बताउँछन्।


परिवारका अन्य सन्तानमध्ये उनको तौल अचानक बढेपछि परीक्षणका लागि अस्पताल ल्याउँदा सामान्य भनिएपछि बाबुआमा निर्धक्क बसेको तर विगतमा तौल रोक्न गरेका प्रयास सार्थक नभएको उनले बताइन्। बढी तौलका कारण उनलाई बेला-बेलामा टाउको दुख्ने गरेको छ। राई साताको दुई दिन टाउको दुखेर सुत्ने गरेको बताउँछिन्।

कष्मेटिक सर्जरी
- शरीरमा भएका दाग, कोठी, मुसा, टयाटु, अप्रेसन पछिका दागहरू हटाउन
- शरीरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
प्लाष्टिक सर्जरी क्लीनिक
सम्पर्क मानभवन, ललितपुर
०१६९१०५३२, ९८०३८८३५७७

Learn to Speak English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

सौन्दर्यका सामानहरू
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,१९९/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,२९९/-
४. Breast बढाउने क्रिम -रु.१,२९९/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. २,४९९/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झार्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १,४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/-
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारीबैकपछाडिफोन:४२४४२०६१,४२३०८१५




जाँड रक्सी
ड्रग्सको कुलत
छुटाउन साथै
विभिन्न रोगको
ग्यारेन्टी उपचार
सृष्टि संजिवनी
पुरानो बानेश्वर चोक
गणेशस्थानसँगै
फोन: ०१६२०२६२७, ९८४१३२९९३२

# छात्राहरूको रोजाइको नर्सिङ

● विदुर खतिवडा

एसएलसी परीक्षा सकिएलगत्तै छात्राहरूको ठूलो संख्या नर्सिङमा करियर खोज्ने उद्देश्यले प्रवेश परीक्षाको तयारीमा जुटिसकेको हुन्छ। तीनवर्षे नर्सिङ प्रवीणता प्रमाणपत्र तहको अध्ययन पूरा गरेपछि केही समयको कामको अनुभव सँगालेर विश्वका जुनसुकै स्थानमा पनि सेवा गर्न पाइने भएकाले नर्सिङप्रतिको मोह बढ्दै गएको हो। 'यहाँ मात्र होइन, विदेशमा पनि नर्सको महत्त्व बढी छ,' नर्सिङ कोर्सका निम्ति प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन गरिरहेको अर्बिट इन्टरनेसनलका प्रोगाम को-अर्डिनेटर सुनिल रेग्मी भन्छन्- 'उस्तै परे डाक्टरभन्दा बढी कमाउन सकिने भएकाले अहिलेका छात्राहरूमा नर्स बन्ने चाहना हुनु स्वाभाविक हो।'

राजधानीमा मात्र होइन, मुलुकका अन्य ठूला सहरहरूमा नर्सिङ प्रवेश परीक्षा तयारीका लागि सञ्चालनमा आएका इन्स्टिच्युटहरूमा देखिने छात्राहरूको उल्लेख्य भीडले उनीहरूको नर्सिङप्रतिको मोह प्रस्ट्याउँछ। किन नर्स बन्ने ? झापा, गौरादहकी सुष्मा बस्नेतले उत्तर दिइन्- 'स्वदेशमा मात्र होइन, विदेशमा पनि रोजगार पाउने भएकाले।'

त्यति मात्र होइन, नर्सिङ अध्ययन गरेका छात्रालाई विदेशमा रहेका नेपाली युवाहरूले पनि जीवनसाथी बनाउने चाहना राख्छन्। सुष्मा भन्छिन्- 'अहिलेको समयमा नर्स श्रीमती खोज्ने पुरुषहरूको संख्या पनि उत्तिकै छ, त्यस्तै पेसागत रूपमा पनि सेवामूलक कार्य भएकाले नर्सिङ अध्ययनमा रुचि बढेको हो।'

एक तथ्यांकअनुसार प्रत्येक वर्ष अमेरिकामा मात्र ६ हजार नर्सको माग हुन्छ, तर यसो भन्दैमा नेपालमा नर्सहरूका लागि अवसर छैन भन्ने होइन। हरेक वर्ष उत्पादन हुने नर्सको ठूलो संख्या स्वदेशमै पनि खपत हुने गरेको छ। एकातर्फ सरकारीदेखि निजी चिकित्सा संस्था, सुरक्षा निकायमा नर्सहरूको आवश्यकता छ भने अर्कातर्फ उच्च घरानाहरूदेखि मध्यमवर्गीय परिवारसम्म निजी हेरचाहका लागि नर्सको माग बढ्दो छ।

प्राविधिक शिक्षाको सूचीमा स्टाफ नर्स आयआर्जनका दृष्टिले रोजगारमुखी र सजिलो पेसा भएकाले यसको आकर्षण बढ्दो क्रममा रहेको रेग्मीले बताए। उनका अनुसार प्रत्येक दिन आधा दर्जनभन्दा बढी नर्सले विदेशका लागि भिसा पाउने गरेका छन्। स्टाफ नर्सका लागि प्रत्येक वर्ष मुलुकभरमा विभिन्न क्याम्पसमा गरेर करिब १ हजार ७ सय सिटमा प्रतिस्पर्धा हुने गरेको छ। स्टाफ नर्सका निम्ति १५ हजारले प्रतिस्पर्धा गर्छन, जसमध्ये करिब १ हजार ७ सयले पढ्ने अवसर पाउँछन्,' डा. रोशनकुमार झा भन्छन्- 'नेपालमा हाल ४२ वटा



कलेजले प्रमाणपत्र तह (स्टाफ नर्स) अध्यापन गराउँछन्।'

बर्सेनि उत्पादन हुने नर्समध्ये ५० प्रतिशत विदेश जाने गरेको नेपाल नर्सिङ काउन्सिलको प्रतिवेदनमा उल्लेख छ। काउन्सिलका अनुसार पढाइ सकेर अनुभव बटुल्ने क्रममा छात्राहरू 'पीसीएफएनएच' जस्ता वैदेशिक चिकित्सा रोजगार परीक्षाको तयारीमा जुट्न थालिसकेका हुन्छन्, जसले गर्दा त्यहाँ जानेबित्तिकै उनीहरूलाई उच्च अध्ययन र रोजगारीको अवसर मिल्छ। खास गरेर उनीहरूले नर्स तथा होमनर्सका रूपमा त्यहाँ काम गर्ने गरेको पाइन्छ।'

नर्सिङ अध्ययनको अर्को महत्त्वपूर्ण पक्ष यो विषय अध्ययन गरेका सक्षम नर्सले स्वदेशमै पनि सजिलैसँग रोजगार पाउनु हो। काउन्सिलका सदस्य-सचिव मन राईका अनुसार अबको १० वर्षसम्म उत्पादन भएका नर्सहरू नेपालभरका अस्पतालमै खपत हुन्छन्।

काठमाडौंमा मात्र करिब दुई दर्जन इन्स्टिच्युटले बर्सेनि स्टाफ नर्स प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन गर्दै आएका छन्। इन्स्टिच्युटमा स्टाफ नर्सका प्रवेश परीक्षाका लागि अध्ययन गर्नुपर्ने विषय, यसअघिका प्रवेश परीक्षाका प्रश्नपत्रको समाधान अभ्यास र नर्सिङ अध्ययनका आधारभूत ज्ञान प्रदान गरिन्छ।

'नर्सिङ स्वास्थ्यसँग सम्बन्धित भएर पनि समाजिक प्रतिष्ठा एवं सेवासँग सम्बन्ध जोडिएको विषय हो,' सीटीईभीटीका उपाध्यक्ष डा. देवीप्रसाद घिमिरे भन्छन्- 'त्यसकारण मुलुकका ग्रामिण क्षेत्रमा पनि नर्सिङ शिक्षालय आवश्यक छ।'

नेपालमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद् (सीटीईभीटी), बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान तथा वीर अस्पतालअन्तर्गतको नेसनल एकेडेमी फर मेडिकल साइन्स (नाम्स)ले छुट्टाछुट्टै समयमा नर्सिङ परीक्षा लिन्छन्। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनप्राप्त नर्सिङ क्याम्पसहरू ६ वटा छन् भने सीटीईभीटीबाट सम्बन्धनप्राप्त नर्सिङ इन्स्टिच्युटहरू ३४ वटा छन्। त्रिभुवन विश्वविद्यालय, काठमाडौंअन्तर्गतका क्याम्पसहरूमा नर्सिङ अध्ययन गर्न प्रवेशिका परीक्षामा ५० प्रतिशत अंक हासिल गरेको हुनुपर्छ। सीटीईभीटी तथा अन्य क्याम्पसहरूमा द्वितीय श्रेणीमा उत्तीर्ण भए पुग्छ।

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३५ सिटका लागि अगस्टमा प्रवेश परीक्षा लिइन्छ, जसमा १६ छात्रवृत्ति, १६ दुर्गम कोटा, २ दलित/जनजाति र १ स्टाफ कोटा छन्। बीपीको प्रवेश परीक्षामा ४० अंक विज्ञान, २५ अंक अंग्रेजी र १५ अंक स्वास्थ्य गरेर ८० पूर्णांकको प्रश्नपत्र सोधिन्छ। यसैगरी त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्स्टिच्युट अफ मेडिसिन (आईओएम) मा ६१ सिटका लागि हुने प्रवेश परीक्षामा ५० अंक विज्ञान, २० अंक अंग्रेजी, २० अंक स्वास्थ र १० अंकगणितबाट प्रश्न सोधिन्छ। त्रिभुवन विश्वविद्यालयअन्तर्गत नै पोखरा (४५ सिट), ललितपुर (४५ सिट), वीरगन्ज (४० सिट), विराटनगर (४० सिट) र नेपालगञ्ज (४० सिट) नर्सिङ कलेजमा विद्यार्थीले छात्रवृत्ति कोटामा प्रतिस्पर्धा गर्न पाउँछन्। त्रिभुवन विश्वविद्यालयको हकमा प्रवेश परीक्षा दिनुअगावै विद्यार्थीले कहाँ पढ्न चाहेको निश्चित गरेर आवेदनमा उल्लेख गर्नुपर्छ। कुनै एक स्थानका लागि मात्र परीक्षार्थीले प्रवेश परीक्षा दिन पाए पनि परीक्षा भने एकैपटक भदौको अन्तिममा लिइन्छ। वीर अस्पतालअन्तर्गतको नाम्समा ४० सिटका लागि प्रतिस्पर्धा हुन्छ, जसमध्ये ३६ प्रतिस्पर्धात्मक र ४ वटा दुर्गम कोटा छन्। वीरले भदौको दोस्रो सातामा प्रवेश परीक्षा लिन्छ, जहाँ विज्ञानको २० अंक, स्वास्थ्य २० अंक, अंग्रेजी २० अंक र गणित २० अंक गरेर ८० पूर्णांकको परीक्षा लिइन्छ। काठमाडौं विश्वविद्यालयअन्तर्गत धुलिखेल मेडिकल इन्स्टिच्युटमा ४० सिटमा विद्यार्थी लिइन्छ। तुलनात्मक रुपमा महँगो धुलिखेलमा विज्ञान ४० अंक, अंग्रेजी २० अंक, स्वास्थ्य २० अंक, गणित २० अंक गरेर १ सय पूर्णांकको परीक्षा हुन्छ। यसबाहेक सीटीईभीटीका ३४ वटा कलेजले (प्रत्येक कलेजमा ४० जना) विद्यार्थी प्रवेश परीक्षामार्फत लिन्छन्। सीटीईभीटीले ३५ अंक गणित, ३५ अंक विज्ञान र ३० अंक अंग्रेजी गरेर १ सय पूर्णाकंको परीक्षा लिन्छ।

सीटीईभीटी तथा त्रिविका पाठयक्रम एकै प्रकारका हुन्छन्, जसमा प्रथम वर्षमा आधारभूत नर्सिङ, कम्युनिटी इन्टिग्रेटेड साइन्स, होम भिजिटिङ, दोस्रो वर्षमा मिडवाइफरी, ए, बी, सी, नेपाल परिचय, बिहेविएर साइन्स, नर्सिङ केयर अफ चिल्ड्रेन र तेस्रो वर्षमा नर्सिङ केयर अफ एडल्ट, लिडरसिप एन्ड म्यानेजमेन्ट आदि विषय अध्ययन गर्नुपर्छ।

स्टाफ नर्स भएपछि कमसेकम तीन वर्षको अनुभवपछि मात्र नर्सिङ स्नातक (बीएन नर्सिङ) गर्न सकिन्छ, तर सीटीईभीटीका कलेजहरूमा एक वर्षको अनुभवपछि भर्ना आवेदन दिन सकिन्छ। महाराजगन्ज नर्सिङ कलेज, ललितपुर नर्सिङ क्याम्पस, पाटन नर्सिङ क्याम्पस तथा स्तूपा नर्सिङ क्याम्पसले बीएन कोर्स उपलब्ध गराउँछन् भने त्रिविअन्तर्गत १० वटा बीएससी नर्सिङ कलेज सञ्चालित छन्।

### अध्ययनका लागि आवश्यक कुरा

नर्सिङको अध्ययनमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कलेजमा तीन वर्ष समय-अवधिको बढीमा १ लाख रुपैयाँसम्म खर्च हुन्छ भने सीटीईभीटीअन्तर्गतका कलेजहरूमा तीनदेखि साढे ३ लाखसम्म खर्च हुन्छ। त्रिभुवन विश्वविद्यालयअन्तर्गतका नर्सिङ क्याम्पसमा छात्राहरूले प्रतिमहिना २ सय रुपैयाँ छात्रवृत्ति पाउँछन्।

त्रिभुवन विश्वविद्यालय-अन्तर्गतका कलेजको प्रवेश परीक्षा सम्पूर्ण रूपमा दुई घन्टाको समयमा परीक्षार्थीले १ सयवटा प्रश्नको हल गर्नुपर्छ। भर्नाका लागि ५० प्रतिशतभन्दा बढी अंक ल्याउनैपर्छ।

### स्टाफ नर्सको कमाइ

जुनियर स्तरमा एउटा नर्सले न्यूनतम ९ हजारदेखि १५ हजार रुपैयाँ प्रतिमहिना पाउँछन्। त्यसबाहेक उनीहरूले अतिरिक्त भत्ता पाउन सक्छन्। विकसित मुलुकमा रोजगारका लागि गएकाहरूले न्यूनतम् २ हजार डलर प्रतिमहिना पाउँछन्।

## नर्सिङ कथा

नेपाल नर्सिङ काउन्सिलमा वि.सं. २०५२ सालमा दर्ता भएअनुरूप नेपालको पहिलो रजिस्ट्रार नर्स लक्ष्मी प्रसाईं हुन्, जसले वि.सं. २०४९ सालमा पोखरा नर्सिङ कलेजबाट नर्सिङ उत्तीर्ण गरेकी थिइन् तर २००९ सालमा आठार महिने 'मिडवाइफ' तालिमका लागि पठाएकी डा.उमादेवी दास नै नेपालकी पहिलो नर्सका रूपमा चिनिन्छिन्। यसैगरी काउन्सिलमा दर्ता भएअनुसार २०४२ सालमा स्थापना भएको महाराजगन्ज नर्सिङ क्याम्पस नेपालको पहिलो नर्सिङ कलेज हो जुन २०१३ सालमा सुरेन्द्र भवन सानेपा एचएमजी स्कुल अफ नर्सिङका रूपमा स्थापना भएको थियो। नेपाल नर्सिङ काउन्सिलका अनुसार स्टाफनर्स, स्नातक र स्नातकोत्तर गरेर हालसम्म करिब २४ हजारले नर्सिङ अध्ययन पूरा गरेका छन्। २०५२ सालभन्दा अघिका नर्सको रेकर्ड काउन्सिलसँग छैन।

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

कुक, केयर गिभर र होटल तालिम
कुक, केयर गिभर, हिब्रु भषा, बेकरी, वेटर, रुममेड, सेल्स ब्वाई/गर्ल्स
अमेरिका, जापान, अष्ट्रेलिया जानेहरुको लागि विशेष तालिमको व्यवस्था
५ तारे होटलमा ट्रेनिङको व्यवस्था
SLC दिएका विद्यार्थीहरुलाई विशेष छुट
KIHM
कपण्डाल, थापाथली पुलनजिक, ललितपुर
Tel: 5523648, 2111340, 2111404

होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई
Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
३ महिने कुकमा FREE ENGLISH LANGUAGE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629



# होटल म्यानेजमेन्टको आकर्षण

नेपालमा जुन अनुपातमा होटल तथा रिसोर्टहरू खुलिरहेका छन् त्यही अनुपातमा काम गर्ने दक्ष तथा प्रशिक्षित जनशक्ति नभएको होटल व्यवसायीहरू बताउँछन्। यो विषयमा दक्ष जनशक्ति उत्पादन गर्न सरकारी क्षेत्रमा एउटा होटल म्यानेजमेन्ट कलेज छ भने स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएर सञ्चालित निजी कलेजहरूको संख्या आधा दर्जनजति छ। विद्यार्थीको आकर्षण बढ्दै गएपछि यतिखेर यो विषय अध्यापन गराउने कलेजको संख्या पनि बढ्दै गएको छ।

उच्च माध्यमिक शिक्षा परिषद्ले पनि प्लसटुमा होटल म्यानेजमेन्ट विषयमा अध्ययन गर्ने अवसर जुटाएको छ। यसकारण विद्यार्थीले एसएलसीपछि नै होटल म्यानेजमेन्ट विषय रोज्न सक्छन्। शिक्षाविद् बबिता लाभका अनुसार प्लस टुमा होटल म्यानेजमेन्ट विषय राख्नु आवश्यक नभए पनि यसैमा भविष्य निर्माण गर्ने लक्ष्य स्पष्ट बनाएकाहरूले यो विषय रोज्न सक्छन्।

डिल्लीबजार चारखालस्थित 'इन्टरनेसनल स्कुल अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्ट (आईएसटी) कलेज होटल म्यानेजमेन्टमा इन्टरमिडियट डिप्लोमा सञ्चालन गर्ने नेपालकै पहिलो कलेज हो। कलेजका निर्देशक नरेन्द्र बज्राचार्य, प्लस टुमा होटल म्यानेजमेन्टलाई एउटा विषयका रूपमा मात्र समावेश गर्नुभन्दा इन्टरमिडियट डिप्लोमाका रूपमा लानुपर्छ भन्ने मान्यता राखेर यो कलेज स्थापना भएको बताउँछन्। दुई वर्षको इन्टरमिडियट डिप्लोमा अध्ययनका क्रममा ५ सामान्य विषय तथा ४ होटल म्यानेजमेन्टसँग सम्बन्धित विषय अध्यापन गराइन्छ। युरोपका ख्यातिप्राप्त सालबर्ग युनिभर्सिटी अफ एप्लाइड साइन्सेस, स्वीस स्कुल अफ टुरिज्म एन्ड हस्पिटालिटी, इन्स्टिच्युट अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्टजस्ता संस्थानबाट सम्बन्धन र प्राविधिक सहयोग प्राप्त आईएसटीले औद्योगिक तालिम तथा विभिन्न प्रयोगात्मक कक्षाहरूका लागि त्यहाँ विद्यार्थी पठाउने व्यवस्था गरेको छ। कलेजका अनुसार नेपालमा इन्टरमिडियट डिप्लोमालाई १ लाख ५० हजार रुपैयाँ र हाइयर डिप्लोमालाई ३ लाख २५ हजार रुपैयाँ लाग्छ भने विदेशमा पढ्दा यही पाठ्यक्रमका लागि न्यूनतम ४० लाखदेखि ६० लाख रुपैयाँ खर्च लाग्छ।

लैनचौरस्थित 'सिल्भर माउन्टेन स्कुल अफ होटल म्यानेजमेन्ट कलेज' ले अमेरिकाको एजुकेसन इन्स्टिच्युट अफ अमेरिकन होटल एन्ड लजिङ एसोसिएसनबाट सम्बन्धन लिएर होटल म्यानेजमेन्टमा स्नातक तह सञ्चालन गरेको छ। नेपाल सरकार शिक्षा मन्त्रालयको स्वीकृतिप्राप्त उक्त कलेजमा होटल म्यानेजमेन्टको चारवर्षे पाठ्यक्रम छ। सैद्धान्तिक विषयभन्दा प्रयोगात्मक विषय बढी सिकाउनुपर्ने भएकाले यो कलेजले प्रत्येक वर्ष ६० जना छात्रछात्रालाई मात्र भर्ना लिन्छ।

नेपालमा प्रत्येक वर्ष करिब आठ दर्जन दक्ष जनशक्ति उत्पादन हुन थालेपछि अहिले नेपालका तारे होटलहरूले सम्पर्क गरी यस प्रकारको जनशक्ति चाहिएको छ भनेर माग गर्न थालेको सिल्भर माउन्टेनका प्रिन्सिपल समिर थापा बताउँछन्। १ सय ६५ देशमा क्रेडिट ट्रान्स्फरको व्यवस्था मिलाएको उक्त कलेजले स्नातक तह अध्ययनका निम्ति २ लाख ८० हजार रुपैयाँ खर्च लाग्ने बताएको छ।

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धनप्राप्त नयाँ बानेश्वरस्थित 'कान्तिपुर होटल म्यानेजमेन्ट कलेज' मा होटल म्यानेजमेन्टअन्तर्गत हाउस किपिङ, फ्रन्ट अफिस, फुड एन्ड बेभरेज, फुड एन्ड प्रोडक्सनको अध्यापन गराइन्छ। उक्त कलेजले गत वर्षदेखि दुबईको पाँचतारे होटलमा सशुल्क इन्टर्नसिपको व्यवस्था गरेको छ। कलेजले होटल म्यानेजमेन्टलाई सहयोग पुऱ्याउने हस्पिटालिटी एन्ड क्याटरिङ म्यानेजमेन्टको चारवर्षे कोर्स पनि अध्यापन गराउँछ। तीनवर्षे कोर्सका लागि कुल १ लाख ८० हजार रुपैयाँ खर्च लाग्ने कलेजले बताएको छ।

नेपाल सरकारको स्वामित्वमा सञ्चालित एक मात्र होटल व्यवस्थापनसम्बन्धी कलेज नेपाल एकेडेमी अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्ट रविभवनमा अध्ययन गर्न प्रवीणता तह वा प्लस टु द्वितीय श्रेणीमा उत्तीर्ण भएर सी-म्याट उत्तीर्ण गरी अन्तर्वार्ता पनि दिनुपर्छ। कुल ८० जना छात्रछात्रा भर्ना लिइने उक्त कलेजमा अध्यापनका लागि जुन संकायबाट पनि प्रवेश गर्न सकिने कार्यकारी निर्देशक शंकरप्रसाद खरेल बताउँछन्। उक्त कलेजमा अध्ययनका लागि कुल २ लाख ६३ हजार खर्च लाग्छ।

# सम्भावना होटल म्यानेजमेन्टको

● शिव शर्मा

पोखरा- अध्ययन गर्ने विषय धेरै छन्, तर रोजगारीमूलक र 'स्कोप' जेमा बढी छ त्यही पढ्ने हो, –अहिलेका विद्यार्थीहरू यसै भन्छन्। उनीहरू आफ्नो भविष्यको बाटो निर्धारण गर्न आफैं विषय छनौट गर्छन्। त्यही भएर अहिलेका युवायुवतीहरूलाई होटल म्यानेजमेन्टले लोभ्याएको छ। साइन्स, म्यानेजमेन्ट त सबैले पढेका छन्, होटल म्यानेजमेन्ट कमैले पढेका छन्, ममता आचार्य भन्दै थिइन्- 'मैले यो विषयमा राम्रो भविष्य देखेकी छु।'

अध्ययनपछि विदेशमा सजिलै रोजगारी मिल्ने तथा स्वदेशमै पनि दक्ष जनशक्तिको माग दिनप्रतिदिन बढ्दै गएपछि होटल म्यानेजमेन्ट पढ्ने विद्यार्थीहरू बढिरहेका छन्, कलेजका प्रिन्सिपल कमल पन्तले भने- 'होटल म्यानेजमेन्ट पढ्ने युवतीहरूको संख्या दिनानुदिन बढिरहेको छ।' सुरुमा युवतीहरू निकै कम थिए, अहिले दोब्बरले बढेको कलेजले जनाएको छ। घरभित्रको काममा युवतीहरूले विशेष रुचि राख्ने हुनाले पनि होटल म्यानेजमेन्टले युवतीहरूलाई तानेको छ।

अरू विषयको तुलनामा यो विषयको अध्ययन पूरा गरेपछि प्राविधिक ज्ञानसँगै रोजगारी पनि पाइन्छ। विदेशमा २० लाख खर्च गरेर पढिने यो विषय यहाँ ३ लाख ८० हजारमा पूरा गर्न सकिन्छ, कलेजका प्राध्यापक परमेश्वर बरालले भने- 'यहाँको पढाइ पनि विदेशको भन्दा कम छैन।'

पाँचौं सेमेस्टरमा अध्ययन गरिरहेका दीपु खड्गीले होटल म्यानेजमेन्ट पढ्नकै लागि बीबीएको अध्ययन छाडे। होटल म्यानेजमेन्ट पढ्नका लागि भारतको बैङ्लोर पनि गएँ, राम्रो लागेन र फर्किएँ, उनले भने- 'आफ्नै देशको पढाइ नै उत्तम लाग्यो।'

होटल म्यानेजमेन्ट पढेपछि होटलमा मात्र होइन, बैंकिङ र अन्य क्षेत्रमा पनि काम पाउन सकिन्छ। विदेशको जुन ठाउँमा गए पनि यसको प्रमाणपत्रले काम गर्छ। यस्तै अवसरहरू देखेपछि होटल म्यानेजमेन्ट नपढ्ने कुरै भएन। होटल म्यानेजमेन्टमा प्लस टु अध्ययनरत गरेकाहरूको कुरा पनि उस्तै छ। प्लस टु अध्ययनरत १८ वर्षीया पविता गुरुङ पनि आफूले रोजेजस्तो विषय पढ्न पाएकोमा दंग छिन्। होटल म्यानेजमेन्ट पढेर तारे होटलमा म्यानेजर बन्ने हो, आफ्नो योजना सुनाउँदै उनले भनिन्- 'अहिले त होटल म्यानेजमेन्टको राम्रो माग छ।' उनीसँगै रहेकी आशा बुढाचार्यले पनि भनिन्- 'जुन विषय राम्रो हुन्छ त्यही पढ्ने हो। होटल म्यानेजमेन्टकै माग बढिरहेको छ, उनी भन्दै थिइन्- 'होटल म्यानेजमेन्ट पढ्ने धोको थियो, पूरा भयो।'

**कहाँ हुन्छ पढाइ ?**

पर्यटन क्षेत्रको बढ्दो आकर्षणसँगै १० वर्षअघि नेपाल टुरिज्म एन्ड होटल म्यानेजमेन्ट कलेज स्थापना भएको हो। निजी स्तरमा खोलिएको यो नेपालकै पहिलो होटल म्यानेजमेन्ट कलेजका रूपमा चिनिन्छ।

दुई वर्षे प्रमाणपत्र तह र चारवर्षे स्नातक कोर्समा होटल म्यानेजमेन्ट पढाइ हुँदै आएको छ। प्लस टु उच्च शिक्षा माध्यमिक परिषद् र स्नातक तह पोखरा विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त छ। होटल म्यानेजमेन्ट पढ्नका लागि क्षमतावान् र प्रवेशिका परीक्षामा उत्कृष्ट अंक ल्याएर उत्तीर्ण गरेको हुनुपर्छ। होटल म्यानेजमेन्ट अंग्रेजी माध्यममा पढाइ हुँदै आएको छ।

काठमाडौंमा नेपाल सरकारको नेपाल एकेडेमी अफ टुरिज्म एन्ड हस्पिटालिटी म्यानेजमेन्ट (नाथम) कलेज स्थापना भएको छ। यो सरकारी स्तरको एक मात्र होटल म्यानेजमेन्ट कलेज हो। राजधानीमै पछिल्लो समयमा खुलेका सिल्भर माउन्टेन, कान्तिपुर होटल म्यानेजमेन्ट कलेज, इन्टरनेसनल ह्वाइट हाउस कलेज अफ होटल म्यानेजमेन्टमा स्नातक तहसम्मको अध्यापन हुने गरेको छ। पूर्वाञ्चलको विराटनगरस्थित साउथ एसिएन होटल म्यानेजमेन्ट एन्ड टुरिज्म कलेजमा पनि स्नातकसम्म पढाइ हुन्छ।

निजी स्तरका कलेजहरूमा पनि प्लस टुसम्मको पढाइ सञ्चालन गर्ने क्रम बढेको छ। माग बढ्दै गएपछि होटल म्यानेजमेन्ट ट्रेनिङ सेन्टरहरू पनि छ्यापछ्याप्ती खुल्न थालेका छन्।

AIR HOSTESS & STEWARD TRAINING
ADMISSION OPEN
Conducted by well experience instructors having more than 30 years in flight duties.
Free Swimming & Stationary
5536057/5523082
9841208749

Wanted
L.G Company
लाई कर्मचारी आवश्यकता
संख्याः 9 Gents/ Ladies
तलबः 9000
योग्यताः SLC/PCL
Unique Solution
5543056, 9841570521
9803897872
Gwarko, Lalitpur
नोटः बुझ्न आउदाँ Document अनिवार्य छ।

रोजगारमूलक CMA तालिममा भर्ना खुल्यो
CTEVT बाट मान्यता प्राप्त यस संस्थामा S.L.C. उत्तीर्ण हुनेहरुका लागि सि.एम.ए. (१५ महिना) तालिमको १३ औं समूहमा धमाधम भर्ना आवेदन फारम वितरण भईरहेको छ। गरिब, दलित र जनजातीहरुका लागि केही सिटमा छात्रबृत्तीको पनि ब्यवस्था छ। प्रवेश परीक्षाको लागि निःशुल्क तयारी कक्षाको ब्यवस्था छ। प्रवेश परीक्षा मिति २०६६ साउन २४ गते शनिबार दिउसो ३ बजे।
साथै कम्तिमा कक्षा ८ उत्तीर्ण हुनेहरुका लागि ग्रा.स्वा.का. तालिममा पनि भर्ना लिईदै छ।
सम्पर्क कार्यालय :
एजुकेशन एण्ड कम्युनिटी हेल्थ अर्गनाइजेशन (ECHO)
लगनखेल, ललितपुर (मच्छिन्द्र बहाल पश्चिम गेट नजिकै YMBA भवनमा) फोन : ५५४२७६५



# रोजगारमुखी व्यवस्थापन संकाय

छोरा बिग्रिए कमर्स भनिने कुनै बेलाको उखान अहिलेको पुस्तालाई सुनायो भने उनीहरू हाँस्छन्। व्यवस्थापन अहिले अधिकांश विद्यार्थीको रोजाइको विषय हो। एक तथ्याङ्कअनुसार गत वर्ष प्रवेशिका उत्तीर्णमध्ये ५० प्रतिशत विद्यार्थी व्यवस्थापन संकायमा भर्ना भएका थिए। व्यवस्थापनको अध्ययनले रोजगारीको अवसर सिर्जना गर्ने भएकाले पनि धेरैले यो विषय रोजेका हुन्।

बैङ्क, वित्तीय संस्था, औद्योगिक कम्पनी, व्यापारिक प्रतिष्ठान एवं प्रशासनिक क्षेत्रमा व्यवस्थापन अध्ययन गरेका व्यक्तिको माग सधैं हुन्छ। व्यवस्थापन अध्ययन गर्न गणितको राम्रो आधार हुनु आवश्यक छ। व्यवस्थापन अध्ययन गर्ने विद्यार्थी धेरै भएकाले पनि यो विषय अध्ययन गराउने कलेजको सङ्ख्या उल्लेख्य छ।

इन्टरनेटमार्फत हुने विश्व व्यापारमा व्यवस्थापन अध्ययन गरेका जनशक्तिको माग अत्यधिक छ। ई-कमर्स भनिने यस प्रकारको व्यापारमा बिजनेस टु बिजनेस, बिजनेस टु कन्जुमरको नीतिअनुसार व्यापारिक कारोबार हुने गरेको छ। इन्टरनेटको प्रयोगले भू-मण्डलीकरण हुँदै गएको विश्वलाई व्यवस्थापन प्लस कम्प्युटरको ज्ञान भएको जनशक्ति उपयोगी देखिएको छ ।

व्यवस्थापन संकायलाई समय उपयोगी बनाउन नेपाली विश्वविद्यालयहरूले पनि यसको पाठ्यक्रममा सुधार गर्दै लगेका छन्। त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयमा व्यवस्थापनअन्तर्गतका थुप्रै विषय अध्यापन हुन्छन्। चारवटै विश्वविद्यालयले ब्याचलर इन बिजनेस एड्मिनेस्ट्रेसन (बीबीए), कमर्स स्टडी, चार्टर्ड एकाउन्टेन्सी, होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म, हेल्थ म्यानेजमेन्ट, पब्लिक एडमिनिस्ट्रेसन, इन्फरमेशन म्यानेजमेन्ट, ग्रामीण विकास व्यवस्थापनजस्ता नयाँ पाठ्यक्रममा थप्नुले यसलाई पुष्टि गर्छ।

प्रवेशिकापछि व्यवस्थापन संकायमा जानेले एकाउन्ट, इकोनोमिक्स, बिजनेस अर्गनाइजेसन एन्ड अफिस म्यानेजमेन्ट (बुम), मार्केटिङ, बिजनेस म्याथ, फाइनान्स आदि विषयमा अध्ययन गर्न सक्छन्। प्लस टुमा विज्ञान र व्यवस्थापन लिएका विद्यार्थीले स्नातक तहमा व्यवस्थापन संकायमा अध्ययन गर्न पाउँछन्।

पूर्वाञ्चल विश्वविद्यालयले व्यवस्थापन संकायअन्तर्गत बिजनेस एडमिनिस्ट्रेसन, कमर्स स्टडिज, ट्राभल एन्ड टुरिज्म, होटल म्यानेजमेन्ट, फेसन डिजाइन, हस्पिटालिटी एन्ड क्याटरिङ, एक्जुकेटिभ मास्टर अफ बिजनेस एडमिनेस्ट्रेसन (इएमबीए), टुरिज्म स्टडिज, पब्लिक एडमिनेस्ट्रेसन, होटल एन्ड हस्पिटालिटी म्यानेजमेन्टमा अध्यापन सुविधा उपलब्ध गराएको छ।

त्यसैगरी काठमाडौं विश्वविद्यालयअन्तर्गतको स्कुल अफ म्यानेजमेन्टले मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रेसन (एमबीए), एक्जुकेटिभ मास्टर अफ बिजनेस एडमिनेस्ट्रेसन, मास्टर इन म्यानेजमेन्ट अध्यापन गराउँछ। छोटो समयका तालिम कार्यक्रमहरू पनि स्कुल अफ म्यानेजमेन्टअन्तर्गत सञ्चालन गरिन्छ। त्यसैगरी एकवर्षे प्रि-एमबीए कक्षा पनि सञ्चालन गरिन्छ। यो कोर्सले दुईवर्षे स्नातक गरेका विद्यार्थीहरूलाई एमबीए अध्ययनमा प्रवेश गर्न सजिलो बनाउँछ। यो स्कुलअन्तर्गत पोस्ट ग्राजुएट इन सेक्युरिटी म्यानेजमेन्टको कक्षा पनि सञ्चालन हुन्छ।

पोखरा विश्वविद्यालयले व्यवस्थापन संकायअन्तर्गत ब्याचलर अफ बिजनेस एडमिनेस्ट्रेसन (बीबीए), ब्याचलर अफ बिजनेस एडमिनेस्ट्रेसन इन बैंकिङ एन्ड इन्स्युरेन्स (बीबीए बीआई), ब्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए), ब्याचलर अफ कम्प्युटर इन्फर्मेसन सिस्टम (बीसीआईएस), ब्याचलर अफ होटल म्यानेजमेन्ट (बीएचएम), ब्याचलर अफ ट्राभल एन्ड टुरिज्म म्यानेजमेन्ट (बीटीटीएम), ब्याचलर अफ हेल्थ केयर म्यानेजमेन्ट (बीएचसीएम), मास्टर अफ बिजनेस एडमिनेस्ट्रेसन (एमबीए), मास्टर अफ बिजनेस एडमिनिस्ट्रेसन एक्जुकेटिभ (एमबीए-एक्जुकेटिभ), मास्टर अफ हेल्थ केयर म्यानेजमेन्ट (एमएचसीएम), मास्टर अफ कम्प्युटर इनफरमेसन सिस्टम (एमसीआईएस), पोस्ट ग्राजुएट डिप्लोमा इन हेल्थ केयर म्यानेजमेन्ट (पीजीडीएचसिएम) र पोस्ट ग्राजुएट डिप्लोमा इन कम्प्युटर एप्लिकेसन्स (पीजीडीसीए) का पाठ्यक्रममा अध्यापन गराउँछ।

**बीसीआईएस**

पोखरा विश्वविद्यालयको ब्याचलर अफ कम्प्युटर इन्फरमेशन सिस्टम (बीबीआईएस) को पाठ्यक्रम चार वर्षको हुन्छ। सेमेस्टर प्रणालीअनुरूप आठ सेमेस्टर अध्ययन गर्नुपर्ने उक्त विषय व्यवस्थापन संकायमा समावेश भएको पछिल्लो विषय हो। बीसीआईएसका पाठ्यक्रममा ूचना प्रविधि र व्यवस्थापन दुवै विषय समावेश गरिएका छन्। उक्त विषयलाई हाल निजी क्षेत्रका कलेजले अध्यापन गराइरहेका छन्। 'प्राविधिक व्यवस्थापक' उत्पादन गर्ने यो विषयमा आजभोली धेरै विद्यार्थी आकर्षित भएका छन्। सिस्टम एनालाइसिस्ट, इन्फरमेसन एनालाईसिस्ट, डाटावेस म्यानेजर, नेटवर्क एडमिनिस्ट्रेटर्सजस्ता पदमा यस प्रकारको जनशक्तिको माग हुने गरेको छ।

**सेक्युरिटी म्यानेजमेन्ट**

काठमाडौं विश्वविद्यालयको सेक्युरिटी म्यानेजमेन्ट पाठ्यक्रम अहिलेको नेपाली परिप्रेक्ष्यमा सुहाउँदो कोर्स हो। विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्टअन्तर्गत पोस्ट ग्राजुएट इन सेक्युरिटी म्यानेजमेन्ट गर्नेहरू सुरक्षा व्यवस्थापनका लागि उपयुक्त सावित हुन्छन्। सुरक्षा निकायमा कार्यरतहरूका निम्ति यो पाठ्यक्रम अझ बढी उपयोगी मानिन्छ।

**हेल्थकेयर म्यानेजमेन्ट**

अस्पताल राम्रोसँग सञ्चालन गर्न राम्रा चिकित्सकहरू मात्र भएर पुग्दैन, अस्पताललाई सही रूपमा व्यवस्थित गर्न दक्ष व्यवस्थापकको उत्तिकै भूमिका हुन्छ। स्वास्थ्यको क्षेत्रमा यस्ता कार्यक्रमलाई संयोजन गर्न पनि 'हेल्थ केयर म्यानेजमेन्ट' अध्ययन गरेको हुनुपर्छ। पोखरा विश्वविद्यालयको सम्बन्धनमा कलेजहरूले यो विषय अध्यापन गराउँदै आएका छन्। हेल्थ केयर म्यानेजमेन्टमा तीनवर्षे स्नातक र दुईवर्षे स्नातकोत्तर तहको अध्यापन हुने गरेको छ। यो विषय अध्ययन गरेका ८० प्रतिशत विद्यार्थीले स्वास्थ्यक्षेत्रका विभिन्न संस्थामा काम पाउँछन्।

**बीबीए, एमबीए एन्ड इएमबीए**

बीबीए (ब्याचलर अफ बिजनेस एडमिनेस्ट्रेसन) तथा एमबीए ( मास्टर अफ बिजनेस एडमिनिस्ट्रेसन) नेपालका चारवटै विश्वविद्यालयमा अध्यापन हुने गरेको छ। बिजनेस स्टडीलाई अझ परिमार्जित गरेर यो पाठ्यक्रम ल्याइएको हो। प्रयोगात्मक र सैद्धान्तिक दुवैलाई समायोजन गरिएको यो पाठ्यक्रमले आधुनिक व्यवसायिक ज्ञान दिने विज्ञहरू बताउँछन्। यस्तै कर्पोरेट तथा अन्य प्रशासनिक क्षेत्रमा एक्जुकेटिभ मास्टर अफ बिजनेस एडमिनेस्ट्रेसन (इएमबीए) गरेका विद्यार्थीको माग बढ्दो छ। व्यवस्थापन संकायको पृष्ठभूमि नभएकाहरूलाई लक्षित गरेर तयार भएको यो पाठ्यक्रमले व्यवस्थापनसम्बन्धी उच्चस्तरको ज्ञान प्रदान गर्छ। काठमाडौं, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयले एक्जुकेटिभ मास्टर अफ बिजनेस एडमिनेस्ट्रेसनसम्बन्धी पाठ्यक्रममा अध्यापन गराउँछन्।

विभिन्न औद्योगिक एवं व्यवसायिक प्रतिष्ठानमा गएर प्रयोगात्मक अध्ययन गर्नुपर्ने भएकाले यी विषय अध्ययन गरेका विद्यार्थीहरूलाई अध्ययनपश्चात तुरुन्तै रोजगारी पाउन सक्छन्। यो विषयको अध्ययन गर्ने विद्यार्थीले व्यावसायिक क्षेत्रमै रहेर 'प्रोजेक्ट वर्क' तयार गर्नुपर्छ। बीबीए, एमबीए तथा इएमबीए अध्ययन गरेका विद्यार्थीले बैङ्क, वित्तीय संस्था, बिमा कम्पनी, होटल तथा पर्यटन व्यवसायमा रोजगारी पाउने प्रबल सम्भावना हुन्छ।

● विदुर खतिवडा



## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म अविवाहित युवक हुँ। विगत सात महिनादेखि एक युवतीलाई मन पराउन थालेको छु। उनी मलाई मन पराउँछिन् कि पराउँदिनन् भनेर बुझ्न साह्रै कठिन भैरहेको छ। साथी वा अभिभावकहरूका सामु उनी मसँग चर्को स्वरमा झर्केर कुरा गर्छिन्। त्यस्तो हुँदा माया गर्दिनन् कि जस्तो लाग्छ। फेरि एक्लै भेटेको बेला भने निकै नम्र भएर कुरा गर्छिन्। आँखामा आँखा जुधाएर कुरा गरिरहन्छिन्। त्यो बेला उनले मलाई मन पराउँछिन् कि जस्तो लाग्छ। उनको यो फरक व्यवहारले मलाई दोधारमा पारेको छ। आफ्नो मनको कुरा व्यक्त गर्दा उनको चाहना रहेनछ भने चलिरहेको सम्बन्ध पनि बिग्रन्छ झैं लाग्छ। यो कुराले मेरो पढाइमा पनि बाधा उत्पन्न भैरहेको छ। उनले मलाई माया गर्छिन् कि गर्दिनन्, कसरी थाहा पाउने ?**

**–भीम**

पोखरीमा डुबुल्की नमारी पौडन सिकिँदैन भन्ने कुरा तपाईंलाई थाहै होला। परीक्षा नदिए सफलता वा असफलताको निक्यौंल कसरी हुन्छ ? तपाईंले पत्रमा आफ्नो उमेर उल्लेख गर्नुभएको रहेनछ। साथीभाइ वा अभिभावकहरूका अगाडि झर्कने, एक्लै भएको बेला नम्र हुने उनको व्यवहारको वर्णन गर्नुभएअनुसार उनले तपाईंलाई मन पराउँछिन् जस्तो लाग्यो। प्रायः युवतीहरूको एउटा बानी तपाईंलाई भन्दिहाल्छु– उनीहरू हत्तपत्त प्रेम अभिव्यक्त गर्न सक्दैनन्। यदि कुनै युवतीले कुनै युवकलाई मन पराइरहेकी छिन् भने पनि उनी कदापि प्रेम प्रस्ताव राख्दिनन्। उनीहरूको चाहना के हुन्छ भने युवकले नै प्रस्ताव राखोस्। प्रस्ताव मन नपरेको खण्डमा नरिसाउने तथा हाल चलिरहेको सम्बन्धमा कुनै फरक नआउने सर्तमा मौका हेरेर प्रस्ताव राख्नुहोस्। मलाई लाग्छ– उनले अवश्य स्वीकार गर्नेछिन्। यदि स्वीकार गरिनन् भने पनि हरेस नखानुहोला। किनभने तपाईंको प्रस्ताव स्वीकार गर्नु-नगर्नु उनको व्यक्तिगत अधिकारको कुरा हो।






## ● फिल्मी खबर ●

### चलचित्रका उपकरण पोखरामा

पोखरामा बग्रेल्ती चलचित्र छायाङ्कन हुन्छन्। छायाङ्कनका लागि आउने सुटिङ युनिटले चलचित्रसम्बन्धी सबै उपकरण राजधानीबाट ल्याउँथे, तर अब भने सुटिङ युनिटले त्यो झन्झट बेहोर्नुपर्नेछैन। ती सबै उपकरणको व्यवस्था श्यामशुक्ला फिल्म प्रोडक्सन पोखराले परिपूर्ति गर्नेछ। प्रोडक्सनले उपकरणसँगै चलचित्र छायांङ्कन स्थलहरूको पनि खोजी गरिदिने प्रोडक्सनका अध्यक्ष घनश्याम लामिछानेले जानकारी दिए। प्रोडक्सनमा क्यामेरा, ट्रली, लाइट, रिफ्लेक्टर, क्रेनजस्ता उपकरणसँगै चलचित्रको सम्पादन कक्षसमेत छ।

### गोर्खा रक्षक आउने

मार्शल आर्टका खेलाडी तथा प्रशिक्षक सन्नी बी केसीले अभिनय एवं निर्माण गरेको मार्शल आर्टमा आधारित चलचित्र 'गोर्खा रक्षक' प्रदर्शनका लागि तयार छ। केसीको उक्त चलचित्र अमेरिकाका विभिन्न सहरमा प्रदर्शन भैसकेपछि अब नेपालमा प्रदर्शन हुने भएको छ। आकाश अधिकारीले निर्देशन गरेको गोर्खा रक्षकमा शिव श्रेष्ठ, रेखा थापा र युवराज लामाले पनि अभिनय गरेका छन्।

### निखिलसँग पोखरामा

निर्देशक वसन्त निरौला आफ्नो चलचित्र 'विजयपथ'को छायांकन गोप्य रूपमा पोखरामा गरिरहेका छन्। काठमाडौं उपत्यकामा छायांकन गर्दा उप्रेतीका अन्य निर्माता तथा निर्देशकहरूले बाधा उत्पन्न गर्न थालेपछि चलचित्रको छायांकन टोलीसहित निर्देशक निरौला पोखरा पुगेको बताइन्छ। पोखरा पुगे पनि मौसम अनुकूल नभएकाले छायांकनमा बाधा पुगिरहेको छ।





# बन्दका बीच विवाहको अनुभव

अराज र प्राश्नाको पहिलो भेट २०५९ सालमा म्युजिक वर्क स्टुडियोमा भएको थियो। अराज म्युजिक वर्क स्टुडियोमा रेकर्डिङको काम गर्थे। प्राश्ना एउटा विज्ञापनको जिंगल गाउन स्टुडियोमा आएकी थिइन। अराजलाई प्राश्नाको गीत सार्है मन पर्‍यो। त्यसै बखत दुवै साथी भए। दुःख-सुखमा एक-अर्कालाई साथ दिँदै जाँदा २००७ को भ्यालेन्टाइन डेमा एक-अर्काले दुवै जनाबीच माया बसेको अभिव्यक्ति दिए। २०६५ को वैशाख ७ गते अराज प्राश्नालाई माग्न उनको घर धरान पुगे। वैशाख ९ गते दुवै जनाको कुरा छिनियो र फागुन २२ गते विवाह गर्ने तिथि निश्चित गरियो। त्यसपछि पूर्वको कोसी र पश्चिमको महाकाली जोड्ने एउटा अचम्मको विवाह यसरी भयो। अराजकै शब्दमा :

● मेरो अनुभवमा ●



छोटो समयमै विवाहको तिथि तय हुँदा धेरै गाह्रो भयो, सामानहरू जुटाउन। आफू काठमाडौं बस्ने, सुदूर पश्चिमको महेन्द्रनगरदेखि पूर्वको धरान जन्ती जानुपर्ने कुरा सुनेर साथीहरू पनि त्यति टाढा कसरी जाने भन्दै पन्छिन थाले। यताउता समानहरू किनमेल गर्दागर्दै १८ गतेको बिहान ११ बजिसकेको थियो। १९ गतेदेखि थरूहट बन्दको हल्ला सुनियो। म त्यसै दिन हिँड्नुपर्ने भएकाले सामानहरू प्याक गरी हिँडें। बन्दको हल्लाले गर्दा बस प्याक भैसकेको रहेछ। मजस्तै अरू छ-सात जना यात्रु उभिएर भए पनि जानुपर्छ भन्दै थिए। मसँग पनि अरू कुनै उपाय थिएन। गाडी चढ्न ढिलो पुगेकाले र सामान पनि धेरै भएकाले धेरैजसो सामान गाडीमाथि राख्न लगाएँ र आधीजति आफूसँगै गाडीभित्र लगें।

मुढा दिने भएकाले हामी सबै जना एउटा-एउटा मुढा लिएर ठाउँ ओगटी बस्यौं। अर्को दिन बन्द हुन्छ, बाटोमै अलपत्र हुनुपर्छ भनी ड्राइभरले गाडीको गति बढाए। कष्ट गरेरै महेन्द्रनगर घर पुगियो। घरमा धूमधामसँग विवाहको तयारी भैरहेको थियो। काठमाडौंका साथीहरूलाई विवाहको कार्ड दिन पाइएन, तर महेन्द्रनगरका साथीहरूलाई दिनुपर्छ भन्ने सोचेको थिएँ। सोचेर के गर्नु ? महेन्द्रनगरमा विद्यार्थीको आन्दोलन रहेछ। पुलिस र विद्यार्थीबीच ठूलो भिडन्त भैसकेको थियो। कसरी कार्ड बाँड्नु ? अलिअलि सामान पनि जुटाउन बाँकी थियो, त्यो पनि त्यसै भयो।

उता धरानमा प्राश्नाको घरमा पनि सबै तयारी भैसकेको उनले बताइन्। पूर्व-पश्चिम राजमार्ग बन्द थियो, थरूहटको आन्दोलनले गर्दा। जन्ती समयमा पुग्छ कि पुग्दैन भनेर सबै जना डराएका थिए। सबैको सल्लाहअनुसार २० गते महेन्द्रनगरबाट हिँड्ने कुरा भएको थियो। आन्दोलनको डरले गर्दा कुनै गाडीवाला धरान जान मानेनन्। धन्न, एक जना चिनेको दाइले गाडी पठाउन माने, तर दुई घन्टापछि फेरि ती दाइले पनि 'म त गाडी पठाउँदिनँ, बाटोमा गाडी तोडफोड हुँदैछ रे, गाडी जलाएका छन् रे' भन्न थाले। उनले बैना दिएको पैसा पनि फिर्ता दिने सुर कसे। बल्ल-बल्ल रोकतोक नगरिदिन प्रशासनको पत्र बनाएपछि गाडीवाला दाइले माने।

त्यसपछि गाडीको ड्राइभरले नजाने भन्न थाले। ड्राइभर थारू जातिका रहेछन्। 'हाम्रा साथीहरूले यस्तो आन्दोलन गरिराखेका छन्, म आफैं थारू हुँ, मैले गाडी गुडाउन मिल्दैन, मलाई भोलि नराम्रो हुन्छ'- उनले भने। उनलाई पनि एक घन्टा लगाएर मनायौं।

२० गते दिनको ३ बजे हामी घरबाट निस्कियौं। घरदेखि आफ्नो ठाउँ नकटुन्जेल सबैजना बाटोमा नाच्दै रमाउँदै थिए। अचानक हजार-बाह्र सय जनाको भीड दगुर्दै आयो, हामी सबै जना डरायौं– अब के हुने हो भनेर, तर भाग्यवश सबै जना हामीलाई केही भन्न आएका रहेछन्। त्यो भीडले दुलहीलाई राम्रोसँग ल्याउन भनिरहेको थियो।

६ बजे बिहान हामी नारायणघाट पुग्यौं। नारायणघाट पुगुन्जेल ५० भन्दा बढी अवरोध पन्छाउँदै, उनीहरूसँग अनुरोध गर्दै अघि बढ्यौं। पाँच-सात किलोमिटरको दुरीमा त्यस्ता अवरोधहरू थिए, एकै ठाउँमा दुई-तीनवटा अवरोध थिए। मलाई सम्झना छ, ७० भन्दा बढी ठाउँमा हाम्रो गाडी रोकियो। २१ गते साँझ ६:३० बजेतिर हामी सकुशल धरान पुग्यौं।



२२ गते साँझ ६ बजेतिर हाम्रो विवाह कार्यक्रम रमाइलोसँग सम्पन्न भयो। २३ गते बिहान हामी धरानबाट महेन्द्रनगरतर्फ हिंड्यौं। आउँदा बाटोहरू पन्छाउँदै, कार्यकर्ताहरूलाई सम्झाउँदै-बुझाउँदै आएका थियौं। त्यसो त बाटो अझै तनावपूर्ण थियो, कतै गाडीहरू जलाइएका, गाडीहरू तोडफोड भएका। हामी नारायणघाट कट्दा ९ बजिसकेको थियो। नारायणघाटभन्दा अलि पर मात्र के पुगेका थियौं, गाडीहरू तोडफोड गरी जलाइरहेका थिए। हामीलाई अलि पर नै रोकियो। हामीमध्ये एक जना त्यो ठाउँमा कुरा बुझ्न गए तर त्यहाँको वातावरण धेरै नै बिग्रिएको थियो। धेरैजसो मातेर तोडफोड गरिरहेका थिए। उनीहरूलाई बुझाउन धेरै गाह्रो भयो। एउटालाई सम्झायो अर्को ताल्ने। कताबाट आएर एउटा समूहले हाम्रो गाडी तोडफोड गर्न थाल्यो। उनीहरूलाई हामीले सम्झायौं, विवाहको गाडी हो, यसो नगरिदिनुस् भन्यौं तर कसरी सम्झाउने ? उनीहरूमध्ये केहीलाई सम्झाउन्जेल, अर्कोले सिसा फुटाइसकेको हुन्थ्यो। अलि पर पुगी शान्त ठाउँमा सबै जनाले सल्लाह गर्‍यौं– राति हिंड्नु उचित छैन। सबै जना मातेका छन्, उनीहरूलाई बुझाउन सकिँदैन। त्यसपछि उज्यालोमा हिँड्ने सल्लाह भयो। सबैतिर तनाव थियो, होटल-पसलहरू सबै बन्द थिए। एक ठाउँमा हामीले बल्ल होटल भेट्यौं, त्यहाँ खानाको मात्र व्यवस्था थियो। सुत्ने ठाउँ कहीं भेटिएन, सम्भावना पनि थिएन। सबै जना खाना खाएर गाडीमै गफ गर्दै बस्यौं।

त्यहाँ गफ गर्ने क्रममा एक जना दाइले भन्नुभयो– अराज रामले सीतालाई ल्याउन जसरी दुःख गरेका थिए, हामीले पनि दुःख गर्नु परिरा'छ। हामी जन्तीजति बाँदर सेनाको भूमिकामा छौं। तिमीहरूले यो जन्तीलाई छोराछोरीको पास्नीदेखि लिएर हरेक कार्यमा बोलाउन नबिर्सिनू।

यसरी बाटोभरि दुःख-सुख बाँड्दै २४ गते ६:३० बजे महेन्द्रनगर पुग्यौं। मलाई मनमनै डर लागिरहेको थियो– कसैलाई कार्ड बाँड्न पाइएको छैन, सबै जना रिसाउने होलान्, तर जब हामी महेन्द्रनगर पुग्यौं त्यहाँको भीड देखेर हामी चकित भयौं। सबैले समस्या बुझेरै आइदिएकाले म यति धेरै खुसी भएँ कि त्यसको सीमा नै छैन। हिँडेर पाँच-सात मिनेट लाग्ने बाटोमा सबै जना नाच्दै-रमाउँदै दुई घन्टा लगाएर घर भित्रियौं। यसरी सायदै कसैको जोडी बनेको होला ! आखिर मेरो र प्राश्नाको जोडी बनेरै छाड्यो।








# ग्ल्यामरस दृश्य दिन्छु

हेटौंडाकी रञ्जिता शर्मा अभिनय क्षेत्रमा पाइला टेकेको छोटो समयमै ठूलो पर्दाको चलचित्रमा सह-नायिकाको भूमिका निर्वाह गर्न सफल भएकी छिन् । निर्देशक तुलसी घिमिरेद्वारा निर्देशित चलचित्र 'माया त माया हो' मा उनले नायिका सञ्चिता लुइँटेलकी साथी बनेर अभिनय गर्ने अवसर पाइन् । आफ्नो पहिलो चलचित्र भए पनि उनलाई चलचित्रमा अभिनय गर्न त्यति गाह्रो भएन । 'सुरुमा क्यामेरा फेस गर्न अप्ठ्यारो भए पनि पछि सहज हुँदै गयो । कारण मसँग सडक नाटक र स्टेज नाटक खेलेको अनुभव थियो ।' - कालीकाली हिस्सी परेकी रञ्जिताले मुस्कुराउँदै भनिन्- अब जस्तो रोल आए पनि काम गर्न सक्छु।

२०५९ सालमा मकवानपुरको सास्कृतिक परिषद्को नाटक तरंगमार्फत कलाक्षेत्रमा प्रवेश गरेकी रञ्जिताले हालसम्म दुई दर्जनजति सडक नाटक र एक दर्जन स्टेज नाटकमा अभिनय गरिसकेकी छिन् । काठमाडौंको गुरुकुलमा प्रशिक्षण लिएपछि उनले करिब एक वर्ष गुरुकुलमै नाटक खेलिन् । अभिनयलाई आफ्नो प्रमुख रुचि मान्ने रञ्जिता समाजले पचाउनेसम्म ग्ल्यामर दिनुपर्छ भन्ने मान्यता राख्छिन् । प्रेमलाई सत्य र विवाहलाई सामाजिक निरन्तरता मान्ने रञ्जिता भविष्यमा सफल नायिका बन्ने लक्ष्यका साथ अघि बढिरहेकी छिन् ।

# दीलिप होइन सुरज



गायकद्वय यश कुमार तथा बाबु बोगटीले निर्माण गर्न लागेको नयाँ चलचित्र 'बाटोमुनिको फूल' को छायांकन प्रारम्भ हुनुअघि नै निर्देशक परिवर्तन भएका छन् । यसअघि नायक दिलीप रायमाझीले यो चलचित्र निर्देशन गर्ने पक्का भएको थियो, तर चलचित्रको छायांकन प्रारम्भ हुनै लाग्दा दिलीपले आगामी तिहारसम्म आफू व्यस्त भएको कारण दर्साउँदै चलचित्र निर्देशन गर्न नभ्याउने बताए । छायांकनको सम्पूर्ण तयारी पूरा भैसकेपछि निर्देशकका रूपमा चयन गरिएका दिलीप रायमाझीले नभ्याउने बताएपछि निर्माताद्वय कुमार र बोगटीलाई पर्नु पीर पर्‍यो । यश कुमार भन्छन्– 'असार २२ देखि छायांकन प्रारम्भ हुनुपर्ने थियो, दिलीपले भ्याउँदिन भनेपछि हतारमा निर्देशक परिवर्तन गर्नुपरेको छ ।' यसबीच दिलिपले चलचित्र निर्देशन नगरेपछि चलचित्रका लेखक सुरज सुब्बाले नै उक्त चलचित्रको निर्देशनको जिम्मा लिएका छन् । चलचित्रमा राजेश हमाल तथा रेखा थापाको मुख्य भूमिका रहनेछ भने यश कुमारले खलनायकको भूमिका निर्वाह गर्ने पक्का भएको छ




# फेरि राजेश-करिश्माको जोडी

नेपाली चलचित्रमा राजेश हमाल र करिश्मा मानन्धरको जोडीलाई कालजयी मानिन्छ । उनीहरूले नायक-नायिकाका रूपमा अभिनय गरेका प्रायः सबै चलचित्रले व्यावसायिक सफलता हासिल गरेका छन् । करिश्मा अमेरिका गएपछि दर्शकले यो जोडीलाई पर्दामा देख्न पाएका थिएनन्, तर अहिले करिश्मा स्वदेश फर्किसकेकी छिन् अनि दर्शकहरूको राजेश-करिश्माको रोमान्टिक जोडीलाई पुनः पर्दामा हेर्न पाउने धोको पनि पूरा हुँदैछ । निर्माणाधीन चलचित्र 'हो यही हो माया' मा लामो समयको अन्तरालपछि राजेश र करिश्मा एकसाथ काम गरिरहेका छन् । करिब पाँच वर्षपछि राजेश र करिश्माले सँगै काम गरेका हुन् । आफ्नै लगानीको चलचित्र 'बाबुसाहेब' को व्यावसायिक असफलतापछि अमेरिका प्रस्थान गरेकी करिश्माले २०६१ सालमा स्वदेश फर्किएको बेला 'पापी मान्छे' तथा 'मनमा माया' मा अभिनय गरेकी थिइन् । संजोगको कुरा हो, ती दुवै चलचित्रमा राजेश हमाल नै उनका नायक थिए । पाँच वर्षपछि पुनः अभिनय कर्ममा फर्किएकी करिश्मा र राजेशको 'हो यही हो माया' लाई दर्शकले कत्तिको माया दिने हुन्, हेर्न बाँकी नै छ ।



● चलचित्र ●

# कहाँ भेटिएला



नेपाली चलचित्रमा दुई दशक बिताइसकेका नायक श्रीकृष्ण श्रेष्ठले पहिलो पटक निर्माण गरेको चलचित्र 'कहाँ भेटिएला' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ। राजधानीका एक दर्जन सिनेमाघरमा यो चलचित्र प्रदर्शन गर्ने सम्पूर्ण तयारी पूरा भएको नायक तथा निर्माता श्रेष्ठले बताएका छन्। शिव रेग्मीद्वारा निर्देशित 'कहाँ भेटिएला' मार्फत श्वेता खड्का नायिकाका रूपमा चलचित्रक्षेत्रमा पदार्पण गर्दैछिन्। यो चलचित्रबाट डेब्यू गर्नुअघि श्वेता नृत्यनिर्देशक वसन्त श्रेष्ठको नृत्यको प्रशिक्षण लिइरहेकी थिइन्। कलेजका लागि नृत्य प्रशिक्षण लिने क्रममा उनी निर्माता श्रीकृष्णको नजरमा परेकी थिइन्। यो चलचित्रको प्रदर्शनपछि श्वेताले आफू चलचित्रक्षेत्रमा स्थापित हुने अनुमान गरेकी छिन्।

'कहाँ भेटिएला' मा श्रीकृष्ण तथा श्वेताका अतिरिक्त नीर शाह, सुशीला रायमाझी, मिथिला शर्मा, रवि गिरी, वीरेन्द्र हमाल, रमेश अधिकारी, उत्तम केसी, उमेश खड्का आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। चलचित्रमा श्रीकृष्णले बक्सरको भूमिका निर्वाह गरेका छन्। श्वेतालाई भने एउटा होटलमा काम गर्ने सोझी युवतीका रूपमा प्रस्तुत गरिएको छ। खेलकुद यात्राका क्रममा श्रीकृष्णले एउटा होटलमा श्वेतालाई देखेका हुन्छन्। सुन्दर युवती श्वेतालाई मन दिनुअघि श्रीकृष्णले उनको वास्तविकता र दुःखसमेत बुझेका हुन्छन्। यद्यपि राष्ट्रिय स्तरको खेलाडीले एउटा होटलमा सामान्य काम गर्ने युवतीलाई जीवनसाथी बनाउने कुरा नेपाली समाजमा पचाउन सकिने कुरा होइन। चलचित्रमा एउटा खेलाडीले आफ्नी प्रेमिकाका लागि खेलजीवन नै त्याग्नुपर्ने यथार्थता प्रस्तुत गरिएको छ। शम्भुजित बाँसकोटाको संगीत, राजेन्द्र खड्गीको द्वन्द्व, वसन्त श्रेष्ठको नृत्य, शम्भु सापकोटाको छायांकन रहेको यो चलचित्रमा छायांकन स्थल तथा साजसज्जामा विशेष ध्यान दिइएको छ।

# जी-फोर्स

आज शुक्रबार हलिउडमा चलचित्र 'जी-फोर्स' को सार्वजनिक प्रदर्शन प्रारम्भ हुँदैछ। यसलाई एक्सन, एड्भेन्चर तथा एनिमेसन चलचित्रमा वर्गीकरण गरिएको छ। एनिमेनश चलचित्रका दर्शकलाई लोभ्याउने शैलीबाट निर्माण गरिएको यो चलचित्रको निर्देशन होएट येटम्यानले गरेका हुन्। डेविड पी आई जेम्सले निर्माण गरेको यो चलचित्रलाई बुना भिष्टा पिक्चर्सले विश्वव्यापी रूपमा वितरण गर्दैछ। चलचित्रमा स-साना जनावरले अभिनय गरेका छन्। उनीहरूका लागि हलिउडका कलाकार बिल निघी, विल आर्नेट, ज्याक गालीफिनाकिस, केल्ली गार्नर, टाइलर प्याट्रिक जोन्स आदिले स्वर प्रदान गरेका छन्।



चलचित्रमा गिन्नी पिगहरूलाई नायक-नायिकाका रूपमा प्रस्तुत गरिएको छ। अत्याधुनिक प्रविधिका जासुसी उपकरणयुक्त जनावरहरू शक्तिशाली छन्। उनीहरू आफ्नो छुट्टै संसार बनाउने कार्यमा अघि बढेका छन्। हतियारसहितको उनीहरूको समूहलाई 'जी-फोर्स' नामकरण गरिएको छ। जी-फोर्सका लडाकुहरू आफ्नो छुट्टै संसार निर्माण गर्ने यात्रामा सबैलाई परास्त गर्दै अघि बढ्छन्। चलचित्रमा साना जनावरको हाउभाउले दर्शकलाई प्रशस्त मनोरञ्जन प्रदान गर्नेछ। यो चलचित्र बालबालिकाहरूका लागिसमेत दर्शनीय बन्ने अपेक्षा निर्देशक येटम्यानको छ।

# लक



सोहम शाहद्वारा निर्देशित नयाँ चलचित्र 'लक' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ। श्री अष्टविनायक सिनेभिजनको ब्यानरमा निर्माण गरिएको यो चलचित्रमा सञ्जय दत्त, मिथुन चक्रवर्ती, डेनी डेन्जोङ्पा, इमरान खान, रवि किसन, श्रुति हसन, रति अग्निहोत्री, चित्राषी रावत आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। चलचित्रको निर्देशन सोहम शाहले गरेका हुन्। सलिम सुलेमानद्वारा संगीतबद्ध यो चलचित्रका गीत सुखविन्दर सिंह, सत्या हिन्दुजा, सलिम मर्चेन्ट, श्रुति पाठक, नरेश कामत आदि गायक-गायिकाले गाएका छन्। 'लक' एउटा थ्रिलर चलचित्र हो, जसमा भाग्यको जति पनि अर्थ तथा रूप हुन्छन्, ती सबैलाई चित्रण गरिएको छ। भाग्य परिवर्तन गर्ने क्रममा व्यक्तिको संसार नै परिवर्तन हुन्छ। चलचित्रमा यही कुरालाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ।

चलचित्रको कथा राम मेहरा (इमरान खान) को वरिपरि घुमेको छ। थुप्रै प्रकारका समस्याबाट घेरिएका राम अन्ततः त्यो स्थानसम्म पुग्न सफल हुन्छन्, जहाँ उनलाई शक्ति र साधन दुवै हासिल हुन्छ, तर अवसरचाहिँ हुँदैन। यो दुर्भाग्यबाट उनी बाहिर निस्कन चाहन्छन्। भनिन्छ, भाग्य त्यो वस्तु हो जब अवसरले तपाईंको ढोका ढकढक्याउँछ र तपाईंले त्यसको जवाफ दिनुहुनेछ। रामको जीवनमा पनि यही कुरा लागू हुन्छ। जब उनी अवसरलाई स्वीकार्छन्, उनलाई के अनुभव हुन्छ भने उनीसँग यति धेरै शक्ति र क्षमता छ। उनी कुनै पनि समस्यासँग जुध्न योग्य छन्, तर समस्याको अन्त्य हुँदैन। बारम्बार उनको लक अर्थात् भाग्यको परीक्षा हुन्छ।

रामका लागि मुसा (सञ्जय दत्त) ले लगातार समस्या उत्पन्न गरिरहन्छन्। मुसा निकै भाग्यशाली व्यक्ति हुन्। ग्याम्बिङको संसारका उनी सबैभन्दा शक्तिशाली डन हुन्। मुसासँग प्रतिस्पर्धा गर्ने क्रममा रामलाई अवकाश प्राप्त मेजर (मिथुन), कैदी (रवि किसन) का अतरिक्त डेनी तथा चित्रांशीले सहयोग गर्छन्। ६५ दिनमा छायांकन सम्पन्न भएको यो चलचित्रमा दक्षिण अफ्रिका, बैंकक तथा गोवाका दृश्य हेर्न पाइन्छ। यो चलचित्र आजैदेखि काठमाडौंमा पनि प्रदर्शन हुँदैछ।



● सानो पर्दा ●

## सानो पर्दामा शिशिर

विभिन्न विज्ञापन तथा चलचित्रहरूमा अभिनय गरिरहेका कलाकार शिशिर राणाले हास्यश्रृंखला 'जीरे-खुर्सानी' मा अभिनय गर्न थालेका छन्। जितु नेपाल तथा शिवहरि पौडेलद्वारा निर्देशित यो श्रृंखलामा कलाकार राणाले प्रभावकारी भूमिका निर्वाह गरेका छन्। नेपाल टेलिभिजनबाट सोमबार राति ८:५० बजे प्रसारण हुने श्रृंखलामा दर्शकले उनलाई जग्गामा लगानी गर्ने पात्रका रूपमा देख्न पाइरहेका छन्।

## कान्तिपुरमा माइकल

कान्तिपुर टेलिभिजनबाट नयाँ हास्यश्रृंखला 'मिस्टर माइकल नेपाली' प्रसारण हुने भएको छ। उज्ज्वल भण्डारीद्वारा निर्देशित तथा मेडियो बैंकद्वारा निर्मित यो श्रृंखलामा निर्देशक भण्डारीका अतिरिक्त कमल मैनाली, शिवशंकर रिजाल, राजु श्रेष्ठ आदि कलाकारको मुख्य भूमिका छ। यही साउन महिनाको अन्तिम सातादेखि यो श्रृंखलाको प्रसारण प्रारम्भ हुने बताइन्छ।

## अभागी पुर्पुरो

निर्देशक उत्तम कोदे पनि दर्शकलाई हँसाउने अभियानमा जुटेका छन्। उनले निर्देशन गरेको नयाँ हास्यश्रृंखला 'अभागी पुर्पुरो' प्रसारणको क्रममा छ। श्रृंखलामा दीपक अधिकारी, रेशम फिरिरी, मिलन लामा, उत्तम कोदे आदि कलाकारले अभिनय गरेका छन्।

## रनभुल्लका कुरा

सानो पर्दाका दुई कलाकार दीपेन्द्र घिमिरे तथा प्रवेश दाहालले एउटा नयाँ हास्यश्रृंखला निर्माण गरेका छन्। 'रनभुल्ल' शीर्षक राखिएको यो श्रृंखलाको निर्देशन पनि उनीहरूले नै गरेका हुन्। सामाजिक विषयवस्तुलाई हास्यव्यंग्यात्मक ढंगले समेटिएको यो टेलिश्रृंखलामा विष्णु सापकोटा, सूरवीर पण्डित, तारा केसी, सुरज चापागाईं, भीमबहादुर थापा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। मनराजा श्रेष्ठले छायांकन गरेको यो श्रृंखलाको प्रसारण मिति भने तय भैसकेको छैन।

## घाइते भए फिस्टे

दुई साताअघि राजधानीको दशरथ रंगशालामा राजनैतिक दलका नेताहरूसँग फुटबल खेल्ने क्रममा सानो पर्दाका हास्यकलाकार गोपाल नेपाल 'फिस्टे' घाइते भएका छन्। पूर्व भलिबल खेलाडी दिनेश बानियाँको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले फुटबल खेल्ने क्रममा आफ्नो देब्रे हात भाँचिएको फिस्टेले बताएका छन्। 'खेल्दा-खेल्दै अचानक लडें, फिस्टे भन्छन् – 'एक-दुई दिनपछि हात दुखेर परीक्षण गराउँदा डाक्टरले भाँचिएको जानकारी दिए।' केही साता हातमा ब्यान्डेज बाँध्नुपर्ने भए पनि 'तीतो-सत्य', 'जीरे-खुर्सानी' तथा आफ्नै निर्देशनको 'लगन जुर्लाजस्तो छ' मा काम गर्न गाह्रो नभएको उनले बताएका छन्।


कान्तिपुर पब्लिकेसन्सको एउटा उत्कृष्ट प्रकाशन

# नेपाली नारीको अभिन्न संगी

प्रत्येक महिना हरेक घरमा













# तपाईंको विचारमा भावी श्रीमान् 'कुमार' हुनु अनिवार्य छ कि छैन ?

## केवल एक प्रश्न

हा हा हा...(लामो हाँसो) कसरी आएको होला तपाईंको दिमागमा यस्तो प्रश्न, अचम्मै लाग्यो मलाई त। मेरै भागमा किन यस्तो प्रश्न नि ? जवाफ त दिनैपर्‍यो, हैन ? अँ...अहिलेको जमानामा प्याज नखाएको खै के हो फेला पार्न सकिंदैन भन्छन्, झन् 'कुमार' केटा कसरी फेला पार्नु ? तैपनि जीवन बिताउने व्यक्ति कुमार नै भएको राम्रो ! अनिवार्य चाहिं छैन।

**– मल्लिका कार्की (गायिका)**

प्रश्न त कस्तो फन्नि रहेछ नि ! मेरो विचारमा भावी श्रीमान् कुमार नै हुनुपर्छ भन्ने अनिवार्य छैन। मलाई त 'अनुभवी' व्यक्ति नै मनपर्छ, त्यसैले मैले विवाह गर्ने व्यक्ति कुमार नभएकै ठीक छ। दुवै जना कुमार-कुमारी भइयो भने खै के नमिलेको, के नजानेको जस्तो हुन्छ होला नि त !

**– जेनिशा केसी (नायिका)**

रमाइलो लाग्यो तपाईंको प्रश्न ! मलाई यो कुराले रत्तिभर फरक पार्दैन। अर्को कुरा, म त्यस्तो व्यक्तिसँग विवाह गर्न चाहन्नँ जसलाई मैले नै सबै कुरा सिकाउनु परोस्।

**– सलोनी राजभण्डारी (भिजे)**

संसार कहाँबाट कहाँ पुगिसक्यो, मलाई त यस्तो प्रश्न उठाउनै मिल्दैन जस्तो लाग्छ। यो त २१ औं शताब्दी हो नि ! मेरा लागि भावी श्रीमान् 'कुमार' हुनु अनिवार्य छैन।

**– कुन्छाङ मोक्तान (मोडल)**

अँ....मेरो विचारमा अहिलेको समयमा कुमार केटा फेला पार्न अति नै गाह्रो छ। त्यसैले भावी श्रीमान् कुमार नै हुनुपर्छ भनेर ढिपी गर्नु आवश्यक छैन जस्तो लाग्छ।

**– रिनाशा राई (कोरियोग्राफर)**



## जम्का भेट

करिब २२ वर्षअघि चलचित्र 'भुमरी' बाट अभिनय-यात्रा प्रारम्भ गर्दै 'गरिब' बाट नायकको भूमिका निर्वाह गर्न थालेका नायक श्रीकृष्ण श्रेष्ठले झन्डै एक सयवटा चलचित्रमा अभिनय गरिसकेका छन्। 'आफन्त', 'सुख-दुःख', 'नाता', 'गुरुचेला,' 'सुनचाँदी', 'आफ्नो मान्छे' जस्ता सफल चलचित्रका यी नायक विगत दुई वर्षदेखि एउटै अभियानमा छन्। दुई दशक लामो करियरमा हासिल गरेको अनुभवलाई उनले चलचित्र 'कहाँ भेटिएला' मार्फत साट्ने प्रयास गरेका छन्। आफ्नो लगानीको यो पहिलो चलचित्र साउन ९ गते शुक्रबारदेखि राजधानीमा प्रदर्शन हुने भएपछि उनको व्यस्तता अचानक बढेको छ। आफ्नो पहिलो चलचित्र व्यावसायिक रूपले सफल हुने कुरामा ढुक्क देखिएका श्रीकृष्णसँग प्रज्ञा-प्रतिष्ठानमा भएको जम्काभेट :



**अभिनयमै जमिरहेको कलाकार अचानक निर्माता बन्नुपर्ने कारण ?**

लामो समयदेखि चलचित्रमा अभिनय गरिरहेका कलाकारसँग दुईवटा विकल्प हुन्छन्। एउटा चलचित्र निर्देशक बन्ने, अर्को निर्माण गर्ने। चलचित्र निर्देशन गर्नु साह्रै जटिल काम हो, त्यसैले पहिले निर्माणमै हात हाल्न मन लाग्यो।

**नायकबाट निर्माता बन्दा अनुभव कस्तो भयो ?**

नायकका रूपमा काम गर्दा आफ्नो भूमिकामा मात्र ध्यान दिए पुग्थ्यो, निर्माता भएपछि सियोदेखि फालीसम्म आफैंले व्यवस्था गर्नुपर्ने रहेछ, अर्थात् निर्माताका रूपमा काम गर्न साह्रै गाह्रो हुँदो रहेछ।

**पहिलो चलचित्रको निर्माणबाटै दिक्क लागेजस्तो छ नि ?**

हैन-हैन, दिक्क लागेको छैन, म त उत्साहित छु। चलचित्र निर्माणलाई जीवनभरि निरन्तरता दिने मेरो योजना छ। चार-पाँच वटा चलचित्र निर्माण गरेपछि निर्देशनको क्षेत्रमा पनि हात हाल्छु।

**'कहाँ भेटिएला' कस्तो चलचित्र हो ?**

सबैले आफ्नो चलचित्रलाई राम्रो भन्छन् तर मचाहिं यसलाई अहिलेसम्मकै पृथक् नेपाली चलचित्र भन्न रुचाउँछु। अहिलेसम्म पर्दामा नदेखिएको एउटा यथार्थ कथा दर्शकले यो चलचित्रमा पाउनुहुनेछ। म्युजिकल लभ स्टोरीको थिममा आधारित यो चलचित्रको सांगीतिक पक्ष पनि उत्तिकै सबल छ।

**चलचित्रमा तपाईंको भूमिका कस्तो छ ?**

मैले एउटा बक्सिङ खेलाडीको भूमिका निर्वाह गरेको छु, जो एउटा होटलमा काम गर्ने युवतीको प्रेममा परेपछि खेलजीवन नै त्याग्न बाध्य हुन्छ।

**चलचित्रकी नायिकाको निकै प्रसंसा भैरहेको छ नि ?**

हो, श्वेता खड्कालाई दर्शकले चलचित्र प्रदर्शन हुनुअघि नै मन पराइसकेका छन्। निर्देशक शिव रेग्मीले नयाँ अनुहार भए पनि श्वेताबाट स्तरीय अभिनय गराएका छन्।



## ● साताको स्वर ●



### सुनिलसिंह ठकुरी

**घटना घट्यो... कस्तो शैलीको गीत हो ?**
सुन्ने बित्तिकै नाचूँ-नाचूँ लाग्ने लोक पप शैलीमा आधारित गीत हो ।

**गीतको कुन पक्ष आकर्षक छ ?**
यसको शब्द नै क्याची छ । गीतको मेलोडी पनि उत्तिकै रमाइलो छ । एक पटक सुन्नेबित्तिकै श्रोताको मन जितिरहेको छ ।

**कस्ता श्रोताले यो गीत बढी मन पराएका छन् ?**
मैले यो गीत टिनएजरहरूका लागि तयार पारेका हुँ, तर बालबालिकादेखि बूढापाकाले पनि उत्तिकै मन पराएका छन् । युवतीहरूले त झनै रुचाएका छन् ।

**म्युजिक भिडियो आफैंले निर्देशन गर्नुभएछ नि ? किन ?**
पहिलेदेखि नै अन्य गायक-गायिकाको म्युजिक भिडियो निर्माण गरिरहेकाले आफ्नो गीत आफैंले निर्देशन गरेको हुँ ।

**कस्तो बनेको छ त भिडियो ?**
सकेसम्म राम्रो बनाउने प्रयास गरेको छु । प्रेमको सुरुवातको घटनालाई भिडियोमा आकर्षक ढंगले चित्रण गरिएको छ ।

### गाउँदैछन् फत्तेमान

वरिष्ठ गायक तथा संगीतकार फत्तेमान पुनः श्रोतामाझ आउने भएका छन् । आगामी भदौ १३ गते प्रज्ञा भवनमा आयोजना हुने एकल सांगीतिक कार्यक्रम 'फत्तेमान सांगीतिक साँझ' मार्फत् उनी श्रोतामाझ आउन लागेका हुन् । आफ्ना श्रोतासँग सामीप्यता बढाउन पुनः एकल कार्यक्रममार्फत् आउन लागेको गायक फत्तेमानले बताएका छन् । यो कार्यक्रम संगीत शीला प्रतिष्ठानले आयोजना गर्न लागेको हो ।

### मेजरको गायन मोह

नेपाली सेनाको मुख्यालयमा कार्यरत मेजर गौरव गुरुङ हातमा बन्दुक नभएको समयलाई गायनमा खर्चिरहेका छन् । उनले भर्खरै मात्र 'गौरव' शीर्षकको गीतिसंग्रह सार्वजनिक गरेका छन्, जसमा १० वटा गीत छन् । उनका गीतमा माया-प्रीतिका कुरा बढी छन् । ३८ वसन्त पार गरेका गौरव ओखलढुंगाको रुम्जाटारमा जन्मिएका हुन् । २०४५ सालदेखि गायनमा लागेका उनले त्यही बेलामा संगीतकार अम्बर गुरुङ र शिलाबहादुर मोक्तानसँग काम गरेका थिए । २०५६ मा रेडियो नेपालमा चारवटा गीत रेकर्ड गरिसकेका गौरवले आगामी वर्ष अर्को संग्रह सार्वजनिक गर्ने योजना बनाएका छन् ।

### संगीत कल्याण कोष

नेपाली कला-संस्कृतिको संरक्षण, संवर्द्धन गर्ने, संगीतक्षेत्रका स्रष्टा, सर्जक, कलाकार, वाद्यवादक, उद्योगी, प्राविधिक तथा सञ्चारकर्मी आदिको हकहित संरक्षण गर्ने उद्देश्यले नेपाल संगीत कल्याण कोषको स्थापना गरिएको छ । गत आइतबार राजधानीको राष्ट्रिय नाचघरमा आयोजित एक औचारिक समारोहमा कोषको विधिवत् उद्घाटन गरिएको थियो ।

### कन्सर्टमा सबिन राई

दरबारमार्गस्थित द इन्सोमेनिया क्लबमा अघिल्लो बिहीबार आयोजित एउटा सांगीतिक कार्यक्रममा गायक सबिन राईले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरे । 'कालो-कालो रात...' गीतबाट लाइभ कन्सर्ट प्रारम्भ गर्ने क्रममा गायक राईलाई सांगीतिक समूह 'माउन्ट ८८४८' का संगीतकर्मीले ब्याक-अपका रूपमा साथ दिएका थिए । कन्सर्टमा गायक राईले 'आफ्नो कथा', 'सुन्दरताको तिमी उदाहरण हो', 'दुई थुगा सयपत्री' आदि गीत प्रस्तुत गरे । कार्यक्रममा माउन्ट ८८४८ का संगीतकर्मीले पनि आफ्नो समूहका लोकप्रिय गीत गाए । उनीहरूले 'रात गुजार्न गाह्रो भो', 'बुढेसकालको लाठी' आदि गीत प्रस्तुत गरेर

## ● म्युजिक अपडेट ●

उपस्थित दर्शकलाई नाच्न बाध्य तुल्याए । उनीले स्पेनिस शैलीको अर्को एउटा गीत 'जेठी माइली साइँली' तथा रक गीत 'छोरो' लाई पनि दर्शकले उत्तिकै मन पराएका थिए ।

### वाद्यवादक संघ गठन

सांगीतिक क्षेत्रमा गायक-गायिका तथा संगीतकारजत्तिकै महत्त्व भएका वाद्यवादकहरूले आफ्नो हक-अधिकार प्रत्याभूत गराउन राष्ट्रिय वाद्यवादक कलाकार संघ नेपाल गठन गरेका छन् । विधागत संरक्षण, संवर्द्धन तथा वाद्यवादकहरूबीच श्रेणी विभाजन गरी पारिश्रमिक निर्धारण गर्ने उद्देश्यले यो संस्था गठन गरिएको हो । अक्षयकोष स्थापना गरी हरेक वाद्यवादकको सीपविकासका निम्ति तालिम उपलब्ध गराउनु पनि संगठनको उद्देश्य हो । तदर्थ समितिले आगामी साउन १७ गते राजधानीमा पहिलो साधारणसभा आयोजना गर्ने तथा उक्त अवसरमा नयाँ कार्य समिति चयनका साथै सांगीतिक कार्यक्रम पनि गर्नेछ ।

### एकैपटक तीन संग्रह

नेपाल टेलिभिजनबाट प्रसारणको क्रममा रहेको सांगीतिक प्रतिस्पर्धात्मक कार्यक्रम 'भ्वाइस अफ टिन' का तीन निर्णायकमध्ये राजु सिंह पनि एक हुन् । भर्खरै देशव्यापी अडिसनबाट काठमाडौं फर्किएका संगीतकार सिंह यतिबेला एकैपटक तीनवटा गीतिसंग्रहको काममा व्यस्त छन् । सुगम संगीत सिर्जना गरेर चर्चामा आएका संगीतकार सिंह यतिबेला गीतकार आनन्द अधिकारीको 'एकादेशमा', गीतकार योगेन्द्रमणि दाहालको 'यात्रा' तथा यादव खरेलका गीतहरूको संग्रहमा संगीत भरिरहेका छन् । 'एकादेशमा' चाँडै बजारमा आउँदैछ, संगीतकार सिंह भन्छन्– 'बाँकी दुई संग्रह पनि केही समयपछि नै श्रोतामाझ पुग्नेछन् ।'

## साप्ताहिक लाइभ

नेपाली संगीतकर्मीहरूको एक समूहले युरोपका विभिन्न देशमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने भएको छ । 'नमस्ते युरो टुर- २००९' शीर्षकको यो सांगीतिक कार्यक्रममा सहभागी हुने कलाकारहरू आगामी सोमबार त्यसतर्फ प्रस्थान गर्दैछन् । अभिनाश घिसिङ, मिङ्मा शेर्पा, रोज मोक्तान तथा डिजे तेन्जिङ सहभागी हुने सांगीतिक कार्यक्रम आगामी शनिबार बेल्जियमबाट प्रारम्भ हुनेछ । नमस्ते इन्टरटेन्मेन्टले आयोजना गर्ने उक्त कार्यक्रम बेल्जियमपछि एक-एक साताको अन्तरालमा हल्यान्ड, फ्रान्स, स्वीजरल्यान्ड, स्पेन, इटली, पोर्चुगल तथा अन्त्यमा भदौ ३१ गते पुनः बेल्जियममा आयोजना गरिने आयोजक संस्थाका पाल्देन शेर्पाले बताएका छन् । डिजे तेन्जिङ भने बेल्जियमको कार्यक्रममा मात्र सहभागी हुनेछन् ।

## ● अफबिट ●



**अमेरिकामा सुटिङ :** गायक सुदीप गिरी आफ्नो नयाँ संग्रह 'कथा'को 'जाने भए जाउँ' गीतको म्युजिक भिडियोको छायांकनका क्रममा अमेरिकाकी नेपाली मोडलसँग । **तस्बिर सौजन्य : सुदीप गिरी**

### देशव्यापी सांगीतिक कार्यक्रम

गायिका नलिना चित्रकारले काठमाडौं छाडेको दुई साता भयो । अझै एक साता उनी काठमाडौंबाहिरै हुनेछिन् । नलिना मात्र होइन, गायिका कुन्ती मोक्तान, गायकद्वय जगदीश समाल तथा दीपक लिम्बू पनि नलिनासँगै एक महिना लामो सांगीतिक कार्यक्रमका क्रममा काठमाडौंबाहिरै छन् । इलामबाट प्रारम्भ भएको उनीहरूको सांगीतिक यात्रा बिर्तामोड, उर्लाबारी, इटहरी, सर्लाही, महोत्तरी, सिन्धुली हुँदै साउन आगामी १५ गते नवलपरासीमा पुगेर टुंगिनेछ । सरकारले पीएसआई तथा राष्ट्रिय मानव-कल्याण परिषद्मार्फत सांगीतिक अभियानमा स्वास्थ्यसम्बन्धी जनचेतना जगाउन छनौट गरेपछि देशव्यापी सांगीतिक कार्यक्रममा उनीहरू व्यस्त भएका हुन् । पूर्व मिस नेपाल सुगरिका केसी तथा हास्यकलाकार राजाराम पौडलको उद्घोषणमा सञ्चालन हुने यो कार्यक्रममा सुरेन्द्र केसीले पनि दर्शकहरूलाई हँसाइरहेका छन् ।

### शिवको सफलता

गायक तथा संगीतकार शिव परियारले सांगीतिक क्षेत्रमा नयाँ उचाइ कायम गरेका छन् । केही समयअघि बजारमा आएको उनको एकल गीतिसंग्रह 'कादम्बिनी' ले सफलता प्राप्त गरेको छ । गीतकार कादम्बिनी गुरुङको एकल रचना तथा शिवको एकल संगीतमा तयार भएको उक्त गीतिसंग्रहले कम समयमै राम्रो व्यापार गरेपछि गायक परियार उत्साहित छन् । कादम्बिनीले गायक परियारलाई प्रतिक्यासेट अढाई रुपैयाँ तथा प्रतिसिडीमा पाँच रुपैयाँको हददार बनाइदिएपछि उनी आर्थिक रूपमा पनि सन्तुष्ट भएका हुन् । करिब छ महिनाअघि रिबेल क्रिएसनसँग गीतिसंग्रह बजारमा ल्याउन प्रसंगमा कुरा नमिलेपछि रोक लगाइएको परियारको दोस्रो संग्रह 'स्वयं' को गीत पनि अहिले लोकप्रिय भैरहेको छ ।

## प्रवीण बज्राचार्य ● नजिकबाट ●

| | | |
|---|---|---|
| जन्ममिति | : | वैशाख २५ गते |
| घरमा बोलाउने नाम | : | प्रवीण |
| परिचय | : | गायक |
| जन्मस्थान | : | काठमाडौं |
| रुचि | : | संगीत, कुकुर प्रशिक्षण |
| प्रकाशित एल्बम | : | ब्ल्याक, कामता |
| सांगीतिक गुरु | : | प्रभुराज ढकाल |
| मनपर्ने परिकार | : | नेपाली |
| मनपर्ने रंग | : | कालो र हरियो |
| मनपर्ने पहिरन | : | क्याजुअल |
| मनपर्ने मौसम | : | जाडो |
| मनपर्ने खेल | : | स्वीमिङ |
| फुर्सदमा | : | गीत सुन्ने, कुकुरसँग खेल्ने |
| मनपर्ने गीत | : | चोट के हो, व्यथा के हो |
| रिस उठेको बेला | : | चुप लागेर बस्छु |
| मनपर्ने आफ्नै बानी | : | सहनशील छु |
| पहिलो चर्चित गीत | : | सानो कुराले... |
| पहिलो बाजा | : | गिटार |
| नराम्रो बानी | : | अलि अल्छी छु |
| अन्य प्रतिभा | : | कुकुर प्रशिक्षक हुँ |



## ● ब्यान्ड ●



### ब्ल्याङ्क च्याप्टर

नेपालका अन्डरग्राउन्ड सांगीतिक समूहमध्ये एक ब्ल्याङ्क च्याप्टर विगत तीन वर्षदेखि संगीत सिर्जनामा तल्लीन छ ।

काठमाडौंका छ जना युवा संगीतकर्मीको यो समूहले रक तथा मेटल संगीत सिर्जना गरिरहेको छ । समूहमा अरबिन प्रधान ब्यान्ड म्यानेजर तथा ब्याक भोकलिस्टका रूपमा कार्यरत छन् । रजित्य श्रेष्ठ गायक हुन् । निरञ्जन बज्राचार्य, सुमन शाक्य तथा अजित कुसुवार क्रमशः लिड गिटारिस्ट, बास गिटारिष्ट तथा रिदम गिटारिस्टका रूपमा सक्रिय छन् । विकेश शाही समूहका ड्रमर हुन् । यो समूहले चेतनामूलक गीत सिर्जनालाई प्राथमिकता दिएको छ । यो समूहले तयार पारेको 'हत्या र हिंसाले आतंक जाग्छ...' गीत अहिले चर्चामा छ । सहेन्द्र श्रेष्ठले म्युजिक भिडियो तयार पारेपछि यो गीत अहिले विभिन्न टेलिभिजन च्यानलमा बजिरहेको छ । यही समूहले तयार पारेको 'ए मानिसहरू बाँच र बाँच्न देऊ..., यो कस्तो राजनीति..., आमा तिमीले मलाई जन्म दियौ...' जस्ता गीत पनि समाजका विसंगतिहरूप्रति लक्षित छन् ।

२०६० सालमा स्थापना भएको यो समूहका सहकर्मीहरू आर्थिक अभावका कारण सोलो गीतिसंग्रह तयार पार्न समय लागिरहेको बताउँछन् । भर्खरै बजारमा आएको गीतिसंग्रह 'रक सिटी' मा आफ्ना केही गीत समावेश भएपछि उत्साहित यो समूहले कन्सर्टमार्फत समाज सेवा पनि गरिरहेको छ ।


# सेक्स टोय डिजाइन प्रतियोगिता

बेलायतको सेक्स टोय निर्माण कम्पनी लभ हनीले आफ्नो वेबसाइटमार्फत सेक्स टोयको डिजाइन प्रतियोगिता गराउने भएको छ। न्याविट नामक सेक्स टोय निर्माणमा विश्वमै लोकप्रियता कमाएको यो कम्पनीले नयाँ मोडलका न्याविट निर्माण गर्न डिजाइनरहरूलाई अफ्नो डिजाइन पठाउन आह्वान गरेको छ। यो प्रतियोगिता जित्ने डिजाइनरले १ हजार पाउन्ड नगद पुरस्कारका साथै उक्त डिजाइनको टोय बिक्रीबाट प्राप्त हुने नाफाबाट समेत केही प्रतिशत रोयल्टी प्राप्त गर्नेछन्। यो डिजाइन प्रतियोगिताका लागि टेलिभिजन सेक्स एक्सपर्ट ट्रेसी कक्स तथा लभ हनीका बोनी हल निर्णायक छन्। हल भन्छन्- यो डिजाइन प्रतियोगिताको उत्पादनदेखि बिक्री-वितरणसम्मको रणनीति तयार भैसकेको छ। योजनाअनुसार यसको बिक्री करोडौं पाउन्डमा गर्ने लक्ष्य छ। यसबाट उपभोक्ताले आफूले चाहेअनुरूपको सेक्स टोय पाउनेछन् भने डिजाइनर लाखौं पाउन्डको मालिक हुनेछन्।




● पहिलो विश्व ●

# छोटो हुँदैछ नीलो चलचित्र




इन्टरनेटमा नीलो चलचित्रको बजार बढ्दै गएपछि यसका निर्माता तथा निर्देशकहरूले नीलो चलचित्रको समयलाई छोटो बनाउन थालेका छन्। पहिले सिडी तथा डिभिडीबाट हुने व्यापार इन्टरनेट डाउनलोडमा परिणत भएपछि निर्माताहरूले चलचित्रको समय घटाउन थालेका हुन्। समय घटाएपछि चलचित्रका लेखक, निर्देशक, कलाकार आदिको पारिश्रमिकमा पनि कटौती गरिएको छ, जसको सर्वाधिक मार यसका लेखकहरूले भोगेका छन्। हलिउडमा बन्ने सामान्य चलचित्रको स्क्रिप्ट ९० देखि १ सय २० पेजको हुने गरेको छ भने नीलो चलचित्रको २८ पेजभन्दा बढी हुँदैन। जसका कारण अन्य चलचित्रका लेखकले लाखौं डलर पाउँछन् भने नीलो चलचित्रका लेखकले राम्रो निर्माण कम्पनीबाट पनि १ हजार डलरभन्दा बढी पाउँदैनन्। यस्ता चलचित्रका कथा लामा नहुने तथा संवाद र पटकथा धेरै नचाहिने हुनाले पनि निर्माताहरूले लेखकको भूमिका घटाएका हुन्।

# दैनिक संसर्गका फाइदा बढी



दैनिक यौनसम्पर्क राख्नेहरूको शुक्रकीटको गुणस्तर राम्रो हुँदै जाने कुरा हालै अस्टेलियामा सम्पन्न गर्भधारण सम्मेलनका सहभागीहरूले बताएका छन्। अस्ट्रेलियाका वैज्ञानिकहरूले आफ्नो पछिल्लो अनुसन्धानको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्दै भनेका छन्– दैनिक यौनसम्पर्क राख्ने पुरुषहरूको शुक्रकीटको गुणस्तरमा सुधार आउँदै गर्भधारण गराउन योग्यसमेत भएको पाइयो भने कतिपय वंशाणुगत समस्या हराउँदै गएको समेत पाइयो। वैज्ञानिकहरूले आफ्नो पहिलो चरणको अनुसन्धानमा १ सय १८ जना पुरुषलाई संलग्न गरेका थिए। अनुसन्धानकर्ता डा. डेभिड ग्रिनिंगले सहभागी सबैको शुक्रकिटको गुणस्तरमा सुधार आएको बताउँदै भने– जसमा प्रत्येक १० जनामा ८ जनाको शुक्रकीटको डीएनएमा देखिएको खराबी हराउँदै गएको, १२ प्रतिशतमा शुक्रकीटको मात्रा बढेको र सात दिनमै शुक्रकीटको सक्रियता बढेको देखियो। वैज्ञानिक डेभिडका अनुसार पुरुषमा शुक्रकीटको सक्रियता युवा अवस्थामा बढ्ने र नियमित यौनसम्पर्कले महिलाहरूमा अण्डको उत्पादन पनि सन्तोषजनक पाइएको थियो।



# पुरुषसरह खुला अनुमति

स्वीडेनको माइमो सहरस्थित स्पोर्ट्स एन्ड रिक्रिएसन सेन्टरहरूले आफूकहाँ पौडी खेल्न आउने महिला तथा पुरुषहरूमाथि एकै किसिमको नियम लगाउने भएका छन्। पहिले यस्ता रिक्रिएसन सेन्टरमा आउने पुरुषले एक पिस स्वीमिङ सुट लगाए हुने तर महिलाहरूले भने दुई पिस लगाउनुपर्ने नियम थियो। यही नियम अधिकांश देशका स्वीमिङ पुलहरूमा छ तर त्यहाँका महिला अधिकारवादीहरूले पुरुषसरह अधिकारको माग गरेपछि रिक्रिएसन सेन्टरका अधिकारीहरूबीच भएको मतदानमा स्वीमिङ खेल्न आउने सबैले एउटै स्वीमिङ सुट लगाउनुपर्ने निर्णय भयो, यो निर्णयले महिलालाई दुई पिस लगाउनुपर्ने बाध्यताबाट मुक्त गरेका कारण अधिकारकर्मीहरूले आफ्नो जित भएको अनुभव गरेका छन्। उनीहरूका अनुसार अब महिलाले पनि पुरुषहरूले झैं गुप्तांग मात्र छोपेर स्वीमिङको आनन्द लिन सक्नेछन्।

# सचित्र



**हिरो मख्ख :** चलचित्र सन्देशमा नायिका सोभिता सिम्खडाको नाच हेरेर मख्ख पर्दै नायक सुशील क्षेत्री ।




**मीठो मुस्कान :** पूर्वमिस नेपाल माल्भिका सुब्बा तथा मिस नेपालकी फस्ट रनरअप सभोना श्रेष्ठको मिलन ।



**बेइमान फोटोग्राफर :** हास्यकलाकार रवि डंगोल हालै सम्पन्न सभासद-हास्यकलाकार फुटबल खेलमा तस्बिर खिच्दै ।

**तस्बिर : फिल्मीखबर डटकम**



**एक भाइ बोका :** सुन्तली, जीग्री हजुर र धुर्मुस भाकल पूरा गर्न दोलखा भीमेश्वर मन्दिर परिसरमा ।





**दुलहीसँग नाच :** भर्खरै सम्पन्न दुलही श्रृंगार प्रतियोगितामा मोडलहरूसँग नाच्दै सौन्दर्यविज्ञ कमला श्रेष्ठ ।




# नौटंकीमा टंकी

एक द्वन्द्व कलाकारको विवाहभोजमा पुगेका निर्देशक शिव रेग्मी पिएर मातेपछि नायक निखिल उप्रेती र राजबल्लभ कोइरालासँग बात मार्न थालेछन् । पिएपछि अझ रमाइलो गर्नुपर्ने रेग्मीले अनायासै नायक कोइरालालाई नायक उप्रेतीको गोडा ढोग्न अह्राएछन् । आफूभन्दा अग्रजको सम्मान गर्नुपर्ने कुरामा बहस चलेपछि रेग्मीले दिएको आदेश कोइरालाले तुरुन्तै मानेछन् । बरु उप्रेतीलाई भने अप्ठेरो लागेछ । भारतीय चलचित्र उद्योगमा कलाकारहरू आफूभन्दा अग्रजको सम्मान गर्छन् । टेलिभिजनको पर्दामा देखिएकै हुन्छ– उनीहरू आफ्ना गुरुहरूको नाम लिँदासमेत कान समात्छन् । कुनै पुरस्कार वा एवार्ड अग्रजको हातबाट थापिँदैछ भने झुकेर आशीर्वाद लिन्छन् ।

बलिउडको नक्कल गर्ने प्रवृत्ति रहे पनि 'कोभन्दा को कम ?' भन्ने घमन्डका कारण यहाँ अग्रजको सम्मान निकै कमले गरेको पाइन्छ । यसै पनि कलाक्षेत्रलाई 'नौटंकी लाइन' भनिन्छ । नौटंकी हिन्दी शब्द हो । भारतका गाउँघरमा रमाइलोका लागि हुने गरेको नाटक तथा नाचगानलाई बोलीचालीको भाषामा नौटंकी भनिए पनि चलचित्र क्षेत्रलाई ठट्टामा उडाउन 'नौटंकी लाइन' भनिन्छ । त्यही शब्द सापटी लिएर भन्नुपर्दा नेपाली चलचित्रका नौटंकी गर्नेहरू पर्दामा मात्र होइन, पर्दापछाडि पनि नौटंकी गरिरहन्छन् । राजलाई रेग्मीले निखिलको गोडा ढोग्न लगाउनु पनि त्यसैको एउटा उदाहरण हो ।

'नाम होस्, बदनाम होस्, तर गुमनाम नहोस्'- एकपटक दीपाश्री निरौलाले भनेकी थिइन् । चलचित्र कर्मबाट पलायन हुने डरले पनि यहाँ नौटंकी गरेर चर्चामा आइरहने प्रवृत्ति छ । 'सिलसिला' ०६५ को सफल चलचित्र मानियो । चलचित्रमा नायकले नायिकाको अधरपान गरेको दृश्य छ जसको निकै चर्चा भयो । भनिन्छ, उक्त दृश्यकै लागि भए पनि दर्शक ओइरिए । त्यसको प्रभाव अहिले एकपछि अर्को चलचित्रमा चुम्बनका दृश्य राख्न थालिएको छ । यहाँसम्म कि नायक राजेश हमालले समेत चलचित्र 'द युगदेखि युगसम्म' मा नायिका नन्दिता केसीको अधरपान गरेका छन् । हाल उक्त चलचित्रका प्रचार सामग्री टेलिभिजनमा आइरहेको छ जसमा



उक्त दृश्यलाई प्राथमिकताका साथ देखाइएको छ । कथाको माग भनेर त्यस्ता दृश्य गराउनु र त्यसैलाई महत्त्वका साथ प्रचारमा ल्याउनुलाई पनि 'नौटंकी' कै एउटा नमुना भन्न सकिन्छ । चलचित्र निर्देशक तथा लेखक विकास आचार्य भन्छन्- 'चलचित्रको पर्दामा त्यस्ता दृश्य राखिसकेपछि त्यसलाई प्रचार नगरे दर्शकको चासो नहुन सक्छ । दर्शकलाई हलसम्म तान्न पनि त्यस्ता दृश्यको प्रचार गर्नु आवश्यक छ । व्यावसायिक चलचित्र भनेकै व्यवसाय गर्नका लागि हो । त्यसैले यसलाई 'नौटंकी' भन्नुहोस् वा अरू कुनै उपमा दिनुहोस्, त्यसले फरक पर्दैन ।'

चलचित्र 'विरताको चिनो'को छायाँकनका लागि सुन्दरीजल पुगेका नायक विराज भट्ट श्रृंगार गरिरहेकी नायिका ऋचा घिमिरेले उनलाई बस्न आफू बसिरहेको कुर्सी छाडिनन् भनेर फन्किए । यहाँसम्म कि उक्त दिनको छायाँकन नै नगरी फर्किए । भोलिपल्ट चलचित्रका निर्माता तथा निर्देशक शंकर घिमिरेले छायाँकनस्थलका लागि एक दर्जन कुर्सी किनेर ल्याए । विराज आफूभन्दा अग्रज नायकको सम्मान नायिकाले नगरेको कुरामा फन्किएका रहेछन् भने ऋचा श्रृंगारमा व्यस्त नायिकालाई उठाएर आफू बस्न खोज्ने नायकको व्यवहारको विरोध गरिरहेकी थिइन् । उनले भनिन्- 'नारीको सम्मान गर्न नजान्ने पुरुष ।'

यस्ता घटना चलचित्र नगरीमा दिनहुँ घटिरहन्छन् । कोही यस्ता घटनाले प्रचार पाओस् र आफ्नो नाम मिडियामा आओस् भन्ने अभिलाषामा सञ्चारकर्मीको कानसम्म त्यस्ता कुरा पुऱ्याउँछन् भने कतिपय घटना सञ्चारमाध्यममा आउँदा करियरमा नकारात्मक असर पुग्ने डरले कुरा लुकाउन खोज्छन् । यद्यपि नौटंकी क्षेत्रमा नौटंकी भने भैरहन्छ ।

● **सुव्रत**

# श्रीमतीको भावना बुझ्नु आवश्यक

बेडरुम त्यस्तो स्थान हो जहाँ दम्पतीको आपसी सम्बन्धले हुर्कने वातावरण पाउँछ र सम्बन्ध परिपक्व बन्न पुग्छ। यदि दुवैमा प्रेम छ र त्यसलाई व्यक्त गर्ने चाहना छ भने महिला-पुरुषले बिना कुनै आवरण एक-अर्कालाई शारीरिक सुखको अनुभूति प्रदान गर्न सक्छन् जसबाट उनीहरूबीचको आत्मीयता अझ बढी मधुर हुन्छ। यद्यपि श्रीमान्-श्रीमतीको व्यक्तित्वमा कुनै प्रकारको सन्तुलनको कमी छ र उनीहरू एक-अर्काको मनोदशा र स्थिति बुझ्न सकिरहेका छैनन् भने श्रीमती कोल्ड हुनु वा फ्रिज्ड हुनु स्वाभाविक हो।

महिलाहरू मानसिक एवं शारीरिक रूपमा पुरुषभन्दा संवेदनशील हुने भएकाले उनको भावनामा ठेस पुग्ने सम्भावना पनि बढी नै हुन्छ। त्यसैले पुरुषले संयम अँगाल्नु आवश्यक छ र श्रीमतीको यौन इच्छा जगाउन उनको शारीरिक एवं भौतिक खुसीका बारेमा बुझ्नुपर्छ। त्यसपश्चात् मात्र उनीबाट पूर्ण रूपमा आत्मसमर्पण सम्भव हुन्छ। महिलाको यौन इच्छा प्रेमको अन्तरिम अभिव्यक्ति हो, यो एउटा फूलजस्तै हो जुन मात्र स्नेह र प्रेममा हुर्कन्छ, फुल्छ। यदि श्रीमान् आफ्नी श्रीमतीको भावनाको कदर नगरी बेडरुममा धेरै अपेक्षा राख्छन् भने उनले निराशा भोग्नुपर्ने सम्भावना बढी रहन्छ, किनभने महिला केवल शिशु जन्माउने मेसिन होइनन्, न त मात्र यौन इच्छा पुरा गर्ने साधन नै। यस स्थितिमा श्रीमान्को उपेक्षाका कारण श्रीमती मात्र श्रीमान्को वासनाको लालसा पुरा गर्न जिउँदो लासजस्तै (जसमा भावना, प्रेम र स्वेच्छाको समर्पण नभएर) चुपचाप श्रीमान्को यौन इच्छा पूर्ति गर्न बाध्य हुन्छिन् अर्थात् उनी फ्रिज्ड हुन पुग्छिन्।

धेरैजसो पुरुष महिलाको समर्पण भावलाई रुचाउँछन्। आफ्नो इच्छा नभए पनि कतिपय श्रीमतीहरू श्रीमान्को शारीरिक इच्छा पूरा गर्न अग्रसर हुन्छन्। के पुरुषले पनि महिलाको इच्छाप्रति उदार हुनु आवश्यक छैन? के महिलाका लागि भावना, रोमान्स एवं यौन इच्छा पूर्तिको कुनै अर्थ छैन?

आफ्ना श्रीमान्लाई परमेश्वर मान्ने शिक्षा परम्परादेखि हरेक घरमा चलिआएको पाइन्छ। जसका कारण बाल्यावस्थादेखि नै पुरुषमा आफू कसैको भावी परमेश्वर हो भन्ने अहं भावना विकसित हुन्छ। अर्कातर्फ महिलामा श्रीमान्का लागि प्रेम, रोमान्स र आत्मसमर्पणको भावनाको बिजारोपण हुन्छ तर कैयन् अवस्थामा त्यो परिस्थितिले आपसी तालमेल बिग्रन पुग्छ। एउटा पक्षले दबाउने र अर्कोले सहने क्रमले प्राथमिकता पाउँछ र सम्बन्ध सुमधुर हुनुको साटो बन्धनमा परिणत हुन्छ। मनोज र आरती दुवै सुशिक्षित एवं कामकाजी दम्पती हुन्। मनोजको सामाजिक व्यवहारमा गुनासो गर्ने ठाउँ पनि छैन।

परन्तु बेडरुममा उसको रूप फरक हुन्छ, कल्पना गरिएभन्दा भिन्न। मनोजका लागि आलिंगन, चुम्बन आदि प्रेमका अभिव्यक्तिको कुनै अर्थ छैन। उत्तेजनाको स्थितिमा उसलाई मात्र सम्भोग आवश्यक पर्छ र त्यसपश्चात् ऊ सुत्छ। आरतीको कैयन् आग्रहमा पनि मनोज उनलाई सुमसुम्याउने, स्पर्श गर्ने वा सम्भोगपूर्वको प्रेमालाप गर्न रुचाउँदैनन्। फोरप्ले गरे पनि जबर्जस्तीको अनुभव हुन्छ आरतीलाई। यसकारण पनि आरती आफ्नो इच्छा जाहेर गर्दिनन्। मनोज आफ्नो कामेच्छा पूरा गर्छ र आरती बरफजस्तै शान्त, भावनारहित रहन्छिन्।

हरेक श्रीमान्ले आफ्नी श्रीमतीको भावना बुझ्नु आवश्यक छ। रोमान्टिक शारीरिक सम्बन्ध तबमात्र सम्भव छ जब महिला-पुरुषका सम्बन्धमा पूर्ण घनिष्ठता हुन्छ, दुवैले एक-अर्काको कामेच्छालाई राम्रोसँग बुझ्छन्। शारीरिक सम्बन्धलाई बटन दबाएर अन वा अफ गर्न सकिँदैन। यो रोमान्टिक सम्बन्ध तब मात्र सम्भव छ जब पुरुषले महिलाको भावना, इच्छा र चाहना पूर्णरूपले बुझ्न सक्छ। सम्बन्ध बनाउनुपूर्व प्रक्क्रीडाको पनि महत्व हुन्छ, एक-अर्काको अंगको स्पर्शले नै सुखको अनुभूति र त्यसको प्राप्तिको चाहनालाई अझ प्रबल बनाउँछ।

श्रीमान्-श्रीमती दुवैले एक-अर्काको अपेक्षालाई उपेक्षा गर्नुहुँदैन, एक-अर्काप्रति उदार हुनुपर्छ र एक-अर्काको भावनालाई बुझेर प्रेमको आनन्द लिनुपर्छ। जवानीको मौसम बितेपछि श्रीमान्-श्रीमतीको आपसी सामञ्जस्य, भोगविलास एवं मनोरञ्जन सबै कुरा नवीन सम्बन्धमा परिवर्तित हुन्छ र जवानीको जोशबाटै एक सशक्त र परिपक्व मित्रतापूर्ण सम्बन्धको जन्म हुन्छ जुन जीवनको सन्ध्याकालमा एक-अर्काको हात समातेर साथसाथ हिँड्दा पनि पहिले जस्तै प्रेम, आकर्षण, लगाव र आत्मीयता अनुभव गराउन महत्वपूर्ण हुन्छ।

- पुरुषले जहिले पनि शालीन ढंगले कुराकानी गर्नुपर्छ। कहिल्यै पनि नराम्रो व्यवहार गर्ने, गाली गर्ने, खिल्ली उडाउने आदि गर्नुहुँदैन। आफू जुन व्यवहारको अपेक्षा राखिन्छ, आफूले पनि त्यस्तै व्यवहार गर्नुपर्छ।
- महिलाको रुचिको हिस्सेदार बन्नुपर्छ, यसबाट उनी पनि आफ्नो रुचिमा सहभागी हुन प्रेरित हुन्छिन्। यसले दुवैलाई एक-अर्काको मनोरञ्जनको साथी बन्न सहयोग पुऱ्याउँछ र आत्मीयता पनि बढ्छ।
- जीवनका हरेक पल एक-अर्कालाई दिन सम्भव नभए पनि अवसर र स्थान अनुकूल एक-अर्कालाई अँगालोमा बाँध्ने, चुम्बन गर्ने, स्पर्श आदिले शारीरिक सन्तुष्टि प्राप्त गर्न सहयोग पुग्छ। आपसी सल्लाह अत्यावश्यक छ। कैयन् अवस्थामा अलग-अलग सोच्ने तरिका र हेर्ने दृष्टिकोणका कारण कैयन् समस्याको समाधान प्राप्त हुन्छ। सल्लाह र समन्वयलाई सधैं कायम राख्नुपर्छ।
- यदि पुरुषले महिलाको भावनाको कदर गर्न सके हरेक रात प्रणय रात बन्न सक्छ। किनभने महिलाहरू रोमान्स एवं इज्जतको जीवनको चाहना राख्छन्। उनीहरूका लागि प्रेम नै सर्वोपरि हो र त्यही नै जीवन।



आफ्ना श्रीमान्लाई परमेश्वर मान्ने शिक्षा परम्परादेखि हरेक घरमा चलिआएको पाइन्छ। जसका कारण बाल्यावस्थादेखि नै पुरुषमा आफू कसैको भावी परमेश्वर हो भन्ने अहं भावना विकसित हुन्छ। अर्कातर्फ महिलामा श्रीमान्का लागि प्रेम, रोमान्स र आत्मसमर्पणको भावनाको बिजारोपण हुन्छ तर कैयन् अवस्थामा त्यो परिस्थितिले आपसी तालमेल बिग्रन पुग्छ। एउटा पक्षले दबाउने र अर्कोले सहने क्रमले प्राथमिकता पाउँछ र सम्बन्ध सुमधुर हुनुको साटो बन्धनमा परिणत हुन्छ। मनोज र आरती दुवै सुशिक्षित एवं कामकाजी दम्पती हुन्।

# जीवन टनिकका रूपमा रोमान्स

अति व्यस्तताले जीवनको रोमान्सलाई कम गर्दै लगेको छ। व्यक्ति स्वयंले रोमान्सको पल विकसित गर्न सकिरहेको हुँदैन भने रोमान्सको पल स्वयं आफैं सिर्जना भए पनि त्यसको सदुपयोग गर्न ऊसित समय अभाव हुन्छ। रोमान्सलाई अपहेलना गर्नु स्वास्थ्य, सौन्दर्य र आपसी सम्बन्ध– यी तीनै दृष्टिले खतरनाक हुन्छ। रोमान्सबाट मनलाई शान्ति प्राप्त हुन्छ, मन प्रसन्न रहन्छ र निराशाको अँध्यारो हट्छ। यति हुँदाहुँदै पनि कमै व्यक्तिले मात्र रोमान्सलाई जाने-बुझेका छन्। जीवनमा रोमान्सका क्षण स्वाभाविक रूपमा आउँछन् वा आफ्नै व्यवहारबाट पनि पैदा हुन्छन्।




चाल नपाउने गरी आकाश किचनमा प्रवेश गरे र मालतीको केश सुमसुम्याउँदै भने- 'तिम्रो केशले बेरेर म तिमीतर्फ तानिँदै आएँ।' मालतीको मुहारमा मुस्कानको उज्यालो देखापऱ्यो। मालतीको हात बिस्तारै आकाशको सर्टको कलरतर्फ बढ्यो, अनि उनले प्रत्युत्तर दिइन्- 'तपाईं पनि त स्मार्ट हुनुहुन्छ, म त हरेक पल तपाईंलाई नै हेरिरहन्छु।' आकाश मालतीका यी शब्दहरू सुनेर प्रफुल्लित भए। आकाशलाई मालतीबाट न त कुनै गुनासो थियो न मालतीलाई आकाशप्रति। यही नै रोमान्स हो। यहाँ आकाशले रोमान्सको पल स्वयं सिर्जना गरे। बिस्तारै किचनमा प्रवेश गर्नु, आफ्नी श्रीमतीको केश सुमसुम्याएर उनको प्रशंसा गर्नुले रोमान्सलाई प्रोत्साहन गरेको छ। जुन शब्दले वा जुन कार्यले मनलाई शान्ति प्रदान गर्छ, त्यसले वातावरण सुखद र आनन्ददायक बन्छ। मनको तीतोपन मिठासमा बदलिन्छ। गुनासो भए पनि महत्वहीन हुन पुग्छ। यी सबैका स्थानमा मात्र रोमान्स हुन्छ। रोमान्स स्वाभाविक रूपमा जीवनमा आउँछ जसलाई व्यक्तिले चिन्न-बुझ्न सक्दैन वा रिस, आवेग, तनाव, गुनासो आदिका कारण आँखाले देख्न सक्दैन।

रोमान्स नै त्यस्तो अनुभूति हो जसमा आफ्नो साथीबाट खुसी प्राप्त हुन्छ। खुसी रहन सके तनाव, डिप्रेसन, टेन्सनजस्ता शब्दको अस्तित्व रहँदैन। रोमान्सका क्षणलाई खोज्नुपर्छ, सिर्जना गर्नुपर्छ, यसको अनुभूतिलाई सँगाल्नुपर्छ, किनकि रोमान्स जीवन टनिक हो। रोमान्सका पल सिर्जना गर्न इगो, बदलाको भावना, आफ्नो कुरालाई माथि पार्ने बानी आदिलाई त्याग्नु आवश्यक छ र यो कुरा महिला-पुरुष दुवैमा लागू हुन्छ।

सन्ध्या विवेक घर फर्कने प्रतीक्षामा थिइन्। उनी आउनेबित्तिकै सन्ध्याले भनिन्- 'म तपाईंकै प्रतीक्षा गरिरहेकी थिएँ, आज तपाईंसित चिया खाने मन छ, चिया बनाऊँ?' 'आफ्नो इच्छा आफैंसित राख..., मलाई तिमीसित चिया खाएर बस्ने फुर्सद छैन' भनेर विवेक फोनमा कसैसित कुरा गर्न थाले। सन्ध्यालाई दुःख लाग्यो, उनको मन खिन्न भयो र उनी तनावग्रस्त भइन्। यो स्वाभाविक रोमान्सको पल थियो जसलाई विवेकले आफ्नो कामको तनावका कारण बुझ्न सकेनन्। सन्ध्या चियाका लागि विवेकको प्रतीक्षा गरिरहेकी थिइन्। विवेक आइपुगेपछि सन्ध्याले विनम्रतापूर्वक प्रेमपूर्ण शब्दमा आग्रह गरिन् तर उनको मन निराशाले घेरिन पुग्यो।

अति व्यस्तताले गर्दा व्यक्तिको जीवनमा रोमान्सका पलहरू कम हुँदै गएको वास्तविकतालाई नकार्न सकिँदैन। चिकित्सकहरू पनि रोमान्सको महत्वलाई प्राथमिकता दिन थालेका छन्। उनीहरूले बिरामी र मानसिक रूपमा तनावग्रस्त व्यक्तिले सम्बन्धमा रोमान्सलाई बढावा दिनुपर्ने सल्लाहसमेत दिन थालेका छन्।

रोमान्स नै त्यस्तो अनुभूति हो जसमा आफ्नो साथीबाट खुसी प्राप्त हुन्छ। खुसी रहन सके तनाव, डिप्रेसन, टेन्सनजस्ता शब्दको अस्तित्व रहँदैन। रोमान्सका क्षणलाई खोज्नुपर्छ, सिर्जना गर्नुपर्छ, यसको अनुभूतिलाई सँगाल्नुपर्छ, किनकि रोमान्स जीवन टनिक हो। रोमान्सका पल सिर्जना गर्न इगो, बदलाको भावना, आफ्नो कुरालाई माथि पार्ने बानी आदिलाई त्याग्नु आवश्यक छ र यो कुरा महिला-पुरुष दुवैमा लागू हुन्छ। मुडको परीक्षण र इमोसनलाई महसुस गर्नाले जुन सुखद् अनुभूति प्राप्त हुन्छ त्यही नै रोमान्स हो र यसलाई बुझ्नु-जान्नु आवश्यक छ।



## • तालुमा आलु •



प्रकाश ओझा

एक नयाँ नाटक प्रदर्शनीका बारेमा आलोचकको भनाइ यस्तो थियो- 'साढे पाँच बजे नाटकको पर्दा उठ्यो, छ बजे दर्शक उठे।'

०००

एक युवक चलचित्रमा अभिनय गर्न इच्छुक थियो, ऊ नेपाली चलचित्र निर्देशककहाँ गयो र चलचित्रमा अभिनय गर्ने इच्छा व्यक्त गऱ्यो।'

निर्देशकले युवकलाई माथिदेखि तलसम्म नियालेर हेऱ्यो र भन्यो- 'अहिले मसँग तिम्रा लागि रोल छैन, पाँच वर्षपछाडि आऊ। त्यस बेला तिमीलाई चलचित्र खेलाउँला।' 'धन्यवाद!' युवकले खुसी हुँदै भन्यो- 'हस्, त्यो बेला बिहान आउँ कि बेलुका सर?'

०००

दुईवटा कुकुरको बाटोमा भेट भयो, एउटाले अर्कोसँग प्रश्न गऱ्यो।

'कहाँ गएर आ'को?'

'विवाहमा।'

'विवाहमा? विवाहमा त टन्न खान पाइन्छ होला हगि?'

'हो त.... विवाहमा जसले पनि भोज खाँदा आधाभन्दा बढी त फ्याँकेकै हुन्छन्, त्यो कसले खाने हामीले त हो नि ...।

'आहा, के-के खाना पाइन्छ?'

'के खान पाइँदैन भन न ....माछा खान्छस् कि, मासु खान्छस्। तरकारी, पुलाउ, रसभरी जे पनि खान पाइन्छ तर....'

'तर....? तर के?..'

'तर कुटाइ चैं .....' कुकुरले विरक्तिएर भन्यो।

०००

एउटा नयाँ गायक आफ्नो साथीलाई भन्दै थियो- 'म बुटवलको कार्यक्रममा एउटा गीत गाउँदै थिएँ, त्यसै बेला कसैले स्टेजमा एउटा जुता फ्याँक्यो। चुचुचु! साथीले सहानुभूति देखाउँदै भन्यो– 'अनि तिमीले के गऱ्यौ?'

'एउटा जुत्ता मात्र मैले के गर्नु?' मैले फेरि अर्को गीत गाएँ।

०००

एउटी महिलाले अदालतमा श्रीमान्सँग सम्बन्ध-विच्छेदका लागि निवेदन दिँदा कारण यस्तो लेखिन्....

'मेरो श्रीमान्ले जुन काम रातभरि गरिरहन्थे आज-भोलि त्यही काम गर्नलाई रातभरि लगाउँछन्।

### मेरो कुरो

सरकारी कर्मचारीहरूका लागि सल्लाह : जुन काम तपाईं पर्सिलाई सार्न सक्नुहुन्छ त्यसलाई भोलिका लागि नसार्नुहोस्।

## • कविता •

### तिम्रो आगमनमा



दिनहरू हाँसिदिन्छन्, रातहरू खुलिदिन्छन्
तिम्रो आगमनमा यहाँ, काँडाहरू फुलिदिन्छन्
तालहरू बहिदिन्छन्, जालहरू फाटिदिन्छन्
झरना पनि दङ्गिएर, मधुर बह रोकिदिन्छन्
तिम्रो आगमनमा यहाँ, फूलहरू बोलिदिन्छन्
टौवाबाट कोइलीहरू, प्रेमको गीत गाइदिन्छन्
तिम्रो आगमनमा यहाँ, ऋतुहरू ओर्लिदिन्छन्।

–विजयमणि पौडेल

### अस्मिताको कदर गरेको

प्रिय हुँदो हो कि हुन्नन्, पराईले आँखा जुधाएको
मिलाई नयन निमेष, झुकाएको शिष्टता जनाएको
परेली झुकेको हो, प्रीतको फूल झरेको होइन
ढुकढुकीको वेग थामेको, बेवास्ता गरेको होइन
खुम्चिएको नजरले प्रिय, अस्मिताको कदर गरेको
तिम्रै भो प्रिय अब दिल, नजर र सुख यो
नजरबाटै हस्ताक्षर गरेको हृदयको तमसुक यो
जफत गर कि नगर तिम्रो मर्जी, बन्दगी पाएको
हराई अस्मिता तिम्रो जितको के औचित्य हुनु
मेरो त उद्देश्य हो, पवित्र हातले जून छुनु
खोल्दा दाग लाग्ला कि भनी चिम्ली नयन टोलाएको।

–प्रेमकृष्ण श्रेष्ठ

### तिमी अनि तिम्रो प्रेम

रस चुस्दा फूललाई दुख्ला, भमराले सोच्ने भए
घमन्डले फूलले पनि काँडाले झैं घोच्ने भए
माया गर्दा तिमीले जस्तै सबैले धोका दिने भए
सानातिना कुराहरू त्यसमै मनमा लिने भए
अल्पायुमै मर्छु भनी शिरीष फुल्न छोड्ने भए
तिम्ले जस्तै विनाकसुर सबैले प्रेम तोड्ने भए
जोडी छुटाई ढुकुर पनि एक्लै-एक्लै उड्ने भए
कत्ति पीडा होला फूललाई कोपिलामै चुँड्ने भए
दिउँसो मर्ने शीतले पनि बिहान हाँस्न भुल्ने भए
पलाँस किन पो दुःखी हुन्थ्यो, भूवरा उसमा डुल्ने भए
प्रेम शब्द किन आउँथ्यो तिम्ले जस्तै गर्ने भए
सच्चा मेरो प्रेम भन्दै भ्रमको बीउ छर्ने भए
म पनि त तिमीजस्तै धोका दिँदै जिउने भए
विषको महत्त्व तब हुन्छ चोटै-चोटमा पिउने भए
हात काटे औंला काट्थें मेरो चोटमा हाँस्ने भए
अर्को जुनी कुरी बस्थें चोखो माया गाँस्ने भए।

–अनिर खनाल



### पोखौं कसरी?

हरेक क्षण तिमीसँगै बोलौंजस्तो लाग्छ
गाँठो पऱ्यो मनको कुरा खोलौंजस्तो लाग्छ
मनैभरि पीरैपीर छ मायालु पोखौं कसरी?
सबले देख्छन् हाँसी-खुसी सधैं रमा'को
कसले देख्छ मुटुभरि पीडा जमा'को
एक्लै बसी कल्पी-कल्पी रुन मन लाग्छ
सधैंभरि तिम्रो सामु हुन मन लाग्छ
मनैभरि दुःखैदुःख छ मायालु पोखौं कसरी?

–राजेश रुम्बा

## • लघुकथा •

### ज्योतिषीको परीक्षा



उनी नाम चलेका ज्योतिषी थिए। मानिसहरू आफ्नो भाग्य बुझ्न ती तँछाड-मछाड गर्दै पालो पर्खिरहन्थे। एक दिन दुई महिला पनि आफ्नो भाग्य हेराउन पालो पर्खेर बसेका थिए। ज्योतिषी पालैपालो सबैको ग्रहदशा हेर्दै थिए। त्यस्तैमा पालो पर्खेर बसेका दुई महिलामध्ये एउटीको पालो आयो। ज्योतिष भन्दै थिए- 'नानी तिमी त औधी भाग्यमानी रहिछ्यौ। तिमीलाई दुःखले छुँदैन। धन कमाउने ग्रह जुरेको छ। तिम्रो वैवाहिक जीवन पनि सुखसँग बित्नेछ। तिम्रा पति साह्रै असल हुनेछन्।

ती महिला त्यहाँबाट हिँडेपछि ज्योतिषीले अर्की महिलाको हात हेर्दै तिनै कुरा भने। हात देखाइरहेकी महिला छक्क परिन् र सोधिन्- अघि भर्खर तपाईंलाई हात हेराउने महिलालाई पनि यस्तै कुरा भन्नुभएको थियो! त्यसपछि ज्योतिषीले सम्झाउँदै भने- 'नानी, तिम्रो भाग्य र सुख ती अघिल्ली महिलाको भन्दा केही फरक छैन। किनकि तिमीहरू दुवै एउटै पुरुषका पत्नी हौ।'

– रञ्जु मार्ग

# आफ्नो देशको पैसा विदेश जान दिनुहुन्न

पृष्ठ ५ बाट जारी

सबै बराबर भएका छौं। अब कसैले पनि यो माथि यो तल भनेर नराम्रो नभनोस्। काम गरेर खान पाइयोस्।

**देशको अवस्थाका कारण कतिपय व्यवसायी तथा राजपरिवारका सदस्यहरू धमाधम विदेश पलायन भैरहेका छन्, तपाई भने होटलमा लगानी थपिरहनुभएको छ, किन?**

हो, हामीले गत वर्षदेखि होटलमा लगानी थपिरहेका छौं। देशको अवस्था नराम्रो छ भनेर चुप लाग्नु भएन। किनभने पर्यटकलाई राम्रो सर्भिस दिनुपरेको छ। त्यसैले होटलको रूप नै परिवर्तन हुने गरी लगानी गरेका छौं। अर्को कुरा एउटा नेपालीले कहाँ जाने? जहाँ गए पनि हामी नेपाली नै हौं। सबैथोक त यहीँ छ। नेपालीबीच जुन आत्मीयता छ, त्यो विदेशमा छैन। अहिले म घरलाई अरूको जिम्मामा छाडेर अफिसमा छु। सहयोगीहरूले मेरो घरलाई आफ्नो मान्छन्। मेरा सन्तानलाई आफ्नो जस्तो माया दिन्छन्। विदेशमा यस्ता आत्मीय सहयोगीहरू कहाँ पाउनु? अलिकति राजनीति बिग्रिएको छ, तर केही पाउन केही त गुमाउनैपर्छ।

**समयको व्यवस्थापन कसरी गर्नुहुन्छ?**

बिहानको समय आफ्नो र छोराछोरीका लागि छुट्याउँछु। साँझ घरमै खानुपर्छ भन्ने मान्यतामा सबै भेला हुने भएकाले साँझको समय पनि परिवारका लागि जान्छ। दिनभरि भने बिजनेस र कलालाई छुट्याउँछु। बेलाबेलामा कलाकारहरू भेला गरेर कला प्रदर्शनी गर्छु।

**कमाएको पैसा के गर्नुहुन्छ?**

फिस्टेल लजबाट आएको सम्पूर्ण नाफा जयन्ती मेमोरियल ट्रस्टमा जान्छ। यो ट्रस्टले अहिलेसम्म ६ सय मुटुरोगीलाई निःशुल्क उपचार गराइसकेको छ। उक्त लजको आम्दानीले निकट भविष्यमै पोखरामा मध्यमखाले मुटुरोग अस्पताल निर्माण गर्ने योजना छ। अन्नपूर्णबाट पाएको तलबबाट पनि मैले १२ जना विद्यार्थी पढाउने जिम्मा लिएकी छु। मेरो विचारमा हरेक व्यक्तिले आफ्नो आम्दानीको ५ प्रतिशत रकम समाजसेवामा खर्च गर्नुपर्छ।

**भविष्यको योजना के छ?**

यही होटललाई थप विस्तार गर्ने र नेपालको पर्यटन क्षेत्रमा योगदान पुऱ्याउने।

**कुन कुरामा दुःख लाग्छ?**

काम गर्ने संस्था मन्दिर समान हो। यसबाटै परिवार चलेको छ भने यसलाई सम्मान गर्नुपर्छ। आजभोलि बढ्दै गएको अनुशासनहीनताका कारण कतिपय व्यक्तिमा यस्तो सोचको कमी हुँदै गएको छ। यो दुःखद कुरा हो।

–अश्विनी कोइराला







तु: आवश्यकता
NGO तथा INGO कम्पनीको लागि पुरुष तथा महिला विद्यार्थी कर्मचारीको आवश्यकता मासिक आम्दानी: ८५००/-
संख्या: १० महिला/७ पुरुष
योग्यता: साधारण लेखपढ, SLC+ Basic Computer जानेका
सम्पर्क: २०६३१००, ९८०३४८४०२६, ९८४१७५९१३५

सौन्दर्यका सामान
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- एकमुखे रुद्राक्ष साथै हनुमान कवज

Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

धेरै सस्तो टेनिङ्ग
Computer: Basic course:-399, Graphic:-1499, Tally 999
Language: English:-500, Japanes:-1200, special Class पनि गराईन्छ
आवश्यकता No interview | 100% job Training
English lag Teacher, Receptionist 2, अफिस हेल्पर ४ | Accountant, Receptionist, Waiter
नोट कर्मचारी चाहिएमा वा पत्रिकामा विज्ञापन राख्नुपरेमा सम्पर्क राख्नु होला।
माईतघर फोन 4256332/2052543

भेटेरीनरी जे.टी.ए. मा भर्ना खुल्यो!!
CTEVT बाट स्वीकृति प्राप्त यस संस्थामा शैक्षिक सत्र ०६६/६७ मा १५ महिने भेटेरीनरी जे.टी.ए.को तेस्रो समुहमा छात्रवृत्ति, सहित भर्ना खुल्यो।
शैक्षिक योग्यता:-SLC उतिर्ण तथा मौका प्रशिक्षार्थी समेत
प्रवेश परिक्षा:-०६६ श्रावण २४ गते दिउँसो ३ बजे
सम्पर्क:
स्कुल अफएप्लाइड साईन्स एण्ड टेक्नोलोजी
गोंगबु चोक, काठमाण्डौ (विनायक अस्पतालको सिधा अगाडि उत्तर तर्फ)
फोन नं: २१७५५७५, ९८४१३४०७४४ (अ), ९८४१९३९६७९ (सं.)
नोट : पहिलो समुहमा १००% (सत् प्रतिशत उतिर्ण गराउन सफल
साथै मेडिकल C.H.W/V.H.W. Pharmacy तालिममा निःशुल्क भर्ना साथ स्टाफ नर्सको तयारी कक्षा समेत सञ्चालित छ।

वसन्ती, भेट नभएको पनि १५ महिना भैसकेछ। के गर्ने समय परिस्थितिका कारण आज म तिमीसामु झूटो भैरहेको छु। आफ्नै देशमा रहे पनि भेट्न नपाउँदा ज्यादै दुःख लागिरहेको छ, आउँछु भन्दा पनि आउन पाइरहेको छैन, मलाई थाहा छ तिमी रिसाएकी छौ। त्यसकारण फोन पनि उठाउँदिनौ, प्लिज मलाई बुझ्ने प्रयास गर, म फागुनमा जसरी भए पनि आउँछु।

**तीर्थ**

प्रिय मखमली, जिन्दगीदेखि हार खाइसकेको छु। तिम्रो विवाहको खबर सुनेर दुःखी छु। सोचेको थिएँ सुख-दुःखमा तिमीलाई अँगालोमा बाँधिरहन पाऊँ तर त्यो सपना मात्र हुन पुग्यो। ठीकै छ, धेरै संघर्ष गर्दा पनि तिमीलाई पाउन सकिनँ। मेरो जीवन चुरोटको धूवाँसरि उडे पनि तिम्रो जीवन सधैं हाँसेर बितोस्।

**प्रकाश**

अनुशा, कहाँ हरायौ आजभोलि ? जन्मदिनको शुभकामना छ। नर्स बन्ने तिम्रो सपना साकार होस्।

**पदम**

रविना, हाम्रो मित्रतालाई अझ कसिलो पार्दै यो धर्तीबाट बिदा नहुन्जेलसम्म पत्रलाई निरन्तरता दिइरहनु ल।

**विवश**



## ● सन्देश ●

सिर्जना, मीठो सम्झना। एसएलसी परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण हुनुभएछ, खुसी लाग्यो। निरन्तर शैक्षिक सफलताको शुभकामना। एउटा पत्र पठाई पत्राचारलाई नै बन्द गर्नुभयो नि, कारण के हो ?

**सुवासचन्द्र**

मिलनपछि बिछोड हाँसोपछि रोदन यो संसारकै रीत रहेछ। हो मित्रहरू, तपाईंहरू भन्नुहुन्थ्यो– यो हाम्रो मित्रताको साइनो निरन्तर चल्दै जानुपर्छ, तर आज उल्टो भयो। मित्रहरू श्याम, राजु, मनोज, रोमन, यस, दिलमाया, तारा, स्मृति, जनक, निमा, प्रश्ना, जेनिसा, कलावती, दीपेन्द्र, गणेश, गोविन्द, शंकर, तपाईंहरू आफ्नो वचन पूरा गर्नुहोस्। जहाँ जस्तो अवस्थामा भए पनि सफलताको शिखर चुम्नुहोस् शुभकामना अनि मीठो सम्झना।

**दुर्गाबहादुर**

रविनाजी, तपाईंको पत्र पाएर धेरै खुसी लाग्यो। तपाईंको मित्रतालाई अन्तरहृदयबाटै स्वागत छ, पत्र पठाइरहनु ल।

**करण**

रोजिनाजी, हाम्रो यो भावनात्मक सम्बन्धलाई जीवनपर्यन्त निरन्तरता दिइरहनु है।

**विवश**

विवश, तपाईंले मेरो पत्र पाउनुभयो कि भएन पत्र पाएपछि तुरुन्तै पत्राचार गर्नु, म पत्रको पर्खाइमा छु।

**हेमन्त राई**

सम्पूर्ण साथीहरू जसले मलाई चिन्नुहुन्छ, धेरै-धेरै सम्झिरहेको छु। अनि असार महिनामा जन्मदिन परेका साथीहरूलाई शुभकामना।

**राकेश श्रेष्ठ**

## ● साथी ●



गहुँगोरो वर्णका टीकाराम अर्याल'शालिन' रमणीय स्थानको भ्रमण एवं नयाँ साथी बनाउन रुचि राख्छन्। बीबीएस दोस्रो वर्षमा अध्ययनरत टीकाराम हाल २१ वर्षका भए। मिलनसार तथा असल स्वभावका टीकाराम अविवाहित छन्। असल, मिलनसार, सुख-दुःखमा साथ दिने तथा मनको भावना बुझ्ने साथीको खोजीमा रहेका टीकाराममलाई तुल्सी भन्ज्याङ-९, गल्कोट, स्याङ्जामा पत्राचार गर्न सकिन्छ। गहुँगोरो वर्णका टीकाराम अर्याल'शालिन' रमणीय स्थानको भ्रमण एवं नयाँ साथी बनाउन रुचि राख्छन्। बीबीएस दोस्रो वर्षमा अध्ययनरत टीकाराम हाल २१ वर्षका भए। मिलनसार तथा असल स्वभावका टीकाराम अविवाहित छन्। असल, मिलनसार, सुख-दुःखमा साथ दिने तथा मनको भावना बुझ्ने साथीको खोजीमा रहेका टीकाराममलाई तुल्सी भन्ज्याङ-९, गल्कोट, स्याङ्जामा पत्राचार गर्न सकिन्छ।



१८ वर्षीय सुदीप श्रेष्ठ ५ फिट ५ इन्च अग्ला छन्। मिलनसार स्वभावका सुदीप कक्षा १० मा अध्ययनरत छन्। गीत-संगीत सुन्न रुचाउने सुदीप गहुँगोरो वर्णका छन्। सुन्दरपुर-८, मोरङका बासिन्दा सुदीप साथीभाइलाई सक्दो सहयोग गर्ने, जीवनमा हार नमान्ने, साथीको शारीरिक बनावटप्रति नकारात्मक दृष्टिकोण नराख्ने, कहिल्यै झगडा नगर्ने साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले sudip_shrestha71@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।




अशोक शर्मा डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ अध्ययनरत छन्। ५ फिट ६ इन्च अग्ला अशोक १८ वर्षको भए। अविवाहित शर्मा अध्ययन एवं पत्रमित्रतामा रुचि राख्छन्। चञ्चल स्वभावका अशोक रातो वर्णका छन्। आफूभन्दा सानालाई माया गर्ने तथा ठूलालाई आदर गर्ने, स्वार्थ तथा घमन्ड नभएको, कुलतमा नलागेको तथा अध्ययनलाई प्राथमिकता दिने साथीको खोजीमा छन् उनी। शर्मालाई वाइलेचौर, पोखरा-१६, घर नम्बर-२९ मा पत्राचार गर्न सकिन्छ।



५ फिट ५ इन्च अग्ला एम. तमु गोर्खाली नेपाल प्रहरीमा कार्यरत छन्। आईए उत्तीर्ण गोर्खाली विवाहित हुन्। ३० वर्षीय तमु मिलनसार स्वभावका छन्। गहुँगोरो वर्णका तमु देश र जनताको सेवा गर्ने रुचि राख्छन्। देश र जनताको सुरक्षार्थ अहोरात्र खटिने भएकाले गोर्खाली आफ्नो कार्यमा साथ दिने साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले कारागार शाखा कार्यालय, हरमटारी, गोरखामा पत्राचार गर्न सक्नुहुन्छ।

## अमेरिकाबाट फर्किए कलाकार



काठमाडौं– करिब चार महिनाअघि सांगीतिक कार्यक्रम प्रस्तुत गर्न अमेरिका गएका कलाकारहरू स्वदेश फर्किएका छन्। गायक मिलन लामा, गायिका निशा सुनार तथा नायिका पुजाना प्रधान यसै साता स्वदेश फर्किएका हुन्। उनीहरूसँगै अमेरिका गएका गायक सुदीप गिरी भने आगामी महिनामात्र फर्कनेछन्। म्युजिक भिडियोको निर्माणमा व्यस्त भएकाले गायक गिरी फर्किन समय लाग्ने भएको हो। 'अमेरिकाका विभिन्न सहरमा हाम्रो कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो, गायक मिलन लामाका अनुसार नेपाली नयाँ वर्षको अवसर पारेर आयोजना गरिएका प्रायः सबै कार्यक्रममा दर्शक सहभागिता पनि उल्लेख्य थियो।

## पूर्वाञ्चल आइडलको मेची छनौट

धरान- पूर्वाञ्चल आइडल-२ को अञ्चलस्तरीय प्रतिस्पर्धा मेचीको इलाममा सम्पन्न भएको छ। मेची अञ्चलबाट ताप्लेजुङका सुवास मादेन, इलामबाट मुस्कान मगर, बिर्तामोडबाट राजेन्द्र विक, दमकबाट सुष्मा राई, पाँचथरबाट बिजु राई तथा फिदिमबाट सुरज मादेन छनौट भएका छन्।

संखुवासभाबाट अडिसन सुरु भएको पूर्वाञ्चल आइडल-२ विभिन्न स्थानमा अडिसन सकिएपछि अञ्चलस्तरीय प्रतिस्पर्धा भएको हो। यसअघि कोसी र सगरमाथाको छनौट भैसकेको छ। अञ्चलस्तरीय प्रतिस्पर्धामा छनौट भएका प्रतिस्पर्धीहरू यही साउन २४ गते धरानमा हुने तीनै अञ्चलका विजेताहरूबीच प्रतिस्पर्धा हुनेछ भने कार्यक्रमको फाइनल भदौ २७ गते हुने आयोजक संस्था सरगम संगीतालयकी अध्यक्ष यदु राईले बताइन्।

# नसालु आँखाले मोहित हुनुहुन्छ कि मुस्कानले भुतुक्कै बनाउँछ ?

नशालु मुस्कानसँग आँखा जुधाउँदा बढी मजा आउँछ।

**पवन चौधरी, कोटेश्वर**

म नशालु आँखाले मोहित छु किनभने नशालु हेराइले मनमा टच गर्छ।

**विक्रम भारती, झापा**

मलाई त मुस्कानले भुतुक्कै बनाउँछ। खुला दिलले मुसुक्क मुस्कुराउँदा मुटु नै चसक्क हुन्छ।

**नन्दलाल श्रेष्ठ** (२४)

नशालु आँखा भनेको क्षणिक हो तर मुस्कान आत्मीयता बढाउने कुरा हो। आत्मामा जति नै वेदना भए पनि मुस्कानले मानिसको मन पगाली सकारात्मक धारणा बनाउन बाध्य तुल्याउँछ।

**सञ्जीव खत्री** (१८), **रामेछाप**

म त नशालु आँखाले मोहित हुन्छु।

**किस्मत चाम्लिङ** (१६), **दिक्तेल**

मुस्कान त देखावटी हुन सक्छ, तसर्थ नशालु आँखाले मोहित बनाउँछ।

**छवि दिलजले** (२४)

मलाई नशालु आँखाले फिफ्टी पर्सेन्ट प्रभावित गर्छ भने मुस्कानले फिफ्टी पर्सेन्ट। यदि दुवै कुराको ब्यालेन्स मिले म साँच्चिकै भुतुक्कै हुन्छ।

**मीनबहादुर परियार**

यो त आ-आफ्नो विचार र सोचाइमा भर पर्ने कुरा हो। कोही नशालु आँखाले मोहित हुन्छन् भने कसै-कसैलाई मुस्कानले भुतुक्कै बनाउँछ।

**सञ्जीव खत्री** (१७), **रामेछाप**

किन हो किन खिसिक्क मुस्कुराइदिए म सब थोक भुल्छु।

**लक्ष्मण दाहाल** (२०), **सिन्धुली**

म त मुस्कानले भुतुक्कै हुन्छु किनकि म एक मुस्कान पाउन तड्पिरहेको छु।

**अनिल विश्वकर्मा, सिरहा**

कस्तो विरोधाभासपूर्ण प्रश्न सोध्या ? म त छक्कै परें। मलाई त दुवैले भुतुक्कै बनाउँछ, तैपनि एउटा छान्नुपरे मलाई नशालु आँखाले...।

**डियर उत्तम** (२०), **पाल्पा**

कुनै पनि परिचित होस् वा अपरिचित व्यक्तित्वको पहिलो परिचय भनेकै उनको मुस्कान हो।

**ए.पी. सुधा** (२५)

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
२. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
३. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
४. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
५. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
६. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
७. पढेर जानिन्छ कि परेर ?
८. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
९. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
१०. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?



## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २४ वर्षीया युवती हुँ। म सानै छँदा नाता पर्ने व्यक्तिबाट बलात्कृत भएकी थिएँ, तर उसले कसैलाई भने हामी दुवैलाई पुलिसले लान्छ, त्यसैले नभन्नू भनेर डर देखाएको थियो। त्यसैले मैले कसैलाई भनिनँ। उमेर बढ्दै जाँदा यौन आवश्यकता महसुस हुन थाल्यो। पहिले–पहिले सिरकमा घर्षण गर्थें, पछि मेरो सम्पर्क दुई जनासँग भयो। उनीहरूसँग सुरक्षित रूपमा (कन्डम प्रयोग गरेर) करिब आठ पटकजति सम्पर्क भयो होला। जसरी यौनसम्पर्क गर्दा प्राप्त हुने आनन्दका बारेमा चर्चा हुन्छ, त्यस्तो मैले कहिल्यै महसुस गरिनँ। बरु त्योभन्दा बढी त आफैंले गर्ने घर्षणमा आनन्द आउँछ, तर यो कार्यले पनि आजकाल मलाई निकै समस्या दिन थालेको छ। प्रायः दिनहुँजसो र अझ कहिलेकाहीं त दिनको दुई पटकसम्म आवश्यकता हुन्छ। साथीसँगको सम्पर्कबाट आनन्द नआएपछि त्यसप्रति वितृष्णा जाग्न थालेको छ अनि आफैंले अपनाउने विधिपछि पनि प्रत्येक पटक शरीरको सबै शक्ति नष्ट भएझैं शिथिलता आउँछ। दैनिक वा दिनको दुई पटक आवश्यकता पूरा नगरे काममा मन स्थिर गर्न सक्दिनँ। शरीर कमजोर हुँदै गएको छ। यसले गर्दा शारीरिक एवं मानसिक रूपबाटै समस्याग्रस्त भएकी छु। साथीहरूसँगको सम्पर्कमा आनन्द नआएकाले कतै वैवाहिक जीवनमा पनि त्यस्तै हुन्छ कि भन्ने चिन्ता लागिरहन्छ। यी सबै समस्याबाट कसरी मुक्त हुन सकिन्छ ?**

**– स्व.**



**उत्तर : नातामा बलात्कार**

हाम्रो जस्तो आदर्शवादी समाजमा यौन दुराचारका घटना घट्दैनन् भन्ने मानिए पनि यथार्थ अर्कै छ। बालबालिकामाथि बलात्कार एउटा अति नै नमीठो वास्तविकता हो, त्यसमा पनि नाताको व्यक्तिबाटै त्यसो हुनु अझ दुःखलाग्दो कुरा हो। यसै सन्दर्भमा हाम्रो घर-छिमेक नै जोखिमपूर्ण स्थान बन्न पुगेका छन्। यौनशोषण वा बलात्कारजस्ता घटनाले यौनशोषणको सिकार भएका व्यक्तिमा दीर्घकालीन असर पर्न सक्छ। सानै उमेरमा यस्तो भए पछि वयस्क हुँदा पनि उनीहरू आफूलाई सुरक्षित मान्दैनन्। आफूलाई दोषी मान्ने, अति नै लाज मान्ने जस्ता कुरादेखि लिएर उनीहरू आत्मीय सम्बन्ध बनाउन नसक्ने हुन्छन्। उनीहरूको आत्मसम्मान नै नहुने तथा पछि वैवाहिक जीवनमा पनि यौनसुख पाउन नसक्ने हुन सक्छ।

यौनशोषण वा बलात्कारको दीर्घकालीन नकारात्मक प्रभाव पर्न सक्ने भएकाले जोखिममा भएका बालबालिकाहरूलाई यस विषयमा जानकारी दिनु तथा कसरी बच्न सकिन्छ भन्ने कुरा सिकाउनु आवश्यक छ। एकान्त स्थानमा वा कोठामा विश्वास गर्न नसकिने व्यक्तिसँग नजाने वा नबस्ने, अनुचित किसिमको स्पर्श भए प्रतिरोध गर्ने, आफ्नो भावनाप्रति सजग हुने र स्पष्ट रूपमा आफूले मन नपराएको व्यवहारका बारेमा भन्ने तथा यस किसिमको व्यवहार कसैबाट हुन गए आफ्ना अभिभावकलाई सूचित गर्न सक्ने सीप सिकाउनुपर्छ। यौनशोषणको सिकार भएकाहरूले उजुरी गर्न सक्ने किसिमको वातावरण बनाइदिनु पनि हाम्रो (वयस्क सदस्यहरू जस्तै आमा-बुबा, अभिभावक, शिक्षकको) कर्तव्य हो।

पत्रअनुसार बलात्कारको घटनाको गहिरो छाप तपाईंमा परेजस्तो लाग्दैन, तर पनि पत्रको सुरुमै त्यसलाई उल्लेख गर्नुको पनि पक्कै केही उद्देश्य हुनुपर्छ। यदि त्यस्तो केही छ भने विस्तृत जानकारीसहित लेख्न सक्नुहुन्छ।

**यौन सन्तुष्टिका लागि**

पत्रमा उल्लेख नभए पनि तपाईंले यौनाङ्ग नै घर्षण गराउनुभएको हुनुपर्छ र यो सन्दर्भमा यौनसन्तुष्टिका लागि तपाईंले गर्नुभएको सिरकमा घर्षण एक प्रकारको हस्तमैथुन नै हो। कतिपय व्यक्तिको मनमा यो कति पटकसम्म गर्नु ठीक हुन्छ भन्ने प्रश्न उठ्छ। यसको एउटा सजिलो जवाफ छ– चाहेजति। आफूमा भएको यौनेच्छा परिपूर्तिका लागि नै यौन चरमसुख प्राप्त गरेर शरीर तथा मनमा भएको यौनतनावलाई शान्त पारिन्छ। तपाईंमा यौनेच्छा तीव्र छ भनेर देखिइसकेको छ। दैनिक एक पटकले नपुग्दा दुई पटक हुनुमा केही हानि छैन।

**साथीहरूसँग किन आनन्द नआएको होला ?**

साथीहरूसँग यौनसम्पर्कका अतिरिक्त कस्तो सम्बन्ध थियो, पत्रमा स्पष्ट छैन। प्रेममय वा आत्मीय सम्बन्धले यौनसुखलाई बढी आनन्ददायक बनाउँछ। तपाईं विवाहित हो वा अविवाहित, पत्रबाट स्पष्ट हुँदैन, तर सम्बन्धका लागि स्थायी आधार नभएको स्थितिमा चाहेजति यौनआनन्द प्राप्त नहुन सक्छ।

यसरी घर्षण गराउँदा आफूले चाहेअनुरुपको घर्षण, त्यसको गति अनि दबाब भगाङ्कुर वा यौनसंवेदनशील भागमा दिन सकिन्छ। यसमा अभ्यस्त भैसकेपछि कसरी यौन चरमसुखको स्थितिसम्म पुग्ने भन्ने कुरा सजिलै गर्न सकिन्छ। अर्कातिर, अर्को व्यक्ति जोसँग यौन क्रियाकलापका बारेमा धेरै खुलस्त भैसकिएको हुँदैन र एक अर्काको आवश्यकता पनि थाहा हुँदैन। यी सबै कुरामा तालमेल मिल्न समय लाग्छ। विशेष गरेर पुरुष माथि र महिला तल रहेर सम्पर्क गर्दा महिलाको सबैभन्दा बढी संवेदनशील अङ्ग भगाङ्कुरको घर्षण हुँदैन। यस्तो स्थितिमा तपाईंले अपेक्षा गर्नुभएजस्तो आनन्द प्राप्त हुने कुरै भएन।

**वैवाहिक जीवनमा के-कस्तो असर पर्ला ?**

यो कुरा तपाईं र तपाईंको श्रीमान्मा भर पर्ने कुरा हो। फरक-फरक आवश्यकताअनुसार एक-अर्काको बीचमा समझदारीको विकास गरी नयाँ-नयाँ प्रयोग गर्दै आनन्द लिन सकिन्छ। समझदारी राम्रो भए हस्तमैथुनमा श्रीमान्लाई सहभागी गराउन सकिन्छ। यौनसन्तुष्टि सामान्य रूपमा गरिने सम्पर्कबाट पूरा भएन भनेर श्रीमान्सँगको सम्पर्कबाट पर भागेर एक्लै आफैं हस्तमैथुनको दुनियाँमा हराइयो र श्रीमान्का चाहनालाई बेवास्ता गर्न थालियो भने त्यसको प्रभाव त पर्छ नै। तपाईंको सम्पर्क भएका साथीमध्ये कसैसँग दीर्घकालीन सम्बन्ध स्थापना हुने सम्भावना छ भने अहिलेदेखि नै राम्रो यौनसुख लागि विभिन्न क्रियाकलापमा संलग्न हुन थाल्न सक्नुहुन्छ। अनावश्यक सोच र निराशाको सिकार बन्न पुगे त्यसको नकारात्मक प्रभाव वैवाहिक अनि जीवनका अन्य पाटामा पनि पर्न सक्छ।


के तपाईंमा यौन सम्बन्धी समस्या छ ?
पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु।
महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु।
सुन्दरता अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा - ०६१-५३९१९४ बुटवल - ०७१-५४८८९३
भरतपुर - ०५६-५२०९६८ इटहरी - ०२५-५८४०८८
दाङ - ९८४७८७७११४, ९८०६२०९८०० हेटौंडा - ०५७-५२६०४६ सप्तरी, फत्तेपुर - ०३१-५५०११२

यौन सरोकार
Over 4000 Satisfied Customers
यौन रोग/यौन दुर्बलता
को लागि अति प्रभावकारी
Herbal Product का साथ
DR. OIL
9841-883397

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

ग्यारेन्टी उपचार
100% Gurantee
यौन: शिघ्र स्खलन, यौन सन्तुष्टि नहुने
अनुहार: कालो पोतो, चायाँ, डन्डीफोरको उपचारको लागि
शारिरिक तौल घटाउने, बढाउने।
मधुमेहको उपचार साथै ग्यास्टिक, प्रेसर, बाथ, दम आदि समस्याहरूको समाधान
नोट: सावधान! डाक्टरद्वारा जाँच गरेर मात्र औषधि प्रयोग गर्नुहोस।
माहारूद्र आयुर्वेद फार्मेसि
लगनखेल साझाभवन पसल नं २२
2291316, 9741137095

# बाटो पत्ता लगाउनुहोस्




पुल चिन्नुहोस् : कर्णाली, कोसी, महाकाली, मेची, मितेरी (नेपाल-चीन), नारायणी

## गीत भर्नुहोस्

............ ............., ............................... संसार
काँडाको ..............., ........................................
झुल्किन्छ .................... छायाँ, वस्तु ..................
............ ............................, ................. संसार

## साप्ताहिक कोठेपद



**दायाँ**

१. सहिद धर्मभक्तका भाइ (७)
२. अधीनमा रहेको (४)
४. गंगालाई पृथ्वीमा ल्याउने ऋषि (४)
५. निरन्तर, लगातार (४)
७. बतेको समय (३)
८. करार लेखिएको कागज (५)
१०. खाँचो, जरुरत (५)
१२. आगो बाल्ने ढुंगा (४)
१३. टुहुरो (३)
१४. भूत, प्रेत.....(३)
१५. नाम नभएकी (४)
१६. नागहरूका राजा (५)
१७. नगरवासी (४)
१८. किशोरावस्थाबाट युवावस्थामा जाँदाको समय (४)
२०. सत्यवती (४)
२१. नाक (३)

**तल**

१. कम्पासको नेपाली नाम (५)
२. विस्वास गर्न सकिने (४)
३. लेनदेनसम्बन्धी लिखत (४)
४. आकस्मिक घटना (४)
५. मिच्ने काम (५)
६. ध्यान गर्ने एउटा पद्धति (४)
७. सिको गर्न लायक (६)
८. उत्तरतिर बग्ने एक नदी (४)
९. अदालत (४)
१०.गुण-दोषको विवेचना गर्ने काम (४)
११. कुमारद्वारा मारिएको दैत्य (५)
१५. समुद्र पिउने ऋषि (३)
१६. चाहना, भोगविलास (३)
१७. नपुंसक (३)
१९. निधारमा लगाइन्छ (२)
२०. पुरुष (२)


## पत्याउनु हुन्छ ?



क्विन एलिजावेथ- २ नामक पानीजहाजले ६ इन्चको दूरी तय गर्न ३ दशमलव ७ लिटर डिजेल खर्च गर्छ ।



चीनका वेनह्वाउ दम्पतीले मौरीसँग आफ्नो २० वर्ष लामो घनिष्ठतालाई पुष्टि गर्न सामूहिक रूपमा १० हजारभन्दा बढी मौरी शरीरमा राखेका थिए ।



म्याकेरेल जातको माछाले एकपटकमा ५ लाख अन्डा पार्छ ।



अमेरिकी एयरलाइन्स कम्पनीले पहिलो श्रेणीमा यात्रा गर्ने यात्रुहरूलाई दिइने सलादमा राखिएको जैतुनको पात हटाएर एक वर्षमा ४० हजार डलर बचत गरेको थियो ।


## १० वटा फरक खोज्न सक्नुहुन्छ ?





## पुल चिन्नुहोस्













# स्प्लेन्डर एनएक्सजी



भारतको हिरो होन्डा कम्पनीले उत्पादन गरेको स्प्लेन्डर एनएक्सजी बाइकको सेल्फ स्टार्ट भर्जन नेपाली बजारमा भित्रिएको छ। यसअघि यो मोडलको बाइकमा किक स्टार्ट सिस्टम मात्र थियो। नेपालमा स्प्लेन्डर बाइक लोकप्रिय भएपछि स्याकार कम्पनीले ९७ दशमलव २ सीसीको यो मोडलको बाइक नेपाली बजारमा भित्र्याएको हो। यो बाइक स्प्लेन्डर मोडलहरूमा बढी स्टाइलिस्ट भएको कम्पनीले दाबी गरेको छ। यो मोडलको बाइकलाई स्टाइलिस्ट बनाउन कम्पनीले एलो हि्वल, ठूलो ट्यांकी तथा बुट्टामा परिवर्तन गरेको छ। फोर स्ट्रोक सिंगल सिलिन्डर भएको यो बाइकमा इन्जिन कुल गर्ने सुविधा पनि छ भने यसको क्षमता ७ हजार ५ सय आरपीएम पावरको छ। चार गियरको यो बाइकको पेट्रोल क्षमता १० दशमलव ३ लिटर छ जसको रिजर्भमा १ दशमलव ८ लिटर तेल रहन्छ। १ हजार ९ सय ६५ मिलिमिटर लामो यो बाइक १ सय ७ किलोग्रामको छ। सेल्फ स्टार्ट भएको मोडलको यो बाइकको मूल्य १ लाख ३१ हजार ९ सय रुपैयाँ छ।

# एकाउन्टिङ सफ्टवेयर




नेपाली परिप्रेक्ष्य सुहाउदो ढंगले निर्माण गरिएको स्वस्तिक एकाउन्टिङ सफ्टवेयरको परिमार्जित भर्सन ११ नेपाली बजारमा आएको छ। यो सफ्टवेयर ठूला-ठूला व्यापार, उद्योग, आयातकर्ता, निर्यातकर्ता, डिपार्टमेन्टल स्टोर, वितरक, कर्पोरेट हाउसलगायत आर्थिक कारोबार गर्नेहरूलाई उपयोगी हुने ढंगले निर्माण गरिएको छ। माई सिक्वेल डाटा बेसमार्फत आर्थिक कारोबारलाई सुरक्षित र गोप्य ढंगले राख्न सकिने सुविधा यसमा छ। यो सफ्वेयरले कुनै पनि संस्थाले गरेको आर्थिक कारोबारलाई एक्सएलमार्फत प्रस्तुत गर्न सक्छ भने आवश्यकताअनुसार वर्ड र एचटीएमएल फाइलमा पनि कन्भर्ट गर्न सक्छ। यसमा कर कार्यालयबाट मान्यता प्राप्त भ्याट रिपोर्टसमेत बनाउन सकिन्छ भने विक्रम संवत् र इस्वी संवत्अनुसार पनि काम गर्न सकिन्छ। यसमा विभिन्न विनिमयमा गरेका कारोबारको अलग्गै हिसाब-किताब राख्न मिल्ने सुविधा छ। हाइटेक सलुसनले नेपाली बजारमा उपलब्ध गराएको यो सफ्वेयरको मूल्य युजरअनुसार फरक-फरक छ। यो सफ्टवेयर यदि पाँच/छ जना युजरले एकै पटक सञ्चालन गर्ने हो भने ६५ हजार रुपैयाँ र एक जना युजरले मात्र चलाउने हो भने २५ हजार रुपैयाँ पर्छ।

# सोनी एरिक्सन जी-७०५



मोबाइल उत्पादकहरूले मोबाइलमा राख्ने सुविधाअनुसार यसको परिभाषा पनि परिवर्तन हुँदै गएको छ। अहिले बजारमा आएका मोबाइलमा डायल गर्ने र रिसिभ गर्नेभन्दा बढी सुविधा हुन्छन्, जसका कारण बढी सुविधासम्पन्न मोबाइल बोक्नु भनेको प्रतिष्ठा बढाउनुसरह हुँदै गएको छ। मोबाइलमार्फत आफ्नो प्रतिष्ठा बढाउन चाहनेहरूलाई भनेर सोनी एरिक्सन कम्पनीले निर्माण गरेको जी-७०५ मोडलको मोबाइल फोन नेपाली बजारमा आएको छ। स्लाइडिङ सिस्टमको यो सेटमा रहेका अधिकांश फिचर नेपालका दूरसंचार कम्पनीहरूले अझै उपलब्ध गराउन सकेका छैनन्। यो सेटमा जीएसएम/जीपीआरएस र हालै आएको एचएसडीपीए सिस्टमको मोबाइल चलाउन सकिन्छ भने यसको ब्यान्डविथ ७ दशमलव २ मेगाबाइट प्रतिसेकेन्ड छ। यो सेटमा जियो ट्यागिङ सिस्टम पनि छ, जसले प्रयोगकर्ता कुन स्थानमा छ भन्ने कुरा पनि थाहा पाउन सकिन्छ। यो सेटको मनिटर २ दशमलव ४ इन्चको छ। यसमा जडित क्यामेराले ३ दशमलव २ मेगापिक्सेलको फोटो खिच्न सक्छ। राति फोटो खिच्न सजिलो होस् भनेर यसमा फ्लासको समेत सुविधा छ। हाल विभिन्न मोबाइल सेवा प्रदायकले इन्टरनेट सेवा दिएका कारण यो सेट इन्टरनेट चलाउनेहरूका लागि पनि उत्तिकै उपयुक्त छ। यसबाहेक यो मोबाइलमा एफएम रेडियो सुन्ने सुविधा पनि छ। १ सय २० मेगाबाइट इन्टरनल मेमोरी र एम-२ को कार्ड राखेर यसको क्षमता बढाउन सकिन्छ। यो सेट संगीतपारखीहरूका लागि पनि उपयुक्त मानिन्छ। हाल यो सेटको नेपाली बजार मूल्य २३ हजार ५ सय रुपैयाँ छ।

विदेशबाट

# वायरलेस ड्रम



रक वा पप स्टार बन्ने सपना साँचेकाहरूका लागि लजिटेकले अन्तर्राष्ट्रिय बजारमा वायरलेस ड्रम उपलब्ध गराएको छ। यसले प्ले स्टेसन २ र ३ मार्फत काम गर्छ। यो सेटमा तीन वटा ड्रमको हेड, २ वटा प्याड र किक प्याडल छ। यी सबैलाई प्ले स्टेसन २ र ३ ले २ गिगाहर्जको यूएसबी रिसिभरमार्फत पठाउछ। यसमा भएको वायरलेसले ३० फिट टाढासम्म काम गर्ने दाबी कम्पनीको छ। यसका दुईवटा ड्रम स्टिकले उच्च संगीत सिर्जना गर्छ। यसको किक प्याडल स्टेनलेस स्टिलले बनेका कारण बलियो मानिन्छ। दुईवटा डबल ए ब्याट्री लाग्ने यो ड्रम सेट निर्माता कम्पनीले एक वर्षको अन्तर्राष्ट्रिय वारेन्टी पनि दिएको छ। यो ड्रम सेटको अन्तर्राष्ट्रिय बजार मूल्य २२ हजार ९ सय ९९ डलर छ।

## एउटै मञ्चमा गायन

# नृत्य र हास्य





गत आइतबार साँझ हङकङको युङ लङ थिएटरमा झन्डै १ हजार दर्शकमाझ गायक अनिल सिंहले आफ्नो जन्मदिन मनाए। कतियौं जन्मदिन हो भन्ने कुरा भने उनले गोप्य नै राखे। कार्यक्रमको सुरुमै स्टेजमा आएका सिंहले आफ्ना तर्फबाट दर्शकलाई जन्मदिनको उपहार भन्दै चर्चित गीत 'आई लभ यू' गाए। उपस्थित सबैले एकै स्वरमा उनलाई 'ह्याप्पी बर्थ डे' भन्दै शुभकामना दिए। खुसी देखिएका अनिलले नयाँ पुराना करिब एक दर्जन गीत गाए। लालीगुराँस एसोसिएसनका चेतन गुरुङ र हिमाल रानाद्वारा आयोजित कार्यक्रममा यस वर्षकी इन्डियन आइडल सौरभी र रनर-अप कपिल थापासमेत सबैको आकर्षण बने।

आइडलको फाइनल चरणबाटै यो जोडीबीचको प्रेमप्रसंगले चर्चा नपाएको होइन। यहाँसमेत यिनको गायकी र प्रस्तुति देखेर धेरैले उनीहरूबीच नजिकको सम्बन्ध रहेको अड्कल काटे। उदितनारायण र साधना सरगमको स्वरमा रहेको रोमान्टिक गीत 'पहला नशा, पहला खुमार' गायक जोडीले उत्तिकै रोमान्टिक ढंगले गाए। गीत गाउँने क्रममा आइडल विजेता सौरभी र कपिल अँगालोमा समेत बाँधिए। ग्रीनरुममा सौरभीसँगै भेटिएका कपिललाई प्रेमप्रसंगका सम्बन्धमा सोधिएको प्रश्नमा भने उही पुरानै जवाफ आयो। 'अहिलेका लागि हामी राम्रा साथी मात्र हौं', कपिलले भने। भविष्यका बारेमा भन्न नसक्ने बताउँदै उनले त्यसको सम्भावनासमेत दर्साए। कपिलले यसो भनिरहँदा सँगैकी सौरभी एकैछिन मज्जाले हाँसेपछि बोलिन्, 'इन्डियन आइडलदेखि आजसम्म कपिल मेरा प्रिय साथी हुन्, जोसँग म मेरा भावना बाँड्न सक्छु।' प्रिय साथी जीवन साथी बन्ने सम्भावना कत्तिको छ त ? 'उनी फेरि लामो हाँसो हाँसिन्, 'खोइ अहिलेसम्म त्यस्तो केही छैन।' गीतमार्फत आफ्नै भावना व्यक्त गर्नुभएको त होइन ? 'त्यस्तो होइन्, कलाकार भएपछि गीतले मागेअनुसारको प्रस्तुति त दिनैपर्‍यो नि,' कपिलले हाँस्दै भने। सुरुमा छुट्टाछुट्टै प्रस्तुत भएका यी दुईले कार्यक्रमको अन्तमा तीनवटा गीत सँगै गाए। झन्डै एक दर्जन गीत गाएका कपिलले तीनवटा नेपाली गीत गाए। सविन राईको चर्चित गीत 'गुराँसको फेदमुनि' गाउँदा उपस्थित सयौं युवायुवतीले कपिलको स्वरमा स्वर मिलाउँदै साथ दिए।

आकर्षक गायन शैली र प्रस्तुतिका कारण क्रान्ति आलेले समेत दर्शकलाई धीत मर्ने गरी नचाए। सर्वाधिक चर्चामा रहेको उनको गीत 'च्याङ्बा हो च्याङ्वा' ले फेरि एकपटक पाका-जवान सबैलाई कुर्सी छाड्न बाध्य पार्‍यो। पटक-पटक दर्शकदीर्घामा पुगेका आलेले दर्शकलाई सँगै नाच्न हौस्याए। बेलायतबाट सीधै हङकङ आएका आले पुनः बेलायत नै फर्किएका छन्। 'करिब दुई महिनापछि नेपाल फर्कन्छु', उनले साप्ताहिकलाई भने। कार्यक्रमको बीचबीचमा स्टेजमा देखा परेका हास्यकलाकार गोपाल नेपालले समेत व्यंग्यात्मक चुट्किलामार्फत पेट मिचीमिची हँसाए। गायन, नृत्य र हास्यको सम्मिश्रण रहेको कार्यक्रममा स्थानीय नृत्याङ्गनाहरू रेनु थापा, युक्ता लिम्बू, सन्ध्या गुरुङ तथा क्रिस्टिना लिम्बूले आकर्षक नृत्य प्रस्तुत गरे।

**निर्मल श्रेष्ठ, हङकङ**



## भोलि मिक्स मेनिया

**साप्ताहिक समाचार**

काठमाडौं– लामो र्‍याम्पमा आकर्षक क्याटवाकसहितको फेसन शो हेर्न साइत नै जुर्नुपर्ने भएको छ। विगतमा हप्तैपिच्छे आयोजना हुने फेसन शो अहिले दुई महिनामा मुस्किलले एउटा हुन्छ। फेसन शोको रिक्ततालाई पूरा गर्दै भोलि शनिबार राजधानीमा 'मिक्स मेनिया' शीर्षकको कार्यक्रम हुँदैछ जहाँ फेसन शोलाई विशेष आकर्षणका रूपमा प्रस्तुत गरिनेछ।

जुम इन्टरटेन्मेन्ट तथा सिमो लञ्जले संयुक्त रूपमा आयोजना गर्न लागेको यो कार्यक्रममा समावेश गरिने फेसन शोमा २० जना मोडलले क्याटवाक गर्नेछन्। चारवटा सिक्वेन्समा विभाजन गरिएको फेसन शोका क्रममा मोडलले लाइभ रिटेलका पहिरनहरू प्रदर्शन गर्नेछन्। मोडलहरूलाई कोरियोग्राफर तथा कार्यक्रमका संयोजक विनोद सिंहले विगत दुई सातादेखि प्रशिक्षण दिइरहेका छन्। त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरको पाँचौं तल्लामा सञ्चालन हुने फेसन शोका क्रममा डान्स पार्टी तथा लाइभ कन्सर्ट पनि हुँदैछ, जहाँ गायक श्रीष खड्का, सुमन श्रेष्ठ तथा साउथ एसियन स्टार अशोन लामाले गीत-संगीत प्रस्तुत गर्नेछन्। कार्यक्रम साँझ छ बजे प्रारम्भ हुनेछ।

## रोड ट्रिप एभरेस्ट

सगरमाथा आधार शिविरलाई गन्तव्य बनाउँदै जोखिमपूर्ण साहसिक यात्रामा निस्किएका तीन सेलिब्रेटी बुधबार आफ्नो गन्तव्यमा पुगेका छन्। गएको शनिबार राजधानीको वसन्तपुरबाट सुरु भएको उक्त यात्रामा चर्चित टेलिभिजन कार्यक्रम प्रस्तोता सुरजसिंह ठकुरी, पप गायक निमा रुम्बा तथा ओलम्पियन दीपक विष्ट सहभागी छन्। उनीहरू यामाहा एफजेड-१७ मोटरसाइकल चढेर अरनिको राजमार्गको बाटो हुँदै तिब्बत छिरेर १ हजार १ सय किलोमिटर पार गरी ५ हजार २ सय मिटर उचाइमा अवस्थित तिब्बती दक्षिण मोहडाको बेसक्याम्पसम्म पुगेका हुन्।

यात्राको प्रारम्भ बृहत् मोटरसाइकल र्‍यालीसँगै भएको थियो। वसन्तपुर दरबार क्षेत्रदेखि भक्तपुर सूर्यविनायकसम्मको र्‍यालीमा २ सय ७० यामाहा एफजेड-१७ मोटरसाइकल सहभागी थिए। 'रोड ट्रिप टु एभरेस्ट' मा तीन सेलिब्रेटीसहित यामाहा एफजेड १६ मोटरसाइकलमा भाग्यशाली तीन ग्राहक ज्योति देशार, अमित प्रधान र रेशमकुमार बाल सम्मिलित छन्। मोरङ अटो वर्क्सका प्रतिनिधिसमेत गरेर कुल दसजनाको टोली साँघुरो बाटो, उच्च भू-भागका कारण जोखिमपूर्ण यात्रा भए पनि बिना कुनै व्यवधान गन्तव्यस्थल पुगेको मोरङ अटो वर्क्सका वरिष्ठ मार्केटिङ अफिसर अवासिस ओफ्लाले साप्ताहिकलाई बताए। सहभागीहरू यामाहा एफजेड-१६ को क्षमतालाई अब्बल साबित गरेर साउन ११ गते काठमाडौं फर्कनेछन्।



# शारीरिक तन्दुरुस्ती मेला



● **शिव मुखिया**

काठमाडौं- प्रतिस्पर्धी जीवनशैली र व्यस्तताका कारण सहरिया मानिसहरूको शारीरिक स्वास्थ्य बिग्रँदै गएको छ। त्यस्तै, हरक्षण प्रविधिसँग लहसिनेहरूले समय र श्रम त बचत गरेका छन् तर शारीरिक स्वास्थ्यचाहिं धराशायी बनाउँदै लगेका छन्। यही तथ्यलाई मध्यनजर गर्दै डाइरेक्सन नेपालले शारीरिक तन्दुरुस्तीसम्बन्धी बृहत् मेला आयोजना गर्ने भएको छ। नेपालमै दोस्रो पटक आयोजना गर्न लागिएको यो मेलाले शारीरिक स्वास्थ्यसँग सम्बन्धित हरेक क्षेत्रका सम्बन्धमा प्रत्यक्ष साक्षात्कार गर्ने अवसर जुटाउनेछ। साउन २२ गतेदेखि चार दिनसम्म चल्ने मेलालाई 'दोस्रो हेल्थ एन्ड फिटनेश एक्स्पो-२००९' नाम दिइएको छ।

'स्वास्थ्य तथा शारीरिक तन्दुरुस्तीसम्बन्धी सेवा तथा सामग्रीबारे एउटै छानामुनी सहज रूपमा जानकारीहरू उपलब्ध गराउन मेलाको आयोजना गरेका हौं' एक्स्पोका इभेन्ट म्यानेजर पशुपति खत्री भन्छन्- 'हामीले विगतको अनुभवका आधारमा यस एक्स्पोलाई अझ बृहत् बनाउने प्रयास गरेका छौं।'

मेलामा शारीरिक तन्दुरुस्तीका लागि आवश्यक सामान खरिद बिक्रीको अवसर पनि उपलब्ध हुनेछ। निःशुल्क स्वास्थ्य परामर्श लिन चाहने एवं सामान्य उपचार गर्न चाहनेहरूका लागि समेत मेला उपयुक्त गन्तव्य हुनेछ। शारीरिक तन्दुरुस्तीका आवश्यक सामग्री, स्वास्थ्य परामर्श सेवा, निःशुल्क स्वास्थ्य परीक्षण, खेलकुद प्रदर्शन, दैनिक सेमिनार, रक्तदान कार्यक्रम मेलाका थप आकर्षण दिनेछ। यी सेवाहरू त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरको चौथो तलामा स्थित डाइरेक्सन एक्जिविसन हलमा पाइनेछ।

स्वास्थ्यसँग सम्बन्धित कुनै पनि समस्याले ग्रसित भएकाहरूले यसबाट फाइदा उठाउन सक्नेछन्। त्यसो त शरीरलाई सधैं फिटनेस एवं स्वस्थ्य राख्न चाहने व्यक्तिहरूका लागि पनि मेला एउटा राम्रो अवसर बन्न सक्छ। मेला अवधिमा हरेक दिन हुने 'शारीरिक स्वस्थ्य एवं तन्दुरुस्ती' सेमिनारले पनि आगन्तुकहरूलाई सही एवं जीवनोपयोगी सन्देश प्रवाह गर्नेछ।

मेलामा स्वास्थ्यकर्मी, फिटनेस क्लब सदस्य, खेलकुदकर्मी आदिको सहभागिता रहनेछ। स्वस्थ्यसँग सम्बन्धित संघ-संस्था, फिटनेस क्लब, हेल्थ एन्ड फिटनेस प्रोडक्ट सप्लायर आदिका स्टल एकै थलोमा पाइनु नै यो मेलाको विषेशता हो। मेलामा अक्युपन्चर सेवा, आयुर्वेदिक औषधी एवं हस्पिटल, हर्बल उत्पादनहरू पनि उपलब्ध हुनेछन्। बालबालिकालाई आवश्यक स्वास्थ्य सामग्री, ब्युटी एन्ड पर्सनल केयर प्रोडक्टलगायत अर्गानिक खाद्यपदार्थ, पानी शुद्धीकरण प्रणाली पनि सोही अवसरमा भेटिनेछ। त्यस्तै, मेलामा शरीरलाई तन्दुरुस्त राख्न आवश्यक सामग्रीहरूका बारेमा प्रत्यक्ष साक्षात्कार एवं किनबेच गर्ने अवसर पाइनेछ। आयुर्वेदिक हस्पिटल, हर्बल उत्पादक संस्था, हेल्थ एन्ड फिटनेस क्लब, स्विमिङ क्लब, एरोबिक स्कुल, रिक्रिएशन क्लब आदिले करिब ५० स्टलबाट आफ्नो सेवा-सुविधाका सम्बन्धमा परामर्श दिनेछन्।

यसपटक मेलामा खेलकुद सामग्री तथा खेलसँग आबद्ध संस्थाहरूले पनि सहभागिता जनाउनेछन्। एडभेन्चर स्पोर्ट्स, माउन्टेन बाइक, गल्फ क्लब, रक क्लाइम्बिङ, इनडोर-आउटडोर गेमबारे पनि प्रत्यक्ष जानकारी हासिल गर्न सकिने यो मेलामा शारीरिक सुन्दरता, स्वस्थ्य र तन्दुरुस्तीसम्बन्धी सम्पूर्ण जानकारी एवं सेवा हासिल गर्न सकिने दाबी खत्रीको छ।



## वृत्तचित्रमा हिमालपारिको सौन्दर्य

**साप्ताहिक समाचार**

काठमाडौं– उपल्लो मुस्ताङको जनजीवन तथा संस्कृतिमा आधारित वृत्तचित्र 'जोर्नी बियोन्ड द हिमालयाज' ले दर्शकहरूको मन जितेको छ। अघिल्लो साता राजधानीमा प्रथम प्रदर्शन गरिएको यो वृत्तचित्रमा कलाकार मनोज गजुरेल तथा सञ्चारकर्मी प्रवेश सुवेदीको उपल्लो मुस्ताङको यात्राको रोमाञ्चकता समेटिएको छ। मिडिया चौतारीको ब्यानरमा सञ्चारकर्मी सुवेदीले यो वृत्तचित्र निर्देशन गरेका हुन्।

२५ मिनेट लामो वृत्तचित्रमा चिसो मुस्ताङ्गी मरुभूमि क्षेत्रको कष्टकर दिनचर्या, सांस्कृतिक तथा प्राकृतिक महत्त्व, मुस्ताङ्गी राजसंस्थाको अन्त्य आदि विषय समेटिएको छ। रित्ता सरकारी विद्यालय तथा भरिभराउ परम्परागत गुम्बा स्कुल वृत्तचित्रले समेटेको अर्को महत्त्वपूर्ण पाटो हो। बौद्धमार्गीका पुराना संस्कार तथा मुस्ताङ्गमा बौद्धधर्मको विस्तार हुनुअघि ओढारभित्र कोरिएका ऐतिहासिक चित्र तथा मूर्तिकलालाई पनि वृत्तचित्रमा समेटिएको छ।

उपल्लो मुस्ताङका सम्बन्धमा छापा माध्यम लेखेर धीत नमरेकाले वृत्तचित्र निर्माण गरेको निर्देशक सुवेदीले बताए। पुष्पराज पौडेलको लेखन तथा नवराज दाहालको छायांकनमा निर्माण भएको यो वृत्तचित्रका कार्यकारी निर्माता नवराज धमला हुन्। यो वृत्तचित्र निर्माणका लागि युनेस्को, राष्ट्रिय प्रकृति संरक्षण कोष र नेपाल पर्यटन बोर्डले समेत सहयोग गरेको निर्देशक सुबेदी बताउँछन्। चाँडै नै यो वृत्तचित्र हङकङ, अस्ट्रेलिया तथा फ्रान्समा प्रदर्शन गरिने मिडिया चौतारीले जनाएको छ।




## दोलखा सांस्कृतिक साँझ

दोलखा बजारस्थित पशुपति महादेव मन्दिरको जीर्णोद्धार गर्न सहयोग संकलन गर्ने उद्देश्यले गत शनिबार राजधानीमा 'दोलखा सांस्कृतिक साँझ' कार्यक्रम सम्पन्न भयो। दोलखा म्यास मुचा खलक, दोलखा चेली बचत तथा ऋण सहकारी संस्था एवं नेप्लिज फेसन होमले संयुक्त रूपमा आयोजना गरेको उक्त कार्यक्रममा विभिन्न गायक-गायिकाले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरे। युवा गायक दीपक स्वप्निलको गायनबाट प्रारम्भ भएको उक्त कार्यक्रममा गायिका रेश्मा सुनुवारले 'मै ठूली भइछु रे' गाउँदा प्रज्ञा-प्रतिष्ठानको प्रेक्षालयमा भेला भएका दर्शक नाच्न थालेका थिए।

कार्यक्रममा बालगायक कुणाल श्रेष्ठ, अशोक राई, धीरज राई, विजय लामा, निर्णय श्रेष्ठ, उदय सोताङ, गायिका मनिला सोताङ, प्राश्ना शाक्य आदिले करिब तीन घण्टासम्म विभिन्न गीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरे। हास्यकलाकारद्वय जितु नेपाल तथा नारद खतिवडाको समसामयिक प्रहसनले दर्शकहरूलाई हँसाएको थियो। कार्यक्रममा विभिन्न नृत्य पनि प्रस्तुत गरिएको थियो।

### भारतीय र नेपाली

# अभिनेत्री एउटै मञ्चमा




तस्बिरहरू : नवराज बाग्ले

नयाँ बानेश्वरस्थित एभरेस्ट होटलको ग्रान्ड बलरुममा सजाइएको स्टेजअगाडि दर्शकहरू व्यग्रतापूर्वक प्रतीक्षारत देखिन्थे। व्यापक स्टेजमा नमुना कलेज अफ फेसन टेक्नोलोजीको पाँचौं ब्याचका विद्यार्थी डिजाइनरहरू नायिका रेजिना उप्रेती, नवनायिका महिमा पोखरेल, पर्यटन सुन्दरीहरू कुन्छाङ मोक्तान र हेमा श्रेष्ठ तथा मोडलहरू कल्पना श्रेष्ठ, एलिजा गिरी र सरिता रिजाललाई सुन्दर पहिरनमा सजाउँदै थिए। मञ्चमा नायिका, मोडल एवं भिजे निशा अधिकारी आमन्त्रित प्रमुख अतिथिलाई आसन-ग्रहण गराउँदै थिइन्।

निशाले उक्त कार्यक्रमकी विशेष अतिथिको उद्घोषण गरेलगत्तै प्रेक्षालयको मुख्य द्वार हुँदै सितारा, स्टोन एवं सिक्वेन्स वर्क गरिएको हल्का पिंक ब्लु रंगको साडीमा सजिएकी हिन्दी टेलीसिरियल 'कहानी घर-घरकी' की पार्वती अर्थात् साक्षी दर्शकसामु देखा परिन् अनि दुई हात जोडी अभिवादन गर्दै उनी मञ्चमा पुगिन्। सम्राट बिजनेस कन्सर्नको निमन्त्रणामा रेडिको फेसन प्रा.लि.को फेसन एक्सेसरिजलाई नेपाली बजारमा सार्वजनिक गर्न काठमाडौं आएकी पार्वतीले उक्त कार्यक्रममा रेडिकोको टीका-बिन्दीलगायत टाटु ज्वेलरीहरू सार्वजनिक गरिन्।

मञ्चमा ग्लिटर बिन्दी लगाएर उनले आफू उक्त फेसन एक्सेसरिजको ब्रान्ड एम्बेसडर भएको दर्साइन्। पार्वतीले कार्यक्रमका प्रमुख अतिथि सभासद एवं डा. आरजु राणा देउवालाई रेडिको फेसनको उपहार पनि भेट गरिन। त्यसपश्चात् मञ्चमा नायिका रेजिना उप्रेतीलगायत अन्य मोडलहरू तथा पार्वतीले एकसाथ रेडिको फेसनका विभिन्न फेसन एक्सेसरिज डिस्प्ले गरेका थिए। ग्रुप अफ इभेन्ट इन्टरटेनर्स जीईईको व्यवस्थापनमा सम्पन्न उक्त कार्यक्रमलाई अझ रोमाञ्चक बनाउन सहभागी मोडल एवं नायिका रेजिना उप्रेतीले पनि क्याटवाक गरेकी थिइन्। सुन्दर इभिनिङ गाउन एवं आकर्षक साडीको प्रस्तुति कार्यक्रममा समावेश थिए।



## पार्वती आइन् नेपालमा

स्टार प्लसबाट प्रसारित लोकप्रिय धारावाहिक 'कहानी घर-घरकी' की चर्चित पात्र पार्वती अर्थात् साक्षी तनवर गत शुक्रबार नेपाल आएकी थिइन्। काठमाडौं आएको दुई घन्टापछि नै उनी होटल एभरेस्टमा पत्रकारहरूबीच देखा परिन्। आफू नेपालमा पनि पार्वतीकै नामबाट परिचित भएकोमा खुसी व्यक्त गर्दै उनले आफूलाई नेपाल आउने इच्छा सानैदेखि भएको र अवसर भने अहिले मात्र पाएको बताइन्। पहिलो भ्रमणको अनुभवसाट्दै उनले भनिन्– मलाई पशुपतिनाथको नगरी काठमाडौं अत्यन्त मन पऱ्यो। यहाँको भू-बनावट, प्राकृतिक सौन्दर्य साह्रै मन पऱ्यो। यहाँका बासिन्दाबाट पाएको मायाले आफन्तकहाँ आएजस्तो अनुभव भएको उनले बताइन्। त्यसो त साक्षीले आठ वर्षको अभिनययात्रामा आधा दर्जनभन्दा बढी सिरियलको अनुभव सँगालिसकेकी छिन् र पनि उनलाई 'कहानी घर-घरकी' को पार्वती चरित्रले ख्याति दिलाएको छ। उनले पत्रकार सम्मेलनको टेबलमा राखिएको नेमप्लेटमा उल्लेख गरिएको आफ्नो नाम देखाउँदै ठट्टा गरिन्, 'म पार्वतीका रूपमा यस रूपमा स्थापित भएँ कि यहाँ सबैको नेमप्लेटमा नाम र पद लेखिएको छ तर मेरो नेमप्लेटमा भने पहिले पार्वती र ब्राकेटमा साक्षी लेखिएको छ। साक्षीले आफू अविवाहित नै रहेको जानकारी पनि गराइन्। विवाह नगरे पनि मैले तीन जना बच्चा अडप्ट गरेकी छु। विवाह भाग्यको कुरा हो। विवाह परिवारको सल्लाहमा गर्छु- उनको कथन थियो।





# पोखरामा लोकप्रिय हुँदैछ बलिङ



● **शिव शर्मा**

पोखरा- खेलकै लागिभन्दा पनि सौखका रूपमा तन्नेरीहरू बलिङमा झुम्मिन थालेका छन् । चिप्लेढुङ्गास्थित क्रेजी बलिङमा बलिङ खेल्न तम्सिने युवायुवतीहरू बग्रेल्ती भेटिन्छन् । खेलसँगै रमाइलो र दिन कटाउन बलिङको आकर्षण बढेको छ । सौखिन युवाहरू घण्टौं बलिङमा रमाइरहेका हुन्छन् । २० दिनअघि मात्र बिदामा घर आएका बिट्रिस लाहुरे निकेश गुरुङले आफ्नो बिदाको अधिकांश समय बलिङ खेलेर बिताए ।

आफ्ना लाहुरे साथीहरूसँग हूल बाँधेर बलिङमा रमिरहेका गुरुङले बिदामा आउँदा यसरी नै बलिङ खेल्ने गरेको बताए । गुरुङले भने- बलिङको मज्जा बेग्लै छ । यो खेल नियमित रूपमा खेलियो भने शारीरिक र मानसिक फाइदा हुने खेलाडीहरू बताउँछन् । पाँच वर्षदेखि बलिङ खेलको प्रशिक्षक दिइरहेका विजय लम्साल युवायुवतीहरूले बलिङलाई सौखका रूपमा लिने गरेको बताए । कसै-कसैले व्यावसायिक रूपमा समेत लिने गरेका छन् । लम्साल भन्छन्- 'यो खेल खेल्न उमेरको हद हुँदैन, बालकदेखि वृद्धसम्मले खेल्न सक्छन् ।'

बलिङमा युवतीहरू पनि त्यत्तिकै तानिएका छन् । तीन वर्षदेखि बलिङ खेल्दै आएकी अर्चलेबोटकी अन्जु लामा अहिले राम्रो खेलाडीमा दरिएकी छिन् । सौखका रूपमा खेल्दाखेल्दै अहिले त नसा नै भएको छ, लामाले भनिन्- 'अब हुने प्रतियोगिताहरूमा भाग लिने सोच बनाएकी छु ।' उनीसँगै अन्य युवतीहरू पनि बिस्तारै यो खेलतर्फ आकर्षित भैरहेका छन् ।

टीका गुरुङ, श्याम गुरुङ, रामनिवास यादव, जीवन कार्की, टीका पुन बलिङका व्यावसायिक खेलाडी हुन् । उनीहरूले यहाँ तीन पटक भएको बलिङ च्याम्पियनसिपमा भाग लिइसकेका छन् । टीका गुरुङ २००७ मा मकाउमा भएको एसियन कपमा भाग लिने अवसरसमेत पाएका थिए । तीन वर्षदेखि व्यावसायिक रूपमा बलिङ खेल्दै आएका टीका गुरुङले खेलकुद विकास समितिले यो खेललाई समेट्न नसकेको गुनासो गर्दै भने- 'अन्तर्राष्ट्रिय क्षेत्रमा लोकप्रिय यो खेललाई राष्ट्रिय खेलकुदमा सहभागी गराइएन ।' गुरुङले भने- 'टेनिसको कभर्ड हल बनाएजस्तै बलिङका लागि पनि छुट्टै व्यवस्था गरिनुपर्छ ।'

महँगो र धनीहरूको खेलका रूपमा लिइए पनि एउटा गेमको ९९ रुपैयाँ मात्र लाग्छ । सात वर्षअघि शिशिर सुवेदीले यहाँ बलिङ भित्र्याएका हुन । इजिप्टबाट सुरु भएको यो खेल नेपाल भित्रिएको पनि एक दशक भैसकेको छ । ७० लाख खर्च गरेर अमेरिकाबाट पोखरा भित्र्याइएको बलिङ यतिबेला खेलप्रेमीहरूको रोजाइ बनेको छ । अन्य खेलले जस्तो व्यावसायिक रूप नलिए पनि सौखका रूपमा यो खेल खेल्नेहरू थुप्रै छन् ।

बलिङमा विशेष खालको बलले पिनलाई ढालिन्छ । हातले हानेर खेलिने यो खेलमा बल गह्रौं र हल्का दुवै प्रकारका हुन्छन् । युवाहरू ८, ९ र १० र पाकाहरूले १६ पाउन्डसम्मको बल हान्न सक्छन् । ६ देखि १८ पाउन्डसम्मको एउटा बललाई ४ देखि ७ हजारसम्म पर्छ । बलिङमा दुईवटा लेन हुन्छन् । अगाडिबाट हानेको बलले पछाडि रहेको १० वटा पिनलाई ढाल्नुपर्छ । एकै पटकमा सबै पिन ढल्यो भने स्ट्राइक हुन्छ । पोखरामा हाई स्कोर गर्ने बलिङ खेलाडी विजय लम्साल र रामनिवास यादव हुन् । उनीहरूले २ सय ७९ स्कोरसम्म गरेका छन् ।

## ५ प्रश्न

**जुमानु राई**

नेपाली फुटबलका लागि परिचित नाम हो। २०६३ देखि व्यावसायिक फुटबलमा होमिएका राईले राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभव सँगालेका छन्। सर्लाहीमा जन्मी हुर्किएका जुमानु नेपाल पुलिस क्लबसँग आबद्ध छन्। राई राष्ट्रिय टिमका स्ट्राइकर पनि हुन्।



तस्बिर : नेपाल स्पोर्ट्स फोटो डट कम

**मैदान प्रवेशपछिको सबैभन्दा रोमाञ्चक क्षण ?**
गोल गरिसकेपछिको क्षण सबैभन्दा रोमाञ्चक लाग्छ ।

**मैदानमा आफ्नी प्रेमिकाको सम्झना आए ?**
आउँदैन, खेल्नका लागि मैदानमा पसेपछि केवल आफ्नो खेलका बारेमा मात्र सोचिन्छ । प्रेमिकाको सम्झना आउँदैन ।

**राष्ट्रिय टिमबाट हालसम्म कति गोल गर्नुभो ?**
७ गोल

**सफल फुटबलरका लागि के आवश्यक हुन्छ ?**
डिसिप्लेन, राम्रो फिनिसिङ गर्न सक्ने क्षमता र पावर स्पिड ।

**तपाईंको कमजोरी ?**
गोललाई राम्रोसँग फिनिस गर्न सक्दिनँ, यसमा मैले आफ्नो दक्षता बढाउनुपर्छ ।

● मैदान बाहिर ●


# विवाह-बन्धनमा दुई खेलाडी

समकालीन व्यावसायिक फुटबलरहरूमध्ये सर्वाधिक अग्ला खेलाडी पिटर क्रोच हालै वैवाहिक बन्धनको पहिलो चरणमा प्रवेश गरेका छन् । इङ्ल्यान्डको राष्ट्रिय टिमका महत्त्वपूर्ण खेलाडी क्रोचले विगत चार वर्षदेखि डेटिङ गैरहेकी युवती एब्बी क्लेन्सीसँग स्वयंवर गरेका हुन् । एब्बी पेसाले मोडल मात्र नभएर इङ्ल्यान्डको सौसी क्षेत्रकी सुन्दरीसमेत भएकी हुन् । ६ फिट ७ इन्च अग्ला क्रोचले घुडा टेकेर विवाहको प्रस्ताव राखेर एब्बीलाई मोहित गर्ने प्रयास गरेका थिए । क्रोचको यस्तो प्रस्ताव अकस्मात् आएपछि एब्बीले खुसीको आँसु झार्दै क्रोचलाई अँगालो मारेको कुरा बेलायतबाट प्रकाशित हुने द सन् पत्रिकाले जनाएको छ । क्रोच भन्छन्– 'यस्तो क्षण जीवनमा कहिल्यै दोहोरिँदैन । मैले त्यसलाई यादगार बनाउने प्रयास गरेको थिएँ र मैले एब्बीको राम्रो साथ पाएँ । यो क्षण अब हामीलाई सदासदाका लागि स्मरणीय हुनेछ ।' भविष्यका यी दम्पतीले धूमधामका साथ विवाह गर्ने जनाएका छन्, तर कहिले भन्ने कुरा भने बताएका छैनन् ।



यसबीच ब्राजिलियन फुटबलर एलेक्ज्यान्डर पाटोले आफ्नै देशकी नायिका स्टेफ्यानी ब्रिटोसँग विवाह गरेका छन् । एसी मिलानका १९ वर्षीय स्टाइकर पाटोले रियोको एक होटलमा काका, काफुलगायत करिब ५ सय पाहुनाबीच विवाह सम्पन्न गरेका थिए ।

# ओलम्पियनको यौन व्यापार





सन् २०१२ मा लन्डनमा हुने ओलम्पिक प्रतियोगितालाई लिएर विभिन्न देशका खेलाडीहरूले आफूले कसरी सहभागिता जनाउने, पछिल्लो संस्करणमा सफलताको नजिक पुगेर पनि पदक पाउनबाट वञ्चित भएकाहरू कसरी यसपटक सफलता पाउने जस्ता रणनीति बनाइरहेका छन् । यसै क्रममा न्युजिल्यान्डका एक तेक्वान्दो खेलाडीले लन्डन ओलम्पिकको तयारी गर्न पैसाको अभाव भएपछि वेश्यालय सञ्चालन गरेका छन् । बेइजिङ ओलम्पिकमा ताइवानका खेलाडी सुन् यो चीद्वारा पराजित भएपछि २३ वर्षीय लोगन क्याम्पबेलको सपना चकनाचूर भएको थियो । लोगनलाई अझ बढी मेहनत गर्न सके यसपटक पदक जितिन्छ कि भन्ने आशा छ । तेक्वान्दोको प्रशिक्षण गर्न, खानपिनलगायत अन्य काममा खर्च बढ्दै गएको र परिवार पनि आर्थिक सहयोग पाउन कठिन भएपछि लोगनले पैसाको जोहो गर्न वेश्यालयन सञ्चालन गर्ने मनस्थिति बनाएका हुन् । एक मित्रलाई साझेदार बनाएर उनले १४ कोठाको वेश्यालयलाई जेन्टलम्यान क्लब नामकरण गरेका छन् । न्युजिल्यान्डले यौन व्यापारमा केही वर्षदेखि लचिलो नीति ल्याएका कारण लोगनलाई यो व्यापार गर्न सजिलो भएको हो । उनको तर्क छ, गत बेइजिङ ओलम्पिकमा मेरो खर्च डेढ लाख न्युजिल्यान्ड डलर भयो, जुन अब ३ लाखको हाराहारीमा पुग्नेछ । यो पैसाका लागि मैले यो व्यवसाय सञ्चालनमा ल्याएको हुँ । यसमा म पूर्णकालीन कामदारका रूपमा काम गर्छु, जसले मेरो प्रशिक्षणमा लाग्ने खर्चको जोहो गर्नेछ । न्युजिल्यान्डको ओलम्पिक खेलाडी छनौट समितिले लोगनको यो कार्यका सम्बन्धमा छनौट चरणमा मात्र प्रतिक्रिया दिने बताएको छ ।


साप्ताहिक Classified Advertisement

**रोजगार**

साधारण महिला/ पुरुषहरुको आवश्यकता ९०००, ९८०३४२१५२६, ६६३५४०१

राम्रो कमाई गर्न ९८०३६०४७३७, ९८४१०३५०११

**उपचार**

स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाईट गर्न स्वेतप्रदरबाट मुक्त तथा यौन सन्तुष्टीको बिकास गर्न ४२७६०६८, ९८४९०५११६१

निसन्तान, मधुमेह, स्वेतप्रदर गुप्ताङ्गको सफल उपचार अन्तर्राष्ट्रिय अनुभवी डाक्टर Direct appointment: 9721417717

थाहै नदिई जाँडरक्सी, चुरोटको कुलत छुटाउन ९८०३५०२२५९

सिघ्रस्खलन उत्तेजना नहुने लिङ्गको लम्बाई मोटाई बढाउन साथै यौन क्षमतामा अभिबृद्धि गर्न ४२७६०६८, ९८४१९८१९७६

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।



# संगीना संन्यास र सफलता

● राजु घिसिङ

काठमाडौं- छनौट चरण पार गरेर ओलम्पिक खेल्ने पहिलो नेपाली खेलाडी संगीना वैद्यले १८ वर्ष लामो खेलजीवनबाट औपचारिक रूपमा संन्यासको घोषणा गरेकी छिन्। तीन वर्षअघि कोलम्बोमा दक्षिण एसियाली गेम्स (साग) खेलेयता एरेनामा अनुपस्थित ३४ वर्षीया तेक्वान्दो खेलाडी अब कुनै पनि स्तरका प्रतिस्पर्धामा देखिनेछैनन्।

'म एकदमै भावुक भएकी छु', संन्यास घोषणा गर्दै उनले भनिन्, 'म आफूले झन्डै दुई दशक बिताएको खेलमा आफ्नो भूमिका परिवर्तनको औपचारिक घोषणा गर्न गैरहेकी छु। खेलजीवनसँगै त्यसको अन्त्य निश्चित छ। खेलाडीका रूपमा संन्यास लिए पनि जीवन रहेसम्म तेक्वान्दोबाट टाढिन नसक्ने वाचा गर्न चाहन्छु। प्रशिक्षक, रेफ्री वा पदाधिकारी कुनै न कुनै रूपमा सधैं नेपाली तेक्वान्दोको सेवामा लागिरहने प्रण गर्छु।' संन्यासी घोषणासँगै उनका आँखा बिदाइको अश्रुले रसाएका देखिन्थे।

'म जहाँ छु, त्यो तेक्वान्दोकै कारण सम्भव भएको हो', उनले आफ्नो करियरका बारेमा भनिन्, 'त्यसबाट म सन्तुष्ट छु। मैले केही दुःखद् क्षण पनि आत्मसात् गरें भने धेरै सफलता पनि चुमें।' आफ्नो सफलतामा उनले परिवार, प्रशिक्षक, खेलप्रेमी र सहकर्मी साथीहरूको मुख्य भूमिका रहेको बताइन्, 'खेलमा लागे बिग्रिन्छ भन्ने मानसिकता व्याप्त समाजमा बुबा-आमाले मलाई सधैं उत्साह दिनुभयो। मभित्र रहेको क्षमता उजागर गर्न गुरुवर्गले प्रेरणा र प्रशिक्षण दिई सफलताको सूत्र कोरिदिनुभयो। आरोह-अवरोहमा लाखौं नेपाली समर्थक सधैं मेरा लागि प्रेरणाको स्रोत रहे।' तीन वर्षयता कम सक्रिय संगीनाले विवाहको मुड बनाइसकेकी छिन्। 'विवाह गर्ने सोच छ', उनले हाँस्दै भनिन्, 'तत्काल होइन, बिस्तारै गरौंला।'

**दुर्घटना बाधक**

बैंकक एसियाड-१९९८ को मुखैमा भएको मोटरसाइकल दुर्घटना आफ्नो करियरमा बाधकका रूपमा रहेको उनले बताइन्। 'एसियाडको पूर्वसन्ध्यामा एसियन च्याम्पियनसिपमा स्वर्णपदक जितेकी थिएँ। विश्व तेक्वान्दो च्याम्पियनसिपमा क्वाटरफाइनल पुगेकी थिएँ। बैंकक एसियाडमा स्वर्ण जित्ने तयारीमा थिएँ। दुर्घटनामा परेपछि मेरो खुट्टा फ्याक्चर भयो र एसियाडताका अस्पतालको बेडमा बस्नुपर्‍यो। त्यो मेरो जीवनको सबैभन्दा कठिन र दुःखद् समय रह्यो।'

दुर्घटनापछि हरेक कुरा आधारभूत तहबाटै सिक्नुपर्दा निकै गाह्रो भएको उनले बताइन्। 'दुर्घटनापछि आफ्नै खेलप्रति विश्वस्त हुन सकिनँ', त्रिशूली कोलोनी, नुवाकोटमा जन्मिएकी संगीनाले भनिन्, 'पुरानो स्पिरिट पक्रिन सकिनँ। कोलम्बो सागमा पनि स्वास्थ्यको समस्याले नै हारें। फ्याक्चर भएको खुट्टा पूर्ण स्वस्थ हुन नसकेकाले नै आज मैले संन्यास लिनुपरेको हो। आउँदो साग खेल्ने चाहना अधुरै रह्यो।'

**सफलताको शृंखला**


सफलता चुमेका औंलामा गनिने थोरै नेपाली खेलाडीमध्ये संगीना पनि एक हुन्। उनले सानैदेखि एकपछि अर्को सफलताको सिंढी उक्लिन्। पाँच वर्षअघिको एथेन्स ओलम्पिकको छनौट चरण पार गर्नुलाई उनी आफ्नो खेलजीवनको सबैभन्दा महत्त्वपूर्ण सफलता मान्छिन्। उनीभन्दा अघि कुनै पनि नेपाली खेलाडीले ओलम्पिकको छनौट चरण पार गर्न सकेका थिएनन्। 'त्यो क्षण कुनै पनि नेपालीले पाएको ऐतिहासिक उपलब्धि थियो', उनले भनिन्, 'अस्ट्रेलियामा एसियन तेक्वान्दो चयाम्पियनसिपको स्वर्णपदक पनि बिर्सन सक्दिनँ।'

अस्वस्थ रहेकाले एथेन्स ओलम्पिकमा पदक जित्ने सपना अधुरै रहेको उनले बताइन्, 'स्वास्थ्यले साथ नदिएकाले नै मैले ओलम्पिकका लागि कोरियामा प्रशिक्षण पनि गर्न सकिनँ।' ५ फिट ३ इन्चकी संगीनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका ३० वटा प्रतियोगितामा सहभागिता जनाइन्। त्यसमा प्राप्त २० स्वर्णले नै उनको सफल खेलजीवनलाई पुष्टि गर्छ। सागमा उनले नेपाललाई २ स्वर्ण र १ कांस्य दिलाइन्।

आफ्नो तौल समूहमा उनले नेपालमा कमै हार बेहोरिन्। निरन्तर चार पटक राष्ट्रिय तेक्वान्दोमा स्वर्ण जितिन्। दुई पटक वर्ल्ड तेक्वान्दो च्याम्पियनसिपको क्वाटरफाइनलसम्म पुगिन्। सहभागी २० मध्ये १० अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्णपदक चुमिन्। सन् १९९२ मा भारतको असम इन्टरनेसनल तेक्वान्दो च्याम्पियनसिपमा स्वर्ण जितेर उनले अन्तर्राष्ट्रिय करियरको सुरुआत गरेकी थिइन्। उनले अब्बल खेलाडीले खेल्नुपर्ने सबै स्तरका प्रतियोगिता खेल्ने मौका चुकाइनन्।

**अब कार चढ्ने**

सधैं उनलाई थाई कट हेयर र ट्र्याक-सुटमा मोटरसाइकलमा कुनै पुरुषजस्तै बेतोडले हुइँकिरहेकी भेटिन्थ्यो। संन्यासको सँघारसम्म उनको प्रिय सवारी मोटरसाइकल नै रह्यो। काठमाडौंको धूवाँ-धूलो छल्दै अब उनी कार चढ्ने भएकी छिन्। संन्यास घोषणकै दिन उनलाई वैद्य अर्गनाइजेसनले करिब ३० लाख रुपैयाँ मूल्यको टोयोटा यारिस कार उपहार दिएको छ। राष्ट्रिय खेलकुद परिषद्की वरिष्ठ प्रशिक्षकका रूपमा कार्यरत संगीनाले खेलजीवनको सुरुदेखि नै सफलतासँगै सरकारी एवं निजी स्तरबाट निरन्तर सम्मान पाइरहेकी छिन्।



तस्बिर : नेपाल स्पोर्टस फोटो डट कम



# रहस्य खुल्यो जीवनको

● कृष्ण भट्टराई


काठमाडौं– इन्टरनेटको सामाजिक सञ्जाल विस्तार गर्ने एउटा वेबसाइटले चलचित्र नायक जीवन लुइँटेलको अत्यन्त व्यक्तिगत कुरा सार्वजनिक गरिदिएको छ। साप्ताहिक संवाददाताको 'फेसबुक' प्रोफाइलमा नायक लुइँटेल फेला परेपछि उनको नितान्त व्यक्तिगत कुरा सार्वजनिक भएको हो।

'सानो संसार', 'नसिब आफ्नो', 'दीपशिखा', 'मेरो एउटा साथी छ' आदि चलचित्रका यी चकलेटी नायकलाई फेसबुकको उनको प्रोफाइलमा एउटी युवतीसँग देखियो। आधा दर्जनभन्दा बढी तस्बिरमा उनी ती युवतीसँग अत्यन्त आत्मीयताका साथ बसेका छन्। नेपालबाहिरको कुनै पर्यटकीय सहरमा खिचिएको उक्त तस्बिरमा नायक लुइँटेलले ती युवतीलाई अँगालो मात्र हालेका छैनन्, कुनै-कुनै तस्बिरमा त चुम्बन पनि गरेका छन्।

फेसबुकमा सुन्दर तस्बिर देखेपछि साप्ताहिकले लुइँटेलसँग तस्बिरमा देखिएकी युवतीका बारेमा जिज्ञासा राख्यो। सुरुमा त उनले आनाकानी गरे तर पछि भने- 'उनी मेरी जीवन संगिनी हुन्।' जीवनले आफू विवाहित भएको जानकारी आफ्नै सहकर्मी तथा साथीहरूलाई पनि दिएका थिएनन्। 'कसैले सोध्नु नै भएन,' जीवन भन्छन्– 'मैले विवाह गरें भन्दै हिंड्ने कुरा पनि भएन!'

जीवनका अनुसार २०६४ सालको वैशाखमै उनले कलंकी, काठमाडौंकी स्थायी बासिन्दा अञ्जली शर्मालाई दुलही बनाइसकेका रहेछन्। 'हाम्रो प्रेमविवाह हो, दुईवटा म्यारिज एनिभर्सरी मनाइसकेका नायक लुइँटेलले थपे– 'परिवारको स्वीकृतिमा हामीले काठमाडौंमै विवाह गरेका हौं।' जीवन विराटनगरका स्थायी बासिन्दा हुन्। सन् २००२ मा मिस्टर नेपालको उपाधि जितेपछि उनी ग्ल्यामरको संसारमा प्रवेश गरेका हुन्। उनले रोजेकी जीवनसंगिनी अञ्जलीको भने यो क्षेत्रसँग कुनै सम्बन्ध छैन। 'उनी ट्राभल एन्ड टुरिज्म' की विद्यार्थी हुन्, जीवनका अनुसार एउटा कार्यक्रममा क्रममा चिनजान भएपछि उनीहरू नजिकिएका थिए। 'भेटघाट बढ्दै गएपछि हामीबीच प्रेम भएको अनुभव भयो, जीवनले तीन वर्षअघिको घटनाक्रम सम्फिए– 'दुवैले एक-अर्कालाई मन पराउने कुरा थाहा पाएपछि परिवारका सदस्यलाई हाम्रो निर्णय सुनायौं। उहाँहरूले हाम्रो विवाह गरिदिनुभयो।'

फेसबुकमा सार्वजनिक भएको तस्बिरचाहिँ उनीहरूले हनिमुनका लागि बैंकक जाँदा खिचाएका हुन्। साप्ताहिकले तस्बिरका बारेमा जिज्ञासा राखेपछि अहिले फेसबुकबाट ती तस्बिर हटाएका छन्। ढिलै भए पनि जीवन र अञ्जलीलाई बधाई!




Study + Work Visa
Under New Rules UK
USA + H1B Visa, Australia, Canada & Others
High Visa Success Rate
Best Colleges of your choice
Best Documentation Guidance
Shaping Minds Group
Education Department
Putalisadak-2222605, 4233478

के तपाईं रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो उद्यमशीलता तालिम
नेपालको नं. 1 Study Center
World Wide Valid Certificate
Digital Video-Editing & Animation
फोटोग्राफी भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्याङ्की): Tel: 4483414
New Baneshwor Chock (Opp. New Baneshwor Dept. store): Tel: 4785226
Adwait Marg (Bagbazar): Tel: 4232866
Lagankhel (Bus Park): Tel: 5004018

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक, वेटर, बारमेन, क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि।
*५ तारे होटलमा कार्यरत अनुभवी प्रशिक्षक बाट तालिम दिइने।
*टाढाबाट आएका र बिदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था।
*Ex-practical को लागि होटलहरुमा पठाईने। सक्षम नभएमा पुन: कक्षा गराएर सक्षम बनाईने।
अन्तराष्ट्रिय पर्यटन विकास तथा होटल व्यावस्थापन तालिम प्रा.लि.
बालाजु चोक, काठमाडौं
फोन: 01-4384548

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र।
कुक १ १/२ महिना रु. २७००/-
कुक ३ महिना रु. ३७००/-
वेटर र बारमेन रु. १३००/-
१. 5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको।
२. थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराइने व्यवस्था छ।
३. स्ट्यान्डर्ड, क्वालिटीको लागि एकपटक आएर बुझ्नुहोला। अनिमात्र भर्ना गर्नुहोला।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

होटल तालिम
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
Manpower Training Center Pvt. Ltd.
PACIFIC
Jamal, Kathmandu
4232196

होटल तालिम
नवौं वर्ष प्रवेश विशेष छुट
कुक-4500 वेटर-1700
विशेष छुट श्रावण मसान्त सम्मको लागि मात्र लागु हुनेछ
*अंग्रेजी नजान्नेलाई नेपालीमा सिकाईने
*थेउरी भन्दा प्राक्टिकल धेरै गराइने
अपझ्र्ट विदेश जानुपरेमा स्पेशल तालिम
आगमन होटल ट्रेनिङ्ग
सामाखुसी, सरकारीधारा, रेडन कलेज सँगै 4352846

ग्लोवलको तालिम 5★ मा
*Hotel Mgmt. Basic/Adv.
*F&B Mgmt. Basic/Adv
*Bartender Mgmt. Basic/adv
*Culinary Arts Mgmt. (Cook) Basic/Adv
*F & B Service Mgmt (Waiter) Basic/Adv
*Bakery Pastery Mgmt. / Ice / veg carving
*Front Office/House Keeping Mgmt.
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎4484098,2134544

होटल तालीम
छुटमा (%)
*Cook *Waiter *Bakery
*Housekeeping *Front Office
*Bartender *Coffee making *Hotel Mgmt
*F & B Mgmt *Airlines Ticketing
*Tour & Travel Mgmt *Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुबिधानगर, पो.ब.नं. ८०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया तथा रामेश्वर थापा, सम्पादक : सुवास ढकाल।